वर्ष २० | अंक १६६ | काठमाडौं | आइतबार, १० चैत २०८१ | Sunday, 23 March 2025 | पृष्ठ ८ | मूल्य रू. १०

ISSN No. 2822-1702

@abhiyannationaldaily
@aarthik_abhiyan

ग्राहक प्रति

www.abhiyandaily.com

आर्थिक अभियान

हरेक दृष्टि, आर्थिक कोण

राष्ट्रिय दैनिक

ओमोडा एन्ड जेइकोले मनायो नेपालमा पहिलो वार्षिकोत्सव २

'प्रोटोन ई.मास७' सार्वजनिक ३

आर्थिक वृद्धिमा बैंकिङ क्षेत्र ४

भारतबाट कोटाको गहुँ आउनुअघि नै पूरा भुक्तानी गर्नुपर्ने प्रावधान संशोधनको माग ८

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो भएमा कल गर्नु पर्दैन,

९८४७३४५६६०
९८५१०१९०३८
९८४१९५९२९८

भाइबरमा SMS मात्र गर्नुहोस्
हामी यताबाट कल गर्छौं ।

एमसीसी सहयोग

केही काम अघि बढाउन अमेरिकाको सहमति

हाल स्थगित सहयोग सुचारु होला ?

सकारात्मक सोचौं : अर्थसचिव

विजय दमासे
काठमाडौं

संयुक्त राज्य अमेरिकाले वैदेशिक सहायता सम्बन्धमा समीक्षा चलिरहेकै बेला एमसीसी नेपाल कम्प्याक्टअन्तर्गतका केही काम अघि बढाउन अनुमति प्रदान गरेको छ । अगाडि बढाउन अनुमति दिइएका कार्यहरूमा महत्त्वपूर्ण खरीद कार्यहरू र कार्यालय सञ्चालनसम्बन्धी आवश्यक कार्यहरू पर्छन् । एमसीए-नेपाल कामहरू पुनः थालनीका लागि व्यवस्थापन गरिरहेको छ भने पारदर्शिताप्रति प्रतिबद्ध रहेको छ ।

एमसीए-नेपाल

संयुक्त राज्य अमेरिकाले मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसीसी) अन्तर्गत सञ्चालित केही काम अघि बढाउन सहमति दिएको छ ।

गत फेब्रुअरीमा अमेरिकी सरकारले एमसीसीअन्तर्गत नेपालले पाएको अनुदानअन्तर्गतका भुक्तानी समीक्षाका लागि यो सहयोग कार्यक्रम ९० दिनका स्थगित गरिएको जानकारी नेपाल सरकारलाई दिएको थियो ।

यो स्थगनले नेपालले प्राप्त गरेको हालसम्मकै सर्वाधिक ठूलो वैदेशिक अनुदान सहयोगको भविष्यमाथि प्रश्न उठेको थियो । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको कार्यकारी आदेश (एक्जेक्युटिभ अर्डर) मार्फत यूएसएडसँगै एमसीसीको सहयोग पनि स्थगित भएको थियो ।

एममसीसीको सहयोगमा सञ्चालित परियोजना कार्यान्वयन गर्न स्थापित मिलेनियम च्यालेन्ज एकाउन्ट (एमसीए) नेपालले शुक्रवार आफ्नो वेबसाइटमा अमेरिकी सरकारले एमसीसी कम्प्याक्टअन्तर्गतका केही कार्य अघि बढाउन अनुमति दिएको जानकारी दिएको छ । 'अगाडि बढाउन अनुमति दिइएका कार्यहरूमा महत्त्वपूर्ण खरीद कार्यहरू र कार्यालय सञ्चालनसम्बन्धी आवश्यक कार्यहरू पर्छन् । एमसीए-नेपाल कामहरूको पुनः थालनीका लागि व्यवस्थापन गरिरहेको छ भने पारदर्शिताप्रति प्रतिबद्ध रहेको छ ।'

यद्यपि नेपालले अमेरिकाबाट कम्प्याक्टअन्तर्गत पाएको अनुदानको समीक्षाबाट 'निस्कने कुनै निश्चित परिणामप्रति संकेत नगर्ने' एमसीए नेपालले स्पष्ट पारेको छ । अमेरिकी सरकारले एसमसीसी सहयोग कार्यक्रमको समीक्षा सकिए/नसकिएको स्पष्ट पारिसकेको छैन ।

अमेरिकी सरकारको वैदेशिक सहायतासम्बन्धी समीक्षाबारे अद्यावधिक विवरणको प्रतीक्षा गरिरहेको एमसीए नेपालले बताएको छ । यसबीचमा आफूबाट हुनुपर्ने कामहरू भएको सुनिश्चित गर्न नेपाल सरकार र एमसीसीसँग निकटतापूर्वक समन्वय गरिरहेको उसले जानकारी दिएको छ ।

बिहीवार एमसीए नेपालले पूर्व-पश्चिम राजमार्गअन्तर्गतको धानखोला-लमही सडक खण्डको फुटपाथ सुधारको कामको सुपरिवेक्षण गर्न परामर्शदाता नियुक्तिका लागि बोलपत्र आह्वान गरेको छ । ३१५ किलोमीटर लामो उच्च भोल्टको विद्युत् प्रसारण लाइनका अतिरिक्त र सडकको अवस्था सुधार गर्ने परियोजनामा एमसीसीले सहयोग गर्ने तय भएको थियो ।

अमेरिकाले केही काम अघि बढाउन सहमति दिएसँगै सहयोग नरोकिने आशा अर्थ मन्त्रालयका अधिकारीहरूले गरेका छन् । 'सकारात्मक सोचौं,' अर्थसचिव घनश्याम उपाध्यायले आर्थिक अभियानलाई प्रतिक्रिया दिने क्रममा भने । अर्थ मन्त्रालयका अधिकारीहरू एमसीसी सहयोग पहिलेझैं निरन्तर हुने/नहुनेबारे अमेरिकाले कुनै जानकारी नदिएकाले सरकारले विकल्प सोच्ने वा नसोच्नेबारे कुनै निर्णय नगरेको बताउँछन् । '९० दिनको म्याद सकिन अब १ महीनाजति बाँकी रहेकाले नयाँ बजेट आउनुअघि अमेरिकी सहयोग आउने/नआउने स्पष्ट हुन्छ,' मन्त्रालयका एकअर्का अधिकारीले भने । 'त्यसपछि हामी आवश्यक निर्णय गर्नेछौं ।'

उनका अनुसार अमेरिकी सहयोग रोकिने हो भने नेपाल विद्युत् प्राधिकरणमार्फत प्रसारण लाइनको काम अघि बढाउन सकिनेछ । 'हाल ठेक्का लागिसकेको काम त अघि बढाउनुपर्ने हुन्छ,' उनले भने ।

यसअघि फेब्रुअरी २४ मा एमसीसीले नेपाललाई विद्युत् र सडक पूर्वाधारका लागि घोषणा गरिएको अनुदान अस्थायी रूपमा स्थगित गरेको नेपाल सरकारलाई जानकारी गराएको थियो । अर्थ मन्त्रालयले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले जनवरी २० मा जारी गरेको कार्यकारी आदेशअन्तर्गत ९० दिन वैदेशिक सहयोग रोक्का गर्ने निर्णयअन्तर्गत नेपाल कम्प्याक्टका लागि भुक्तानी रोकिएको जानकारी गराएको थियो ।

एमसीसीअन्तर्गत विद्युत् प्रसारण लाइन निर्माण र सडक स्तरोन्नतिका लागि नेपाललाई अमेरिकाले ५५ करोड अमेरिकी डलर अनुदान दिने प्रतिबद्धता व्यक्त गरेको थियो । ती परियोजनामा नेपाल सरकारले १९ करोड ७० लाख अमेरिकी डलर लगानी गर्ने निर्णय गरेको छ ।

सन् २०१७ मा नेपाल र अमेरिकाले हस्ताक्षर गरेको एमसीसी कम्प्याक्टलाई नेपालको प्रतिनिधिसभाले सन् २०२२ मा अनुमोदन गरेको थियो । सम्झौताको शर्तअनुसार परियोजना कार्यान्वयन शुरू भएको ५ वर्षभित्र एमसीसीअन्तर्गतका आयोजना सम्पन्न नभए त्यसअन्तर्गत प्रतिबद्धता जनाइएको बाँकी रकम आउन बन्द हुन्छ र बचेको सहायता रकम फिर्ता जान्छ । तसर्थ नेपाललाई यसअन्तर्गत रहेका आयोजनाहरू सन् २०२८ को अगस्तभित्र पूरा गर्नुपर्ने समयसीमा छ । एमसीसी कम्प्याक्टको परियोजना कार्यान्वयन भएपछि प्रसारण लाइन निर्माणका लागि गरिएको बोलपत्र आह्वानमा सबै बोलपत्रदाताले धेरै मूल्य कबोलेपछि ठेक्का नै रद्द गर्नुपरेको थियो ।

जम्मा ३१५ किलोमीटरमध्ये २ ९७ किलोमीटरका लागि नयाँ बोलपत्र केही महीनाअघि आह्वान गरिए पनि अमेरिकी सरकारको समीक्षाका लागि भनेर सहयोग ९० दिनका लागि स्थगित गर्ने निर्णयले समयमै काम सम्पन्न गराउन चुनौती थपेको छ । अमेरिकाले आफ्नो अर्को अन्तरराष्ट्रिय सहयोग निकाय-यूएसएडअन्तर्गत सञ्चालित ३४ परियोजनाअन्तर्गतको ४६ अर्ब रुपैयाँभन्दा बढी सहयोग पनि खारेज गरेको अमेरिकाका विभिन्न प्रकाशनले उल्लेख गरेका छन् ।

८४ कम्पनी आईपीओ स्वीकृति पर्खिंदै

धितोपत्र बोर्डद्वारा स्वीकृतिमा ढिलाइ

प्रजिता बुढाथोकी
काठमाडौं

समूह	कम्पनी संख्या	कुल कित्ता
होटेल तथा पर्यटन	७	३५,३६०,०००
जलविद्युत्	४४	१९३,८६१,१९१
लगानी	३	१५,६७३,५००
उत्पादन तथा प्रशोधन	१५	९०,६५५,६८४
लघुवित्त	१	८०,०००
लघुबीमा	३	६,७५०,०००
अन्य	११	३०,२८३,६५०
जम्मा	८४	३७२,६६४,०२५

स्रोत : नेपाल धितोपत्र बोर्ड

- **पाँच कम्पनीले मात्र आईपीओ अनुमति पाए**
- **अन्तिमपल्ट फागुन २ गते पियोर इनर्जीलाई आईपीओ अनुमति**
- **२०८० पुसमा प्रतिशेयर नेटवर्थ ९० रूपैयाँभन्दा बढी भएको कम्पनीलाई मात्र आईपीओ स्वीकृति दिन सार्वजनिक लेखा समितिको निर्देशन**
- **बोर्डद्वारा पछिल्लो वित्तीय अवस्थाको विवरण माग**
- **अधिकांश जलविद्युत् कम्पनीको प्रतिशेयर नेटवर्थ न्यून**

नेपाल धितोपत्र बोर्डमा प्रारम्भिक सार्वजनिक निष्कासन (आईपीओ) स्वीकृतिका लागि आवेदन दिने कम्पनीको संख्या बढ्दो छ । तर, बोर्डले स्वीकृति दिन ढिलाइ गरिरहेको छ ।

अहिले आईपीओ स्वीकृति कुरेर बसेका कम्पनीको संख्या ८४ पुगेको छ । बोर्डमा होटेल तथा पर्यटनतर्फका सात, जलविद्युत्तर्फका ४४, लगानीतर्फका तीन, उत्पादन तथा प्रशोधनतर्फका १५, लघुवित्ततर्फको एक, लघुबीमातर्फका तीन र अन्यतर्फका ११ कम्पनीको कुल ३७ करोड २६ लाख ६४ हजार २५ कित्ता आईपीओ पाइप लाइनमा छन् । बोर्डले १ महीनाअघि फागुन २ गते पियोर इनर्जीलाई आईपीओ अनुमति दिएको थियो । चालू आर्थिक वर्ष (आव) शुरू भएयता जम्मा पाँच कम्पनीले आईपीओ अनुमति पाएका छन् ।

त्यसपछि आईपीओका लागि कुनै पनि कम्पनीले स्वीकृति पाएका छैनन् । बोर्डले चालू आव शुरू भएयता आईपीओ स्वीकृति दिएका कम्पनीमध्ये पियोर इनर्जीले आम सर्वसाधारणका लागि शेयर जारी गर्न बाँकी छ, बाँकीले जारी गरिसकेका छन् ।

पियोर इनर्जीले फागुन २० गतेदेखि चैत ५ गतेसम्म आयोजना प्रभावित स्थानीय र वैदेशिक रोजगारीमा रहेका नेपालीलाई आईपीओ विक्री गरेको छ ।

प्रतिनिधिसभाअन्तर्गतको सार्वजनिक लेखा समितिले प्रतिशेयर नेटवर्थ ९० रुपैयाँभन्दा बढी भएका कम्पनीलाई मात्र आईपीओ प्रक्रियामा सहभागी गराउन नेपाल धितोपत्र बोर्डलाई निर्देशन दिएपछि आईपीओ अनुमतिमा सुस्ती आएको हो । कमजोर वित्तीय अवस्था भएका कम्पनीलाई सहजै आईपीओ अनुमति दिएको गुनासो आएसँगै सार्वजनिक लेखा समितिले २०८० पुस १२ गते यस्तो निर्देशन दिएको थियो । धितोपत्र बोर्डको अध्यक्ष नियुक्तिमा भएको ढिलाइले पनि यसमा प्रभाव पाऱ्यो ।

बोर्डका प्रवक्ता निरञ्जय घिमिरेले सार्वजनिक लेखा समितिको निर्देशनबमोजिम वास्तविक प्रतिशेयर नेटवर्थलाई ध्यानमा राखी काम गर्दा स्वीकृति प्रक्रिया ढिला हुन गएको बताए ।

आईपीओ पाइप लाइनमा गतवर्षदेखि नै रहेका कम्पनीहरूको पछिल्लो वास्तविक वित्तीय विवरण माग गरिएको र समयमै विवरण पेश नहुँदा स्वीकृति प्रक्रिया अघि बढाउन नसकिएको समेत उनले बताए । » बाँकी पृष्ठ ५ मा



विकसित देशमा चियाको उच्च मूल्य

किन भारतमै निर्भर छ नेपालको चिया बजार ?

प्रशान्त खड्का
काठमाडौं

अन्य देशमा निर्यात गर्दा मूल्य धेरै पाउने भए पनि नेपालको अधिकांश अर्थोडक्स चिया भारतमै निर्यात हुने गरेको छ । जसका कारण तेस्रो मुलकमा निर्यातबाट पाइने आर्थिक लाभ नेपालले उठाउन सकेको देखिँदैन ।

नेपाल राष्ट्र बैंकले शुक्रवार सार्वजनिक गरेको एक अध्ययन प्रतिवेदनअनुसार अर्ग्यानिक सर्टिफाइड चियामध्ये ६३ प्रतिशत भारत निर्यात हुने गरेको छ भने २२ प्रतिशत भारतबाहेक तेस्रो मुलुक र १५ दशमलव ४३ प्रतिशत स्वदेशमै खपत हुने गरेको छ । कोशी प्रदेशका २१ ओटा यस्ता उद्योगमा सर्वेक्षण गरी यो तथ्यांक निकालिएको राष्ट्र बैंकले बताएको छ । सोही प्रदेशमा अर्ग्यानिक अनसर्टिफाइड चिया उत्पादन गर्ने ६९ उद्योगको विश्लेषण गरी आन्तरिक र बाह्य बजार अंश पनि निकालिएको छ । तर, यस्तो चिया उत्पादनको ८९ प्रतिशत निर्यात हुने गरेको प्रतिवेदनमा उल्लेख गरे पनि भारत र अन्य देशमा कतिकति बजार छ स्पष्ट पारिएको छैन ।

कोशी प्रदेशमा अर्थोडक्स चियाले पुऱ्याएको योगदान सम्बन्धमा गरिएको यो अध्ययनले आर्थिक वर्ष (आव) २०७९/८० मा भएको विक्रीलाई आधार मानेको छ ।

भारतमा अत्यधिक निर्यात भए पनि त्यहाँ यस्तो चियाको मूल्य सबैभन्दा कम छ । अध्ययन प्रतिवेदनअनुसार यस्तो चियाको बजार मूल्य भारतमा प्रतिकिलो औसत ५८४ रुपैयाँ ८० पैसा छ, जबकि तेस्रो मुलुकमा औसत प्रतिकिलो १ हजार ४३२ रुपैयाँ १० पैसा मूल्य छ । नेपालमै पनि प्रतिकिलो औसत ९४१ रुपैयाँ ६० पैसा मूल्य छ ।

सबै खाले चियाको औसत हिसाब गर्दा र भारतमा प्रतिकेजी निर्यात मूल्य २८१ रुपैयाँ मात्रै छ । तर, रुसमा प्रतिकेजी निर्यात मूल्य ५३८ छ । त्यसैगरी नेदरल्यान्ड्समा प्रतिकेजी १ हजार ३९६, जर्मनीमा १ हजार ५४१ र अमेरिकामा १ हजार ८१ रुपैयाँ छ । तर पनि नेपाली चियाको बजार भारत केन्द्रित छ ।

उच्च मूल्य प्राप्त हुने तेस्रो देशमा निर्यात विविधीकरण गर्न सकेको देखिँदैन । अर्थोडक्स र सीटीसी दुवै चियाको बजार अंश हेर्दा पनि भारतले ९५ प्रतिशत हिस्सा ओगट्ने अध्ययनमा देखाइएको छ ।

यसो हुनुमा गुणस्तर प्रमाणीकरण र मार्केटिङ अभाव मुख्य कारण रहेको चिया व्यवसायी चिरन दाहाल बताउँछन् । उनका अनुसार नेपालले आफ्नो चियाको छुट्टै अन्तरराष्ट्रिय ब्रान्ड स्थापित गर्न नसक्दा भारतबाहेकका मुलुकमा निर्यातका लागि पहुँच बढाउनै सकेको छैन ।

» बाँकी पृष्ठ ५ मा

अर्गानिक सर्टिफाइड चियाको निर्यात बजार हिस्सा





विराटनगरमा कोमात्सुको एक्स्काभेटर सार्वजनिक

विराटनगर (अस) । हेभी इक्वीपमेन्ट निर्माण कम्पनी कोमात्सुको नयाँ मोडलको एक्स्काभेटर शुक्रवार मोरङको विराटनगरमा औपचारिक रूपमा सार्वजनिक गरिएको छ। नेपालका लागि कोमात्सु हेभी इक्वीपमेण्टको आधिकारिक विक्रेता कन्टिनेन्टल ट्रेडिङ इन्टरप्राइजेज प्रालि र राउत कन्स्ट्रक्सन सर्भिसेज प्रालिले स्याटेलाइट मोनिटरिङ प्रणालीसहितको पीसी२०५-१०एमजेरो मोडलको एक्स्काभेटर सार्वजनिक गरेका हुन् । सार्वजनिक गरिएको नयाँ मोडलको एक्स्काभेटर इन्धन खपतमा किफायती र उच्चतम कार्यक्षमताको भएको कम्पनीले दाबी गरेको छ।

कन्टिनेन्टल ट्रेडिङ इन्टरप्राइजेजका कार्यकारी निर्देशक टंकप्रसाद भट्टले यो एक्स्काभेटर बलियो, इन्धन कम खपत गर्ने र नेपालको जुनसुकै भूगोलका लागि सुहाउँदो रहेको बताए । कोमात्सु जापानी कम्पनी हो । कम्पनीले भारतसहित दक्षिण एसियाली मुलुकको निर्माण क्षेत्रको आवश्यकता पूरा गर्न चेन्नईमा एसेम्बलिङ प्लान्ट राखेको बताइएको छ।

सामसङको ग्यालेक्सी ए५६ फाइभजी प्रि-अर्डरको घोषणा



काठमाडौं (अस) । सामसङ नेपालले पहिलो पटक आफ्नो नयाँ ग्यालेक्सी ए५६ फाइभजी स्मार्टफोनको प्रि-अर्डर घोषणा गरेको छ । शुक्रवारदेखि शुरू भएको प्रि-अर्डर सोमवार वा मौज्दात रहुन्जेलसम्म रहने बताइएको छ । ग्यालेक्सी ए५६ फाइभजीले पहिलो पटक एआई अनुभव ल्याएको बताइएको छ। 'वन यूआई सेभेन'द्वारा सञ्चालित यस डिभाइसले सहज र शक्तिशाली एआई टुलहरू प्रदान गर्ने कम्पनीले जानकारी दिएको छ।

साथै यसको उच्चस्तरीय क्यामेरा प्रविधि, टिकाउपन र उन्नत सुरक्षा विशेषताले प्रयोगकर्तालाई सुरक्षित, भरपर्दो र रमाइलो मोबाइल अनुभव सुनिश्चित गर्ने बताइएको छ । सामसङ नेपालका निर्देशक प्रणयरत्न स्थापितले ग्यालेक्सी ए शृंखलामा सामेल भएको यो फोनले प्रयोगकर्तालाई सुरक्षित र भरपर्दो अनुभवका साथ रचनात्मकतामा नयाँ सम्भावना खुला गरेको बताए । रू. २ हजार तिरेर ए५६ फाइभजी प्रि-अर्डर गर्न सकिने यो फोनको मूल्य रू. ६५ हजार ९९९ र ७० हजार ९९९ तोकिएको बताइएको छ । साथै पुरानो फोन साटेर नयाँ ग्यालेक्सी ए५६ फाइभजी मा अपग्रेड गर्ने सुविधा पनि उपलब्ध रहेको बताइएको छ।

पूँजीबजार हाजिरीजवाफ प्रतियोगितामा वीरगञ्ज पब्लिक कलेज प्रथम

चितवन (अस) । चितवनमा जारी राष्ट्रिय स्तरको पूँजीबजार हाजिरीजवाफ प्रतियोगितामा वीरगञ्ज पब्लिक कलेज प्रथम भएको छ। कलेजले उपाधिसँगै नगद ५० हजार, ट्रफी र प्रमाणपत्र प्राप्त गरेको छ । त्यस्तै भरतपुरको वीरेन्द्र बहुमुखी क्याम्पस द्वितीय भएको छ। उसले ३० हजार नगद र प्रमाणपत्र प्राप्त गरेको छ। यस्तै ठाकुरराम बहुमुखी क्याम्पस तृतीय भएको छ । क्याम्पसले २० हजार नगदसहित प्रमाणपत्र प्राप्त गरेको छ। 'ग्लोबल मनी वीक' अन्तर्गत आयोजना गरिएको प्रतियोगितामा २५ कलेजसहित २७ टोलको सहभागिता थियो। कार्यक्रममा विद्यार्थीहरूलाई वित्तीय सचेतना तथा लगानी र पूँजी बजारका विषयमा प्रशिक्षण प्रदान गरिएको थियो।

धुलिखेल-खावा सडकखण्डको निर्माणमा अन्योल

काभ्रेपलाञ्चोक। अरनिको राजमार्गअन्तर्गत काभ्रेपलाञ्चोकस्थित धुलिखेल-खावा सडकखण्डको स्तरोन्नति कार्य अन्योलमा परेको छ। चार किलोमिटर सडक तोकिएको समयमा निर्माण सम्पन्न नभएको जनाउँदै सडक डिभिजन कार्यालय भक्तपुरले निर्माण कम्पनीसँगको ठेक्का रद्द गरेलगत्तै निर्माण व्यवसायीले उच्च अदालत पाटनमा मुद्दा हालेका थिए।

सम्झौताको समयसीमा सकिएको ११ महिनापछि कार्यालयले गत फागुन १५ गते स्तरोन्नतिको जिम्मा लिएको गौरी-पार्वती निर्माण सेवासँगको ठेक्का रद्द गरेको थियो। उक्त सडकखण्डको ठेक्का रद्द गरेपछि अदालत गएका व्यवसायीको मुद्दामा केही दिनअघि अदालतले निर्माण कम्पनीलाई कालोसूचीमा राख्ने, धरौटी रकम जफतलगायत 'कारबाही नगर्न तथा हालको जुन अवस्थामा रहेको छ, सोही अवस्थामा राख्न' अन्तरिम आदेश दिएपछि खण्डखण्डको काममा अन्योल भएको हो। जिल्ला सदरमुकाम धुलिखेलदेखि-खावासम्मको सडक विस्तारको काम उक्त कम्पनीले विसं २०७९ जेठ २० मा २२ महीना अर्थात् २०८० चैत १९ गतेभित्र बनाइसक्नुपर्ने गरी रू. २० करोड १९ लाख ४६ हजार पाँच सय एकमा ठेक्का लिएको थियो। ठेकेदार कम्पनीले निर्माणमा आलटाल गर्दै आएका कारण समयसीमा सकिएको ११ महीना बितिसक्दा पनि २५ प्रतिशत समेत निर्माणको काम सकेको थिएन। पछिल्लो वर्षदेखि उक्त सडकखण्डको निर्माणको काम ठप्प प्रायः नै थियो।

कार्यालयका प्रमुख डिजिनल सिनियर इञ्जिनियर सुमन योगेशले अदालतबाट अन्तरिम आदेश आए पनि पुनः ठेक्का प्रक्रियाको काम अघि बढिरहेको बताए। 'कानूनतः पुनः ठेक्का खोल्ने प्रक्रियामा अघि बढ्न मिल्छ, यसका लागि मन्त्रालयस्तरमा निर्णयको प्रक्रिया अघि बढिरहेको छ,' उनले भने। *रासस*

लुम्बिनीको ग्रामीण क्षेत्रमा गाईभैंसी दिनभरि चराएर घरतर्फ लैजाँदै किसान। *तस्वीर : सुनिल शर्मा/आर्थिक अभियान*

नारायणघाट-बुटवल सडक

पूर्व खण्डमा ४७ किलोमिटर कालोपत्र

नवलपुर। चार लेनमा विस्तार भइरहेको पूर्व-पश्चिम राजमार्गको नारायणघाट-बुटवल खण्डअन्तर्गत ६५ किलोमिटर पूर्व खण्डमा ४७ किलोमिटर कालोपत्र भएको छ । नारायणघाट बुटवल सडक आयोजना (पूर्व खण्ड) कार्यालयका अनुसार हालसम्म यो बाटोमा ५८ दशमलव सात प्रतिशत भौतिक प्रगति भएको छ । गैंडाकोटतर्फ १६ किलोमिटर कालोपत्र पूरा गरी देवचुली नगरपालिकामा धमाधम कालोपत्र भइरहेको छ । यो खण्डमा २२ ओटा साना पुल निर्माण भएका छन् ।

निर्माण पूरा भएका पुलमा लिंकरोड निर्माण पूरा नभएकाले

पुलबाट यातायातका साधन सञ्चालन हुन समय लाग्ने उक्त कार्यालयका सूचना अधिकारी शिव खनालले बताए। विनयी खोलाको पुल आगामी मनसुन अगाडि नै पूरा गर्ने लक्ष्यका साथ तीव्र गतिमा काम भइरहेको छ । केही हप्ता अगाडि अत्यधिक भारवहन गरेको ट्रकका कारण पुलमा क्षति भएपछि पथान्तरण गरेर सवारीसाधन सञ्चालन भएका छन् ।

सडक विस्तारको ठेक्का पाएको निर्माण कम्पनी चाइना स्टेट कन्स्ट्रक्सन इञ्जिनियरिङका सहव्यवस्थापक राकेश झाले ४२ ठाउँमा सडक विस्तार जारी रहेको बताए । 'हामीले सडक विस्तारसँगै पुल निर्माणमा जनशक्ति केन्द्रित गरेका छौं,' उनले भने, 'सडक कालोपत्र र पुल निर्माणसँगै कल्भर्ट, सब बेस, बेस, फिलिङ, ड्रेनेज, ग्याबीनलगायत ६५० भन्दा बढी कामदार परिचालन गरेर काम गरिरहेका छौं।' आगामी वैशाखभित्रमा दुम्कीबाससम्म कालोपत्र गरिसक्ने लक्ष्य छ। 'दाउन्नेमा पूर्वी खण्डमा पर्ने सबैभन्दा कठिन ठाउँको डाँडाको भित्तो कटान पूरा भएको छ,' उनले भने। *रासस*

रातोढुंगा सबस्टेशन सञ्चालन

म्याग्दी। म्याग्दीका तीनओटा स्थानीय तहमा विद्युत् आपूर्ति गर्न निर्माण भएको ३३-११ केभी क्षमताको रातोढुंगा सबस्टेशन सञ्चालन भएको छ । पर्वतको जलजला गाउँपालिका-४ मोहनचोकबाट म्याग्दीको मालिका गाउँपालिका-६ रातोढुंगा जोड्ने २२ किलोमिटर दूरीको प्रसारण लाइन र रातोढुंगामा निर्माण भएको सबस्टेशन सञ्चालनमा आएको हो।

२०८० माघमा गरिएको परीक्षण सफल भएको उक्त सबस्टेशनबाट शक्रवारदेखि नेपाल विद्युत् प्राधिकरणको म्याग्दी वितरण केन्द्रले विद्युत् आपूर्ति गर्न थालेको हो । केन्द्रका प्रमुख सत्यनारायण गामीले परीक्षणका

लागि सबस्टेशनबाट विद्युत् आपूर्ति गराउन थालिएको बताए।

'मिलनचोक सबस्टेशन नजिकै एउटा पोल गाड्न, तार तान्न र संरचना बनाउन बाँकी भएकाले अस्थायी रूपमा बेनीबाट ट्यापिङ गरेर रातोढुंगा सबस्टेशनमा लाइन जोडेर हाम्रो निगरानीमा परीक्षणका लागि विद्युत् आपूर्ति गरिएको छ,' उनले भने, 'अबको एक महीनाभित्र ठेकेदारले सबै संरचना बनाएर हस्तान्तरण गर्ने लिखित प्रतिबद्धता जनाएको छ।'

नेपाल विद्युत् प्राधिकरणमार्फत एटुजेड इन्जिनियरिङले सन् २०१६ मा रू. १६ करोडमा ठेक्का लिएको सबस्टेशन र प्रसारण लाइन सन् २०१८ को डिसेम्बरमा सक्ने लक्ष्य थियो। ठेकेदार कम्पनीका प्रतिनिधि पद्मसागर लुइँटेलले परीक्षण अवधिपछि प्राधिकरणलाई औपचारिक रूपमा सबस्टेशन हस्तान्तरण गरिने केन्द्रका प्रमुख गामीले बताए । सबस्टेशन सञ्चालनपछि म्याग्दीको पश्चिमी क्षेत्रमा पर्ने मंगला, मालिका र धवलागिरि गाउँपालिकामा केन्द्रीय प्रसारण लाइन विस्तार र विद्युत् आपूर्ति सहज हुने अपेक्षा गरिएको छ। *रासस*

ओमोडा एन्ड जेइकोले मनायो नेपालमा पहिलो वार्षिकोत्सव

काठमाडौं (अस)। एसपिजि अटोमोबाइल्स प्रालिले आफ्नो अटोमोटिभ ब्रान्ड ओमोडा एन्ड जेइकोको नेपालमा पहिलो वार्षिकोत्सव मनाएको छ । काठमाडौंमा बिहीवार आयोजित कार्यक्रममा शारडा ग्रुपका अध्यक्ष शिवरतन शारडा, शारडा ग्रुपका निर्देशक गौरव शारडा, शारडा ग्रुपका निर्देशक सन्दीपकुमार शारडा, एसपिजि अटोमोबाइल्सका जनरल म्यानेजर ज्ञानेन्द्रबहादुर चन्दलगायतको उपस्थिति थियो।

यो ब्राण्डले नेपालमा विद्युतीय एसयुभीको क्षेत्रमा लोकप्रियता कमाएको कम्पनीको भनाइ छ । समारोहमा शारडा ग्रुपका निर्देशक गौरव शारडाले ओमोडा एन्ड जेइकोले छोटो समयमै नेपाली ग्राहकको विश्वास जित्न सफल भएको बताए । साथै उनले कम्पनी गुणस्तरीय सेवा प्रदान गर्न प्रतिबद्ध रहेको पनि उल्लेख गरे।

वार्षिकोत्सवको अवसरमा, कम्पनीले नयाँ ग्राहकहरूका लागि विशेष अफर पनि घोषणा गरेको छ, जसअनुसार ओमोडा एन्ड जेइकोका गाडीहरू रू. ५५ लाख ९९ हजारबाट उपलब्ध हुने बताइएको छ । यस्तै, गाडीको १ वर्षको निःशुल्क बीमा, ७ किलोवाटको निःशुल्क चार्जर र रू. ५ लाख १५ हजारसम्मका विभिन्न लाभसमेत उपलब्ध हुने कम्पनीले जानकारी दिएको छ। साथै, ग्राहकले ब्याट्री र मोटरमा ८ वर्ष वा १ लाख ६० हजार किलोमिटरको वारेन्टी र १ वर्षको निःशुल्क सडक करको सुविधा पनि पाउनेछन् । सन् २०२४ को फेब्रुअरीमा नेपाली बजारमा प्रवेश गरेयता ओमोडा एन्ड जेइकोका ८०० भन्दा गाडी विक्री गरिसकेको कम्पनीले जानकारी दिएको छ।

हाल एसपिजि अटोमोबाइल्स ४३० किलोमिटर रेन्जको ओमोडा इ-फाइभ र ४०० किलोमिटर रेन्जको जेइको जे-सिक्स अफरोड एसयुभी विक्री गर्दै आएको छ। ओमोडा एन्ड जेइकोको देशभर १७ ओटा शोरूम र ३० भन्दा बढी चार्जिङ स्टेसनहरू सञ्चालनमा छन् ।

एसपिजि अटोमोबाइल्स प्राइभेट लिमिटेड ओमोडा एन्ड जेइको अटोमोबाइल्स लिमिटेडका लागि नेपालका आधिकारिक वितरक हो।

'फादर अफ भिलेज टुरिजम'को लोकार्पण

काठमाडौं (अस)। नेपालमा गाउँ पर्यटनको अवाधारणा अघि सार्ने डा. सुरेन्द्र प्रधानांगको आत्मकथा 'फादर अफ भिलेज टुरिजम' पुस्तकको शनिवार आयोजित एक कार्यक्रममा लोकार्पण गरिएको छ। कार्यक्रममा प्रमुख अतिथि पर्यटन उद्यमी कर्ण शाक्य, विशिष्ट अतिथिद्वय पूर्वअर्थमन्त्री एवं सचिव शंकर कोइराला र दीपेन्द्र पुरुष ढकाललगायतले पुस्तकको लोकार्पण गरेका हुन्।

पुस्तकमा प्रधानांगले गाउँ पर्यटनको अवधारणा कसरी जन्मियो, यसलाई सरकारले कसरी उपेक्षा गऱ्यो र अहिले कसरी फरक तरीकाले कार्यान्वयनमा ल्याएको छ भन्ने कुरा पुस्तकमा उल्लेख गरेका छन्। नेपालमा गाउँ पर्यटन किन आवश्यक छ भन्ने सोच आफूमा कसरी आयो भनी उनले त्यसको घटनासमेत पुस्तकमा उल्लेख गरेका छन्। पर्यटन उद्यमी शाक्यले पुस्तक गाउँ पर्यटन बुझ्न सहयोगी हुने बताए। कार्यक्रममा पुस्तकको समीक्षा गर्दै मित्र कुञ्जकी अध्यक्ष सुष्मा खत्री रन्जितले प्रधानांगको सकारात्मक सोच र उनले गाउँ पर्यटनको अवधारणा ल्याउन गरेको संघर्षका खुड्किलाहरूको वर्णन पुस्तकमा गरिएको बताइन्।

हिमाली परिस्थितिक प्रणाली जोगाउन हिमनदीको संरक्षण गर्न विज्ञको सुझाव

एकीकृत पर्वतीय विकासका लागि अन्तरराष्ट्रिय केन्द्र (इसिमोड)का वरिष्ठ सल्लाहकार डा. अरूणभक्त श्रेष्ठले पृथ्वीको तापक्रम एक दशमलव पाँच डिग्री सेल्सियसदेखि दुई डिग्री सेल्सियस मात्र बढ्दा पनि हिन्दकुश हिमालय क्षेत्रको हिउँ २५ देखि ३० प्रतिशत पग्लने बताए।

काठमाडौं । हिमाल क्षेत्र वरपर बस्ने समुदायलाई जलवायु परिवर्तनका प्रतिकूल असरबाट बचाउन हिमनदी जोगाउन आवश्यक रहेको विज्ञहरूले सुझाएका छन् । विश्व पानी दिवसका अवसरमा स्मार्ट बास सोलुसन्सले काठमाडौंमा आयोजना गरेको कार्यक्रममा उनीहरूले यस्तो सुझाएका हुन् । कार्यक्रममा एकीकृत पर्वतीय विकासका लागि अन्तरराष्ट्रिय केन्द्र (इसिमोड)का वरिष्ठ सल्लाहकार डा. अरुणभक्त श्रेष्ठले पृथ्वीको तापक्रम एक दशमलव पाँच डिग्री सेल्सियसदेखि दुई डिग्री सेल्सियस मात्र बढ्दा पनि हिन्दकुश हिमालय क्षेत्रको हिउँ २५ देखि ३० प्रतिशत पग्लने बताए।

उनका अनुसार तापक्रम तीनदेखि चार डिग्री सेन्टिग्रेड बढेमा ५५ देखि ७५ प्रतिशत हिउँ नाश हुनेछ । यसले शुरूका वर्षमा हिमालबाट निसृत हुने नदीमा पानीको प्रवाह बढे पनि हिउँको आयतन घट्दै गएपछि पानीको प्रवाह कम हुन गई नदी प्रणालीमा आधारित प्राकृतिक परिस्थितिक प्रणाली नै प्रभावित हुने जोखिम बढ्न जानेछ।

जलवायुविज्ञ डा. श्रेष्ठले यस्तो प्रतिकूल अवस्थाबाट जोगिन विकासोन्मुख र विकसित मुलुकलाई कार्बनडाइअक्साइड उत्सर्जन कम गर्न बाध्य पार्ने नीति कार्यान्वयन गर्नुपर्ने,

नदी प्रणालीका सम्भाव्य स्थानमा बाँध वा जलाशय निर्माण गर्नुपर्ने, प्रकृतिमा आधारित समाधानमा जानुपर्ने बताए।

अर्का प्रस्तुतिकर्ता इञ्जिनियरिङ अध्ययन संस्थानका प्राध्यापक डा. भोला घिमिरेले नेपालका हिमनदी विश्वको ताजा पानीमा योगदान र जलवायु परिवर्तनका कारण वर्तमानमा उत्पन्न त्रासबारे प्रकाश पारेका थिए । उनले जलवायु परिवर्तनका कारण वर्षाको नियमित चक्र नै परिवर्तन हुन थालेको उल्लेख गर्दै भने, 'हामी कहाँ कहिले जेठमा बाढी पहिरो आउने गरी पानी परेको छ, कहिले असार साउन। यसपटक असोजमा नै वितण्डा मच्चियो।'

कार्यक्रममा पूर्वमन्त्री ई. गणेश साहले विश्वमा ताजा पानीको प्रतिव्यक्ति उपलब्धता घट्दै गएकाले पानीको व्यवस्थापन अति महत्त्वपूर्ण रहेको बताए। उनले नेपाल सङ्घीयतामा प्रवेश गरिसकेका सन्दर्भमा पानीको विषयले प्रदेश र स्थानीय तहमा द्वन्द्व उत्पन्न गर्नसक्ने भय रहेको पनि बताइ। सिँचाइ र जलविद्युत्का क्षेत्रमा यस्ता विवाद देखा परिसकेको र खानेपानीमा पनि आउन सक्ने उनको भनाइ थियो।

जल तथा ऊर्जा आयोगका सिनियर डिभिजनल इञ्जिनियर डा. कपिल ज्ञवालीले हिमालको तापक्रम बढ्ने दर अन्य क्षेत्रको भन्दा बढी (एक दशमलव आठदेखि दुई दशमलव दुई) भएकाले यो शताब्दीको अन्तिमसम्म हिमालयका ८० प्रतिशत हिउँ पग्लने जोखिम रहेको बताए। यसलाई दृष्टिगत गरेर विकास गतिविधि सञ्चालन गर्नुपर्ने, कार्बन उत्सर्जन कम हुने पद्धति अवलम्बन गर्नुपर्ने, जलवायु उत्थानशील निर्माण संहिता बनाएर लागू गर्नुपर्ने उनको भनाइ थियो।

कार्यक्रममा पर्यटन व्यवसायी आङछिरिङ शेर्पाले गत भदौमा सोलुखुम्बुको थामेमा आएको बाढीले पुऱ्याएको क्षतिबारे उल्लेख गरे । हिमालको हिउँ पग्लने दर बढ्दा हिमताल विष्फोट हुने जोखिम बढेको, हिमालबाट बग्ने नदीका आसपास बनेका विकास पूर्वाधार क्षतिग्रस्त हुन गएको, नदी र खोला आसपासका समुदायको धनजनको क्षति भएको उनले बताए।

यसअघि उद्घाटन कार्यक्रममा राष्ट्रियसभा उपाध्यक्ष विमला घिमिरेले हिमनदी संरक्षणले नेपालको नदी प्रणालीमा आधारित जनजीवन र जीविकोपार्जनलाई टेवा पुग्ने बताइन् । जलवायु परिवर्तनको असरले सबैभन्दा बढी प्रभावित मुलुक भएकाले नेपालको समस्या र चासोप्रति विश्वको ध्यानाकृष्ट गर्न सगरमाथा संवादको तयारी गरिएको उनको भनाइ छ। *रासस*

'बेस्ट ट्वेन्टी फाइभ भिसा स्पेन्डर क्याम्पियन'मा नबिलका पाँच भिसा कार्डवाहक छनोट

काठमाडौं (अस)। भिसा कार्ड इन्टरनेशनलको दशौं लक्षित 'बेस्ट ट्वेन्टी फाइभ भिसा स्पेन्डर क्याम्पियन'मा नबिल बैंकका पाँच जना भिसा कार्डवाहक परेका छन्। भिसा कार्डमार्फत सबैभन्दा बढी खर्च गर्ने कार्डवाहक शीर्ष २५ मा परेका हुन्। विजेतामध्ये एक जोडीले विदेश भ्रमणको दुईतर्फी टिकट प्राप्त गरेको भिसा कार्ड इन्टरनेशनलले जानकारी दिएको छ। बैंकले एक कार्यक्रमको आयोजना गरी पाँच विजेतालाई सम्मान तथा उपहार वितरण गरेको हो। कार्यक्रममा बैंकका कार्यवाहक प्रमुख कार्यकारी अधिकृत सुजितकुमार शाक्य, वरिष्ठ डेपुटी प्रमुख कार्यकारी अधिकृत मनोजकुमार ज्ञवाली, डेपुटी प्रमुख कार्यकारी अधिकृत भुपेन्द्र पाण्डे, रिटेल कारोबार प्रमुख निरज शर्मा, भिसा कार्ड प्रतिनिधि आशिष चक्रवर्ती लगायतको उपस्थिति थियो। बैंकले २४ लाखभन्दा बढी सेवाग्राहीलाई २६८ शाखा र ३२० एटिएममार्फत सेवा प्रदान गर्दै आएको छ। बैंकले ४० वर्ष देखि नेपाली बैंकिङ क्षेत्रमा नवीनतम सेवाको शुरुआत गर्दै महत्त्वपूर्ण भूमिका निर्वाह गरेको बताइएको छ। बैंकले आधुनिक बैंकिङ युगको क्षेत्रमा ग्राहकलाई गुणस्तरीय सेवा प्रदान गर्नेतर्फ आफ्नो व्यवसाय केन्द्रित गर्दै आएको बताइएको छ।

'अवैध भेप प्रकरणमा संलग्न छैनौं'

काठमाडौं (अस)। प्रतिनिधिसभाको बिहीवारको बैठकमा संसादद्वय गंगा कार्की र मनिष झाले व्यक्त गरेको धारणाप्रति भाटभटेनी सुपरमार्केटले ध्यानाकर्षण भएको बताएको छ। शुक्रवार एक विज्ञप्ति जारी गर्दै भाटभटेनीले संसदमा व्यक्त भएका धारणा तथ्यमा आधारित नभएको बताएको हो। सिन्धुपाल्चोकमा समातिएको ट्रकमा ल्याइएको 'अवैध भेप' भाटभटेनीको भनी सांसदहरूले व्यक्त गरेको धारणा सत्य नभएको कम्पनीद्वारा जारी विज्ञप्तिमा उल्लेख छ। 'तातोपानी भन्सारबाट शिल लगाएर पास गरिएको सामग्रीबाहेक चालक तथा सहचालकले गर्ने हरेक कमजोरीको जिम्मेवारी आयातकर्ताको जिम्मेवारीभित्र नपर्ने जानकारी गराउन चाहन्छौं,' विज्ञप्तिमा भनिएको छ, 'तातोपानीबाट शिल गरिएको कन्टेनरका चालकले आफू बस्ने सिटमुनी राखी ल्याएको अवैध भेपसहित चालकलाई प्रहरीले नियन्त्रणमा लिइसकेको हुनाले भाटभटेनीको भनी जनताका प्रतिनिधिले नै ठोकुवा गर्नु खेदजनक कार्य हो।' भाटभटेनीका बारेमा फैलाइएको कपोलकल्पित, भ्रामक सूचनाका पछि नलाग्न आग्रह गर्दै कम्पनीले पक्राउ परेका चालकलाई राज्यका निकायले निष्पक्ष ढंगले अनुसन्धान गरी सत्यतथ्य बाहिर ल्याउने अपेक्षा गरेको छ।

१३.९९ लाख डाउन पेमेन्टमै दिपलका ईभी

काठमाडौं (अस)। दिपल ईभीको आधिकारिक विक्रेता एमएडब्ल्यू वृद्धि अटोकर्पले आकर्षक न्यूनतम डाउन पेमेन्ट स्किम घोषणा गरेको छ। 'एसिलेरेट इन्टु द फ्युचर' नाम दिइएको यो स्किमले स्टाइलिस र टेक्नोलोजिकल्ली एड्भान्स्ड दिपल ईभी खरीद गर्ने प्रक्रियालाई निकै सहज बनाउने कम्पनीको दाबी छ। यो स्किमअन्तर्गत अब दिपलका ईभीहरू २० प्रतिशत डाउन पेमेन्टमा खरीद गर्न सकिने बताइएको छ। दिपलको प्रिमियम ईभी एल०७ खरीद गर्दा १३ लाख ९९ हजार रुपैयाँ, एस०७ खरीद गर्दा १४ लाख ९९ हजार रुपैयाँ र एस०७ एल खरीद गर्दा १६ लाख ९९ हजार रुपैयाँ मात्र डाउन पेमेन्ट गरे पुग्ने कम्पनीको भनाइ छ। ग्राहकले फ्लटिङ बेसिसमा ८ दशमलव ९९ प्रतिशत ब्याजदरमा सात वर्षको सवारी कर्जाको उपभोग गर्न पाउने बताइएको छ। यो स्किमलाई थप आकर्षक बनाउन एमएडब्ल्यू वृद्धिले ग्राहकलाई ७ किलोवाट तथा ३ किलोवाटको चार्जर, अटो प्लस इन्स्योरेन्स, रोड ट्याक्स र अन्य एसेसोरिज गरी २ लाख रुपैयाँसम्मको थप सुविधाको पनि व्यवस्था गरिएको बताइएको छ। यो अफर चैत ८ गतेदेखि १५ दिनका लागि लागू हुने बताइएको छ।

सानिमा रिलायन्सको आठौं वार्षिक साधारणसभा सम्पन्न

काठमाडौं (अस)। सानिमा रिलायन्स लाईफ इन्स्योरेन्स लिमिटेडको आठौं वार्षिक साधारणसभा शुक्रवार काठमाडौंमा सम्पन्न भएको छ। सभाले आर्थिक वर्ष (आव) २०८०/८१ को वार्षिक र वित्तीय प्रतिवेदन पारित गरेको छ। साथै सञ्चालक समितिले प्रस्ताव गरेको चुक्तापूँजीको ८ प्रतिशतका दरले हुने रकम रू. ३९ करोड ६२ लाख ४५ हजार २१८ बराबरको नगद लाभांश (बोनस शेयर तथा नगद लाभाशंमा लाग्ने करसहित) र १ दशमलव २४८९ प्रतिशत बोनस शेयर वितरणको प्रस्ताव पारित गरेको छ।

बोनस शेयर तथा नगद लाभांश वितरणपश्चात् जारी पूँजी तथा चुक्तापूँजी वृद्धि गरी रू. ५ अर्ब १ करोड ४९ लाख २४ हजार ५६ पुऱ्याउने र सोही बमोजिम कम्पनीको प्रबन्धपत्रमा संशोधन गर्ने प्रस्ताव सभाले पारित गरेको छ। कम्पनीका अध्यक्ष रतनलाल केडियाले कम्पनीको मूल्यमान्यता एवं अवलम्बन गरिएको कुशल व्यावसायिक नीति, संस्थागत सुशासनको सफल कार्यान्वयन र कम्पनीमा कार्यरत दक्ष जनशक्तिको कार्यदक्षताले सेवाग्राहीबीच आफ्नो पृथक् पहिचान स्थापित गर्न कम्पनी प्रतिबद्ध रहेको बताए।

कम्पनीका प्रमुख कार्यकारी अधिकृत शिवनाथ पाण्डेले कम्पनीले गुणस्तरीय तथा विश्वसनीय व्यवसायको सम्पूर्ण परिसूचकमा निरन्तर वृद्धि गर्दै आएको बताए। मर्जरमा आएका चुनौतीलाई धैर्यपूर्वक व्यवस्थापन गर्दै सबल, सक्षम कम्पनीको रूपमा सञ्चालन गरिँदै आएको उनको भनाइ छ।

ग्लोबल आइएमई बैंकका ग्राहकलाई लुम्बिनी मेडिकल कलेजमा छूट

काठमाडौं (अस)। ग्लोबल आइएमई बैंक लिमिटेड र लुम्बिनी मेडिकल कलेज एन्ड शिक्षण अस्पतालबीच बैंकका ग्राहकलाई अस्पतालका सेवामा २५ प्रतिशतसम्म छूट प्रदान गर्ने सम्झौता भएको छ। उक्त सम्झौतामा बैंकका लुम्बिनी प्रदेश प्रमुख शान्ता शिवाकोटी र अस्पतालका अध्यक्ष गोपालबहादुर पोखरेलले हस्ताक्षर गरेका छन्।

सम्झौताअनुसार अस्पतालले बैंकका डेबिट/क्रेडिट कार्ड एवं मोबाइल एप प्रयोगकर्तालाई अस्पतालको सेवा तथा औषधि उपचारमा लाग्ने शुल्कमा २५ प्रतिशतसम्म छूट प्रदान गर्ने भएको हो। अस्पतालले बैंकका ग्राहकलाई अस्पतालको सामान्य बेड, प्रयोगशाला परीक्षण, एक्स-रे, अल्ट्रासोनोग्राफी, ओपीडी, अपरेशन लगायतका सेवामा उक्त छूट दिने भएको हो। यस साझेदारीपश्चात् बैंकका ग्राहकले गुणस्तरीय स्वास्थ्य सेवा सुविधा उचित दरमा प्राप्त गर्ने र अस्पतालले स्वास्थ्य सेवा तथा सुविधा विस्तार गर्न यस सहकार्यले सहयोग पुग्ने अपेक्षा गरिएको छ।

'प्रोटोन ई.मास७' सार्वजनिक

काठमाडौं (अस)। विद्युतीय गाडी (ईभी) उत्पादक प्रोटोनले 'प्रोटोन ई.मास७' काठमाडौंमा सार्वजनिक गरेको छ। यो मोडेलले हरियो र स्मार्ट मोबिलिटीको नयाँ युगको प्रतिनिधित्व गरेको र जुन नेपालमा वातावरणमैत्री यातायात समाधानको बढ्दो माग पूरा गर्न तयार रहेको कम्पनीको भनाइ छ।

प्रोटोन ई.मास७ प्राइम र प्रिमियम गरी दुई भेरियन्टमा उपलब्ध रहेको बताइएको छ, जसको मूल्य रू. ५६ लाख ९९ हजारदेखि शुरू हुने बताइएको छ। या ईभी ६ ओटा रङमा उपलब्ध छ। ईभी सार्वजनिक कार्यक्रममा जगदम्बा मोटर्स प्रालिका कार्यकारी निर्देशक अखिल गुप्ताले नेपालमा प्रोटोन ई.मास७ सार्वजनिक गर्न पाउँदा उत्साहित भएको बताए। 'नेपाल दिगो यातायाततर्फ अघि बढिरहेको बेला हाम्रो लक्ष्य उच्च प्रदर्शनयुक्त र वातावरणमैत्री सवारी प्रदान गर्नु हो, जसले नेपाली मोटर चालकहरूको आशा र अपेक्षालाई पूरा गर्छ र सरकारको स्वच्छ ऊर्जा नीतिलाई सघाउँछ,' उनले भने।

नेपालमा विद्युतीय सवार ीसाधनको पूर्वाधार र सरकारबाट प्राप्त प्रोत्साहन विस्तार भइरहेकाले प्रोटोनले नेपालको हरित क्रान्तिमा आफ्नो योगदान दिन प्रतिबद्ध रहेको उनको भनाइ छ। नेपालका लागि प्रोटोनको स्थानीय वितरक जगदम्बा मोटर्सले आगामी आर्थिक वर्षमा नेपालभरि आफ्नो डिलरशिप संख्या विस्तार गर्ने र बलियो सेवा केन्द्र नेटवर्क स्थापना गर्ने योजना बनाएको बताइएको छ। साथै, प्रोटोनले नेपालमा विद्युतीय सवारीका लागि चार्जिङ स्टेशन पूर्वाधार विकासमा पनि लगानी गर्ने बताइएको छ।

तारागाउँ रिजेन्सी होटल्स (होटल हायात रिजेन्सी) लिमिटेडबाट जारी १५ दिने सार्वजनिक सूचना।

उपरोक्त सम्बन्धमा यस तारागाउँ रिजेन्सी होटल्स लि. कम्पनीमा रहेको क्यासिनो स्लट मेसिन प्रयोगमा आउन नसकी स्क्र्यापको रुपमा विक्री गर्नुपर्ने भएकोले उक्त स्क्र्याप सामानहरुको खरिद गर्न इच्छुक खरिदकर्ताहरुले यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र आफ्नो खरिद प्रस्ताव लिई तारागाउँ रिजेन्सी होटल्स (होटल हायात रिजेन्सी) लिमिटेडको बौद्ध, स्थित रजिष्ट्रड कार्यालमा सम्पर्क गर्नहुन अनुरोध गरिन्छ। साथै खरिद प्रस्ताव उपर अन्तिम निर्णय गर्ने अधिकार कम्पनीको रहने सिमेतको जानकारी गराउँदछौं।

विशेष प्रस्ताव थप गरिएको सूचना

(सुचना प्रकाशित मितिः २०८१/१२/१० गते)

यस सिद्धार्थ केवलकार लिमिटेडको आ.व. २०८१/०८२ को वार्षिक साधारण सभामा विशेष प्रस्ताव तर्फ तपसिल बमोजिमको प्रस्ताव थप गरिएको व्यहोरा सम्पूर्ण शेयरधनी महानुभावहरुमा जानकारी गराउँदछौं।

विशेष प्रस्तावहरु तर्फ थप गरिएको प्रस्तावः

प्रस्ताव नं. ८) कम्पनी ऐन २०६३ को दफा ९१(२) बमोजिमको सुविधा प्रदान गर्ने सम्बन्धमा।

द्रष्टव्यः

कम्पनीको यस साधारण सभा सम्बन्धि सुचना प्रकाशित गर्दा प्रथम पटक मिति फाल्गुन २३, २०८१ का दिन कारोबार राष्ट्रिय दैनिक पत्रिकामा र दोस्रो पटक सुचना प्रकाशित गर्दा मिति फाल्गुन २६, २०८१ गते का दिन अभियान राष्ट्रिय दैनिक पत्रिकामा गरिएको छ।

MANJUSHREE FINANCE LIMITED
मञ्जुश्री फाईनान्स लिमिटेड
(नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतपत्रप्राप्त संस्था)
प्रधान कार्यालय ओमकार भवन, नयाँ बानेश्वर-१०, काठमाण्डौं
फोन नं. ०१-४७९२५१७, ४७९३१८५-१२०
वेबसाइटः www.manjushreefinance.com
ईमेलः manjushree@manjushreefinance.com.np

शिलबन्दी वोलपत्र आव्हान सम्बन्धी १५ दिने सूचना

प्रकाशित मिति : २०८१/१२/१०

यस मञ्जुश्री फाईनान्स लि.को नाममा दर्ता कायम रहेका तपसिलमा उल्लेखित ३ थान सवारी साधन (मोटरसाइकल/स्कुटर) बिक्री गर्नुपर्ने भएकोले यस वित्तीय संस्थावाट खरिद गरेको बोलपत्र फारम रीत पुर्वक भरी १५ दिन भित्र रीत पूर्वकको गोप्य शिलबन्दी बोलपत्र पेश गर्न आव्हान गरिन्छ।

तपसिल

Branch Name	Vehicle No.	Model	Chasis No.	Engine No.
Main Branch	Pra 03 02 015 pa 1468	Honda Dio Scooter 2019	ME4JF39LCK8OO2OOO	JF39885005195
Main Branch	BA 86 PA 9600	Honda Shine Bike 2017	ME4JC734GH8005297	JC73E8101084
Dharan	KO 28 PA 9555	FZS V2 2017	ME1RG0721H0283513	G3C8ED425376

१. बोलपत्र फारम रु. २,०००/- (दुई हजार रुपैयाँ मात्र) मा पछि फिर्ता नहुने गरी मिति २०८१/१२/२४ गते १२ बजे भित्रमा यस वित्तीय संस्थाको मुख्य कार्यालय प्रशासन बिभागवाट खरीद गर्न सकिनेछ।
२. खरिद भएको बोलपत्र भरी मिति २०८१ चैत्र २४ गते कार्यालय समय भित्र यस वित्तिय संस्थाको मूख्य कार्यालय नयाँ बानेश्वर-१० स्थित कार्यालयमा शिलबन्दी गरी पेश गर्नुपर्नेछ। सो दिन सार्वजनिक बिदा परेमा उक्त शिलबन्दी बिदा पछि लगतै कार्यालय खुलेको दिन पेश गर्नु पर्नेछ।
३. प्राप्त भएका शिलबन्दी बोलपत्रहरु २०८१ चैत्र २५ गते दिनको ३ बजे शिलबन्दी बोलपत्रदाताहरु वा निजको प्रतिनिधीको रोहबरमा यस वित्तिय संस्थाको मुख्य कार्यालय नयाँ बानेश्वर-१० स्थित कार्यालयमा खोलिनेछ। सो दिन सार्वजनिक विदा परेमा उक्त बिदाको लगतै पछि कार्यालय खुलेको दिन दिनको ३ बजे शिलबन्दी बोलपत्रदाताहरु वा निजको प्रतिनिधीको रोहबरमा यस वित्तिय संस्थाको मुख्य कार्यालय नयाँ बानेश्वरमा खोलिनेछ। तर शिलबन्दी बोलपत्रदाताहरु वा निजको प्रतिनिधी उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।
४. वित्तीय संस्थाको आर्थिक प्रशासन विनियमावलीको अधिनमा रही परेका बोलपत्रहरु स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कम्पनीमा निहित रहनेछ।

सम्पर्क व्यक्ति : अनिल चौधरी, मो. नं. ९८४५७८८४२५

धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको १५ दिने सूचना

प्रकाशित मिति : २०८१/१२/१० गतेको आर्थिक अभियान राष्ट्रिय दैनिक

यस विकास बैंकको तपसिलमा उल्लेखित शाखा कार्यालयहरुबाट तपसिलमा उल्लेखित ऋणीहरुले लिनु भएको ऋण कर्जा वापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि नतिरी नबुझाई कर्जाको शर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋण कर्जा लगायतको बैंकको लेना रकम तिर्न बुझाउनको लागि पटक पटक मौखिक, लिखित एवं विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरी कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा नबुझाई बैंकको अनुरोधलाई वेवास्ता गर्नु भएको हुँदा ऋण कर्जाको धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखित चल/अचल सम्पत्ति, जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने अवस्था आएकोले यो गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ। धितोमा रहेको तपसिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति वा संघ संस्थाहरुले बैंकको सम्बन्धित शाखा कार्यालयबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सम्बन्धित शाखा कार्यालयमा बुझाउन सक्नुहुनेछ। बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ। सो शर्तहरु यसै सूचनाको अभिन्न अङ्गको रुपमा लागु हुनेछन्। बोलपत्र दर्ता गर्ने अन्तिम दिन र/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक बिदा परेमा सो लगत्तै बैंक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने र/वा बोलपत्र खोलिने छ। उल्लेखित समयावधि भित्रमा कर्जा चुक्ता गर्नु गराउनु हुन ऋणी लगायत सम्बन्धित पक्षहरुलाई अनुरोध गर्दछौं। अन्यथा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन। उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याङ्कन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, अन्य प्रचलित ऐन कानून तथा बैंकको नियमानुसार असुल उपर हुन बाँकी बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गरी गराई धितो सम्पत्ति फिर्ता लिन हुन ऋणी, धितो धनी तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा पुनः अनुरोध गरिन्छ।

बोलपत्र दर्ता गर्ने अन्तिम मिति	बोलपत्र खोलिने मिति/समय
२०८१/१२/२४ गते/स्थान : सम्बन्धित शाखा कार्यालय	२०८१/१२/२६ गते, मंगलबार दिनको ३ बजे

क्र.सं. शाखा कार्यालय : सिनामंगल, काठमाडौं

ऋणीको नाम, ठेगाना

१. **नाम : हिमालयन कस्मेटिक्स एण्ड गिफ्ट सप**
नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग,
प्रा.फ.र.नं. ३-३५-३९१-१५६३८८/२०७७/७८, दर्ता मिति : २०७७/०८/०४, पान नं. ६१४२७४०२८, दर्ता मिति : २०७७/०८/०८
ठेगाना : काठमाडौं जिल्ला, बुढानिलकण्ठ न.पा. वडा नं. ९, एकताबस्ती, प्रोप्राइटर : अप्सरा भण्डारी खड्का

जमानतकर्ताको विवरण

१. नाम : अप्सरा भण्डारी खड्का	**२. नाम : बिन्तोष खड्का**
ना.प्र.नं. २१-०१-७२-०५३२४, जि.प्र.का. रामेछाप	ना.प्र.नं. २११०५४/१०३८५, जि.प्र.का. रामेछाप
जारी मिति : २०७२/१०/१०	जारी मिति : २०६६/०१/२७
पतिको नाम : विन्तोष खड्का	बाबुको नाम : अर्जुन बहादुर खड्का
ससुराको नाम : अर्जुन बहादुर खड्का	बाजेको नाम : कृष्ण बहादुर खड्का
ठेगाना : रामेछाप जिल्ला, भीरपानी गा.वि.स. वडा नं. ५	ठेगाना : रामेछाप जिल्ला, भीरपानी गा.वि.स. वडा नं. ५

३. नाम : अर्जुन बहादुर खड्का
ना.प्र.नं. ३५९०६/२११०५४, जि.प्र.का. रामेछाप, जारी मिति : २०५४/०२/२१
बाबुको नाम : कृष्ण बहादुर खड्का, बाजेको नाम : चन्द्र बहादुर
ठेगाना : रामेछाप जिल्ला, भिरपानी गा.वि.स. वडा नं. ५

धितोको विवरण

अर्जुन बहादुर खड्काको नाममा मालपोत कार्यालय रामेछापमा दर्ता श्रेष्ता कायम रहेको रामेछाप जिल्ला, भीरपानी वडा नं. ५/५क स्थित कित्ता नं. १७१ को क्षेत्रफल ०-८-०-० (रोपनी) भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।

क्र.सं. शाखा कार्यालय : कालिमाटी, काठमाडौं

ऋणीको नाम, ठेगाना

१. **नाम : रबिन सुनार**	**नाम : सुरेन्द्र सुनार**
ना.प्र.नं. १३६४१, जि.प्र.का. काठमाडौं	ना.प्र.नं. १०४२४, जि.प्र.का. काठमाडौं
जारी मिति : २०५९/०१/१८	जारी मिति : २०६१/११/२८
बाबुको नाम : विदुर सुनार	बाबुको नाम : विदुर सुनार
बाजेको नाम : सेती सुनार	बाजेको नाम : सेती सुनार
ठेगाना : काठमाडौं जिल्ला, थानकोट गा.वि.स. वडा नं. २	ठेगाना : काठमाडौं जिल्ला, थानकोट गा.वि.स. वडा नं. २
हाल : काठमाडौं जिल्ला, चन्द्रागिरी न.पा. वडा नं. ३	हाल : काठमाडौं जिल्ला, चन्द्रागिरी न.पा. वडा नं. ३

जमानतकर्ताको विवरण

१. नाम : चनमती सुनार	**२. नाम : गायत्री सुनार**
ना.प्र.नं. ८२, जि.प्र.का. काठमाडौं	ना.प्र.नं. २७-०१-७५-१३९५३, जि.प्र.का. काठमाडौं
जारी मिति : २०४६/०१/२०	जारी मिति : २०७५/११/२९
पतिको नाम : विदुर सुनार	पतिको नाम : रबिन सुनार
ससुराको नाम : सेती सुनार	ससुराको नाम : विदुर सुनार
ठेगाना : काठमाडौं जिल्ला, चन्द्रागिरी न.पा. वडा नं. ३	ठेगाना : काठमाडौं जिल्ला, चन्द्रागिरी न.पा. वडा नं. ३

३. नाम : सर्मिला बिश्वकर्मा
ना.प्र.नं. ३०-०१-७१-१०९०६, जि.प्र.का. काभ्रेपलाञ्चोक, जारी मिति : २०७१/१२/२०
पतिको नाम : सुरेन्द्र सुनार, ससुराको नाम : विदुर सुनार
ठेगाना : काभ्रेपलाञ्चोक जिल्ला, उग्रचण्डी नाला गा.वि.स. वडा नं. ५, हाल : काठमाडौं जिल्ला, चन्द्रागिरी न.पा. वडा नं. ३

धितोको विवरण

चनमती सुनार, सुरेन्द्र सुनार र रबिन सुनारको संयुक्त नाममा मालपोत कार्यालय कलंकीमा दर्ता कायम रहेको काठमाडौं जिल्ला, थानकोट वडा नं. ३/३ क स्थित कित्ता नं. १७० को क्षेत्रफल ११९.२२ ब.मी. भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)
केन्द्रीय कार्यालय : का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : सिनामंगल, काठमाडौं, फोन नं. ०१-५९०१७९७
कालीमाटी, काठमाडौं, फोन नं. ०१-५६७२६५८
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स कं. लि. को कर्जा चुक्ता गर्न आउने सम्बन्धी ३५ दिने अत्यन्त जरूरी सूचना

यस श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स कं. लि. को विभिन्न शाखाका तपशिलमा उल्लेखित ऋणीले आफूले लिएको ऋण कर्जाको कम्पनीलाई समय-समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, हर्जाना आदी तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित रुपमा ताकेता गर्दा समेत सो चुक्ता भुक्तान गर्ने तर्फ ऋणी, सुरक्षण धनी तथा धनजमानी समेतले कुनै चासो नदेखाई कर्जा रकम बाँकी नै राखी उक्त कर्जा लिंदा गरि दिएको कर्जा सम्बन्धी शर्त-बन्देज उल्लङ्घन गर्नु भएकोले आजका मितिले ३५ (पैंतिस) दिन भित्रमा कम्पनीमा सम्पर्क राखी बक्यौता रकम चुक्ता फर्छ्यौट गर्न गराउन हुन यो सूचना प्रकाशित गरिएको छ।

साथै, म्याद भित्रमा बक्यौता चुक्ता नभएमा ऐन, कानून बमोजिम धितो लेखिदिएको चल/अचल सम्पत्तिहरु लिलाम बिक्री गरी वा अन्य कुनै कानूनी प्रकृया अवलम्वन गरी कम्पनीको लेना रकम असूल उपर गरिनुका साथै ऋणी, सुरक्षणधनी तथा धनजमानीकर्ताको तीन पुस्ते विवरण सहितको नामावली नेपाल राष्ट्र बैंकको एकिकृत निर्देशन बमोजिम **कर्जा सूचना केन्द्रको कालोसूची**मा समावेश गर्न कारवाही चलाउने गरी सिफारिस गरिने समेत सम्बन्धित सबैलाई जानकारी गराइन्छ।

तपशिल

क्र.सं.	ऋणी तथा धनजमानीहरुको विवरण :	धितो सुरक्षणको विवरण	शाखा
१	**ऋणीको नाम : आशा पुलामी मगर** बाबु : खिम बहादुर राई मगर बाजे : टेक बहादुर राई मगर पति : प्रमाजित पुलामी मगर ठेगाना : जिल्ला नवलपरासी दिव्यपुरी गा.वि.स. वडा नं. ८ घर भई हाल जिल्ला नवलपरासी देवचुली नगरपालिका वडा नं. ०५, कदमपुर। ना.प्र.नं. ३६.२०.१३/९६४ जारी मिति र स्थान : २०६८/०९/१९, नवलपरासी **कर्जा शिर्षक : कृषि कर्जा/ब्यक्तिगत कर्जा** **धनजमानी** **नाम : मोहन सिं पुलामी** बाबु : उजिर सिं मगर बाजे : दिल बहादुर ठेगाना : जिल्ला नवलपरासी सिसवार गा.वि.स. वडा नं. ८ घर भई हाल जिल्ला नवलपरासी देवचुली नगरपालिका वडा नं. ०५। ना.प्र.नं. ११४८२ जारी मिति र स्थान : २०४४/०५/१७, नवलपरासी **नाम : जस बहादुर पुलामी** बाबु : मोहन सिं पुलामी बाजे : उजिर सिं मगर ठेगाना : जिल्ला नवलपरासी (ब.सु.पू.) देवचुली नगरपालिका वडा नं. ०५। ना.प्र.नं. ३६-०२-७४-०७६३८ जारी मिति र स्थान : २०७४-०८-२८, नवलपरासी	निज ऋणी **आशा पुलामी मगर**को ससुरा **मोहन सिं पुलामी**को नाममा मालपोत कार्यालय कावासोती, नवलपरासीमा दर्ता कायम रहेको जिल्ला नवलपरासी सिसवार ८/क मा रहेको कि.नं. ११२३ को क्षेत्रफल ०-१-१९.२५ तथा उक्त कित्ता मा बनेको लिग लिगापात समेत। **धनजमानी** **नाम : प्रमाजित पुलामी मगर** बाबु : मोहन सिं पुलामी बाजे : उजिर सिं मगर ठेगाना : जिल्ला नवलपरासी (ब.सु.पू.) देवचुली नगरपालिका वडा नं. ०५। ना.प्र.नं. ३६३०१३-१६० जारी मिति र स्थानः २०६३/१०/२८, नवलपरासी **नाम : मन माया पुलामी** बाबु : मोहन सिं पुलामी बाजे : उजिर सिं मगर ठेगाना : जिल्ला नवलपरासी (ब.सु.पू.) देवचुली नगरपालिका वडा नं. ०५। ना.प्र.नं. ३६-०२-७४-०३६२६ जारी मिति र स्थान : २०७४-०४-१५, नवलपरासी	रजहर
२	**ऋणीको नाम : हिमा विष्ट** बाबु/पति : ठगु खड्का/थमन विष्ट बाजे : कुपु खड्का ठेगाना : जिल्ला सल्यान स्यानीखाल गा.वि.स. वडा नं. १ घर भई हाल जिल्ला सल्यान शारदा नगरपालिका वडा नं. १२, डाँडी कर्णाली प्रदेश। ना.प्र.नं. ५५२२०२६ जारी मिति र स्थान : २०५९/१२/०९ सल्यान **कर्जा शिर्षक : विपन्न वर्ग** **धनजमानी** **नाम : थमन बिष्ट** बाबु : ज्ञान बहादुर बिष्ट बाजे : केशर बहादुर बिष्ट ठेगाना : जिल्ला सल्यान शारदा नगरपालिका वडा नं. १२, डाँडी, कर्णाली प्रदेश। ना.प्र.नं.३७१/१२६, जारी मिति र स्थान : २०४६/०१/१६,सल्यान	निज ऋणी **हिमा विष्ट**को नाममा मालपोत कार्यालय खलंगा, सल्यानमा दर्ता कायम रहेको सल्यान जिल्ला लेखपोखरा गा.वि.स. वडा नं./सिट नं.१, कित्ता नं. हरु २०९३, २०८९, २०९७, २०९१ र २०९५ को क्रमशः क्षेत्रफलहरु १-२-१-३ रोपनी, २-१०-२-१ रोपनी, १-९-१-० रोपनी, ०-४-०-० रोपनी, र १-१३-०-० रोपनी जग्गाहरु लिगलिगा पात समेत	सल्यान
३	**ऋणीको नाम : तुलाराम थारु** बाबु : जोगीराम थारु बाजे : चतुरी थारु ठेगाना : जिल्ला नवलपरासी कोल्हुवा गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल जिल्ला नवलपरासी ब.सु.पू. मध्यविन्दु नगरपालिका वडा नं. २, कोल्हुवा, गण्डकी प्रदेश। ना.प्र.नं. ४२०४७ जारी मिति र स्थान : २०४१/११/०२ नवलपरासी कर्जा शिर्षक : हायरपर्चेज र व्यक्तिगत कर्जा **धनजमानी** **१) नाम : असरमिया महतो** बाबु : सर्वजित महतो पति : तुलाराम महतो ससुराः जोगीराम थारु ठेगाना : जिल्ला नवलपरासी कोल्हुवा गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल जिल्ला नवलपरासी ब.सु.पू. मध्यविन्दु नगरपालिका वडा नं. २, कोल्हुवा, गण्डकी प्रदेश। ना.प्र.नं.७/२९१६५, जारी मिति र स्थान : २०४६/०१/१५, नवलपरासी **२) नाम : पुस्तम (महतो) थारु** बाबु : तुलाराम थारु बाजे : जोगीराम थारु ठेगाना : जिल्ला नवलपरासी कोल्हुवा गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल जिल्ला नवलपरासी ब.सु.पू. मध्यविन्दु नगरपालिका वडा नं. २, कोल्हुवा, गण्डकी प्रदेश। ना.प्र.नं.३१५४९, जारी मिति र स्थान : २०६०/०१/०३, नवलपरासी **३) नाम : हिरा कुमारी महतो थारु** बाबु : टिकाराम थारु पति : पुस्तम (महतो) थारु ससुराः तुलाराम थारु ठेगाना : जिल्ला नवलपरासी कोल्हुवा गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल जिल्ला नवलपरासी ब.सु.पू. मध्यविन्दु नगरपालिका वडा नं. २, कोल्हुवा, गण्डकी प्रदेश। ना.प.नं.३६२०२७/९७३, जारी मिति र स्थान : २०६८/०५/१९, नवलपरासी **५) नाम : हरी नारायण महतो** बाबु : तुलाराम थारु बाजे : जोगीराम थारु ठेगाना : जिल्ला नवलपरासी कोल्हुवा गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल जिल्ला नवलपरासी ब.सु.पू. मध्यविन्दु नगरपालिका वडा नं. २, कोल्हुवा, गण्डकी प्रदेश। ना.प्र.नं.३६२०२७/३६०२, जारी मिति र स्थान : २०७१/११/१०, नवलपरासी	१) निज ऋणी **तुलाराम थारु**को नाममा मालपोत कार्यालय कावासोती, नवलपरासीमा दर्ता कायम रहेको जिल्ला नवलपरासी कोल्हुवा ३ नक्सा सिट नं. ३ ङ मा रहेको कि.नं. २४३ को क्षेत्रफल ०-१-० तथा उक्त कित्तामा बनेको लिग लिगापात समेत २) ऋणीको पत्नी **असरमिया महतो** को नाममा मालपोत कार्यालय कावासोती, नवलपरासीमा दर्ता कायम रहेको जिल्ला नवलपरासी कोल्हुवा ३ नक्सा सिट नं. ३ ङ मा रहेको कि.नं. ४७२ को क्षेत्रफल ०-१-१० तथा उक्त कित्तामा बनेको लिग लिगापात समेत ३) ऋणीको छोरा **पुस्तम (महतो) थारु** को नाममा मालपोत कार्यालय कावासोती, नवलपरासीमा दर्ता कायम रहेको जिल्ला नवलपरासी कोल्हुवा ३ नक्सा सिट नं. ३ ङ मा रहेको कि.नं. ४७३ को क्षेत्रफल ०-१-१० तथा उक्त कित्तामा बनेको लिग लिगापात समेत। ४) धनी श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स क.लि. को ऋणी तुलाराम थारु कायम रही दर्ता रहेको सवारी साधनः- मोडल नं. Mahindra Bolero SCXL FBPS 2WD बनेको सालः 2021 दर्ता नं. बागमती प्र.-०३-००१ च ११९३ इन्जिन नं. TBM1C15502 च्यासिस नं. MA1ZN2TBKM1C31209 **४) नाम : विष्णु कुमारी थारु** बाबु : जमुना लाल थारु पति : हरी नारायण महतो ससुराः तुलाराम थारु ठेगाना : जिल्ला नवलपरासी प्रसौनी गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल जिल्ला नवलपरासी ब.सु.पू. मध्यविन्दु नगरपालिका वडा नं. २, कोल्हुवा, गण्डकी प्रदेश। ना.प्र.नं.३६३०३२/३१८, जारी मिति र स्थान : २०६३/११/०१, नवलपरासी	डण्डा, कावासोती

श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स कं. लि.
डिल्लीबजार, गुरुजुको चौर, पो.ब.नं.:- १०७१७, काठमाडौं।
फोनः ४५२२०३८, ४५२६१४६, ४५१५३४४, फ्याक्सः ९७७-१-४५२१७७९
E-mail: info@shreefinance.com.np

सामाजिक सहभागितामूलक प्रजातन्त्र प्राप्त गर्ने एक मात्र संयन्त्र स्वतन्त्र बजार हो ।
- मिल्टन फ्रीडम्यान

सम्पादकीय

दिगो निर्यातमा लाग्न आवश्यक

चालू आर्थिक वर्ष (आव) २०८१/८२ को ८ महीनामा मुलुकको वैदेशिक व्यापारमा सुधार देखिएको छ । त्यसमा पनि निर्यात व्यापारमा ५७ दशमलव २० प्रतिशत वृद्धि भएको छ । तथ्यांकलाई मात्र हेर्ने हो भने यो निकै ठूलो उपलब्धि मान्नुपर्ने हुन्छ । तर, यो नेपालको निर्यात क्षमता बढेर भएको होइन । भारतले लिएको भन्सार दरको नीतिले गर्दा नेपाली व्यवसायीले लिएको क्षणिक लाभ हो । यस्तो क्षणिक निर्यात वृद्धिले व्यवसायीलाई फाइदा त होला तर समग्र अर्थतन्त्र र मुलुकको विश्वसनीयतामा भने नकारात्मक असर पर्न सक्छ ।

भन्सार विभागले सार्वजनिक गरेको तथ्यांकअनुसार साउनदेखि फागुन मसान्तसम्मा १३ खर्ब ३ अर्ब रुपैयाँ बराबरको कुल वैदेशिक व्यापार भएको छ । यस अवधिमा आयात ११ दशमलव २० प्रतिशत र निर्यात ५७ दशमलव २० प्रतिशतले बढेको छ । फागुन मसान्तसम्म ११ खर्ब ४५ अर्ब रुपैयाँ बराबरको वस्तु तथा सेवा आयात हुँदा १ खर्ब ५८ अर्ब रुपैयाँ बराबरको वस्तु तथा सेवा निर्यात भएको छ । कुल व्यापारघाटा ६ दशमलव २२ प्रतिशतले बढेको छ । यो अवधिमा नेपालको कुल वैदेशिक व्यापारमा ८ दशमलव ९० प्रतिशत हिस्सा निर्यातको रहेको छ भने ९१ दशमलव १० प्रतिशत अंश आयातको रहेको छ । त्यसैले ठूलो परिमाणमा निर्यात वृद्धि भए पनि व्यापार घाटामा ठूलो अन्तर रहेको देखिँदैन ।

भन्सार विभागको तथ्यांक हेर्ने हो भने सबैभन्दा बढी निर्यात भएको वस्तुमा पहिलोमा प्रशोधित भटमासको तेल रहेको छ र दोस्रोमा सूर्यमुखीको तेल रहेको छ । यी दुई वस्तुको आयातमा भएको उच्च वृद्धिले नै निर्यातमा ठूलो सुधार आएको देखिन्छ । तर, यी दुवै वस्तुको कच्चा पदार्थ नेपालमा उत्पादन हुँदैन । तेस्रो मुलुकबाट कच्चा पदार्थ आयात गरी प्रशोधन गरेर भारततर्फ निर्यात गर्ने गरिन्छ । यस्तो निर्यात भारतले तेस्रो मुलुकबाट आयात गर्दा

- **स्तरोन्नतिपछि अल्पविकसित मुलुकले पाउने शून्य भन्सारको सुविधालगायत अन्य विभिन्न सुविधाबाट वञ्चित हुनुपर्ने भएकाले प्रतिस्पर्धात्मक क्षमता बढाई निर्यात बढाउनु अनिवार्य छ ।**
- **विश्वका धेरै देशले अन्य देशबाट कच्चा सामान ल्याएर नयाँ वस्तु उत्पादन गरी निर्यात गर्छन् र त्यो उनीहरूको पहिचान नै हुन्छ ।**
- **भटमास र सूर्यमुखी तेल पनि भारतले भन्सार नीतिमा परिवर्तन गर्दासमेत निर्यात गर्न सक्ने हो भने उपयुक्त हुन सक्छ ।**

लगाएको उच्च भन्सार दरका कारण बढेको हो । नेपाल भारत व्यापार सन्धिअनुसार नेपालले अन्य देशको कच्चा पदार्थ ल्याएर ३० प्रतिशत मूल्य अभिवृद्धि गरेमा शून्य भन्सार दरमा भारतमा निर्यात गर्न सकिन्छ । यही सुविधाको उपयोग गरेर नेपाली व्यवसायीले मौकाको फाइदा उठाइरहेका छन् । तर, ३० प्रतिशत नै मूल्य अभिवृद्धि भएकोमा भने आशंका छ ।

व्यापारमा मौकाको फाइदा उठाउनुलाई अन्यथा भन्न त मिल्दैन तर यस्तो निर्यात कुनै पनि बेला अवरुद्ध हुन सक्छ । विगतमा वनस्पति घिउको निर्यात पनि भन्सार दरकै फाइदा उठाएर बढेको थियो । तर, सन्धि पुनरवलोकन गर्दा भारतले परिमाणात्मक बन्देज लगाएपछि वनस्पति घिउको निर्यात सुकेको थियो ।

हुन त विश्वका धेरै देशले अन्य देशबाट कच्चा सामान ल्याएर नयाँ वस्तु उत्पादन गरी निर्यात गर्छन् । उदाहरणका लागि उत्कृष्ट चकलेट उत्पादक स्वीट्रजरल्यान्डले यसको कच्चा पदार्थ बाहिरबाट ल्याउँछ । औद्योगिक कच्चा पदार्थ ल्याएर उत्पादन वा प्रशोधन गरेर निर्यात गर्नु नै गलत हो भन्ने चाहिँ होइन तर त्यो दिगो हुनुपर्छ । नेपालले नै भारतबाट पेट्रोलियम पदार्थ आयात गर्छ जुन भारतले अन्य देशबाट कच्चा पेट्रोलियम ल्याएर प्रशोधन गरी बिक्री गर्छ । त्यसैले नेपालले पनि यस्तै खालको प्रशोधन गरेर निर्यात गर्न सक्नुपर्छ । भटमास र सूर्यमुखी तेल पनि भारतले भन्सार नीतिमा परिवर्तन गर्दासमेत निर्यात गर्न सक्ने हो भने उपयुक्त हुन सक्छ ।

नेपालले दिगो निर्यातको नीति लिनुपर्छ । व्यापारघाटा उच्च भएकाले कुनै पनि वस्तुको निर्यात बढ्दा खुसी हुन त सकिन्छ तर त्यसले मुलुकको निर्यात क्षमता बढाउँदैन । उत्पादित वस्तुको समग्र प्रतिस्पर्धात्मक क्षमता बढेको कारण निर्यात भएको मानिँदैन । अतः अन्य देशबाट कच्चा पदार्थ ल्याए पनि तिनमा यसरी मूल्यअभिवृद्ध गर्नेतिर लाग्नुपर्छ जसले गर्दा त्यस्तो वस्तुको निर्यात नियमित भइरहन सकोस् । नेपाल अल्पविकसित मुलुकबाट स्तरोन्नति हुन लागेको र त्यसपछि अल्पविकसित मुलुकले पाउने शून्य भन्सारको सुविधालगायत अन्य विभिन्न सुविधाबाट वञ्चित हुनुपर्ने भएकाले पनि प्रतिस्पर्धात्मक क्षमता बढाई निर्यात बढाउनु अनिवार्य छ ।

आर्थिक वृद्धिमा बैंकिङ क्षेत्र

के बैंकहरू खराब साहू हुन् ?

आर्थिक वृद्धिमा बैंकिङ क्षेत्रको भूमिकालाई दृष्टिगत गर्दै सरकारले करमा सहुलियत दिनुका अतिरिक्त न्यूनतम नाफा कमाउने वातावरण सृजना गरी यस क्षेत्रको स्थिरता कायम गर्नुपर्छ र व्यवसायमैत्री बैंकिङ वातावरण निर्माणमा सरोकारवाला सबैले योगदान दिनुपर्छ ।

डा. दिवाकर वशिष्ठ

सरकारले पूँजीगत खर्च गर्न नसक्नु, विकास आयोजना कार्यान्वयनमा ढिलासुस्ती हुनु, लगानीको वातावरणको अभाव हुनु, व्यापार उदारीकरणपछि आयातित वस्तुहरूसँग प्रतिस्पर्धा बढ्नु, निजीक्षेत्रमा उद्यमशीलताको अभाव र संस्थागत संस्कृतिको विकास भई नसक्नु आदिले गर्दा नेपालको आर्थिक वृद्धि अपेक्षा गरेअनुरूप हुन सकेको छैन । मुलुकको आर्थिक वृद्धिमा सहयोग पुग्ने गरी बैंकिङ क्षेत्रले आफ्नो स्थापनाकालदेखि नै नियामकको निर्देशनको पालना गर्दै विभिन्न वित्तीय नीति तथा कार्यक्रम कार्यान्वयनमा ल्याएको छ ।

बैंकिङ क्षेत्रले पारेको प्रभाव

नेपालमा अहिले उल्लेखनीय रूपमा बैंकिङ क्षेत्रको विस्तार भएको छ र वित्तीय पहुँच, समावेशिता एवं वित्तीय साक्षरतासमेत बढ्दै गएको छ । बैंक तथा वित्तीय संस्थाहरूको संख्या (लघुवित्त वित्तीय संस्थासमेत) २०८१ माघ मसान्तमा १०७ रहेको छ । ७५३ स्थानीय निकायमा बैंकिङ क्षेत्र पुगेको अवस्था छ । २०८१ माघ मसान्तमा ११,५४० शाखाहरू खुली सर्वसाधारणको वित्तीय हितमा लागिपरेको अवस्था छ भने करीब ५८ प्रतिशत मानिस वित्तीय रूपमा साक्षर देखिन्छन् । यसरी अर्थतन्त्रमा वित्तीय क्षेत्रको विस्तारबाट वित्तीय मध्यस्थता बढेर बचत परिचालन हुन गई लगानीका लागि वित्तीय साधन जुटिरहेको छ । यसले गर्दा अर्थतन्त्रका विभिन्न क्षेत्रमा लगानी बढ्ने, उद्यमशीलता बढ्ने र नवीनता सृजना हुनुका साथै भुक्तानी प्रणाली सहज पार्ने, जोखिमको विकेन्द्रीकरण हुँदा आर्थिक गतिविधि बढेर आर्थिक वृद्धिमा थप सहयोग पुगिरहेको छ । अर्थतन्त्रको विकासमा बैंकिङ क्षेत्र अब्बल मानिन्छ । वित्तीय विस्तार र कर्जा लगानीले आर्थिक वृद्धिलाई टेवा पुग्छ ।

तर, विगत केही समयदेखि ब्याजदर न्यूनतम विन्दुमा रहँदा पनि व्यावसायिक क्षेत्रबाट कर्जाको माग अपेक्षित मात्रामा हुन सकेको छैन जसबाट तरलता व्यवस्थापनमा नियामकलाई हम्मेहम्मे परेको छ । देशको अर्थतन्त्रमा देखिएको शिथिलताका कारण ऋणीहरूलाई कर्जा तिर्नमा परेको कठिनाइलाई दृष्टिगत गर्दै आवश्यक सहजीकरण गर्न बैंकिङ क्षेत्रले पछिल्लो समय कर्जाको पुनःसंरचना, पुनर्तालिकीकरण गर्नेलगायत व्यवस्था कार्यान्वयनमा ल्याएको छ । प्राकृतिक प्रकोपका कारणले समस्यामा परेका ऋणीहरूलाई राहत दिनेदेखि भूकम्पका कारण क्षतिग्रस्त भएका आवासीय घरको पुनर्निर्माण, सार्वजनिक विद्यालय, अस्पताल तथा स्वास्थ्यचौकीको पुनर्निर्माणका लागि बैंक तथा वित्तीय संस्थाले सामाजिक उत्तरदायित्व कोषबाट समेत आर्थिक सहयोग गर्नुका साथै सामाजिक उत्तरदायित्वअन्तर्गत पनि मनग्य रकम खर्च गरेको देखिन्छ ।

बैंकिङ र नियामक

आर्थिक क्रियाकलापहरू बढ्दै विशिष्टता प्राप्त गर्न सक्षम र विश्वासिलो भुक्तानी प्रणालीको खाँचोलाई दृष्टिगत गर्दै बैंकिङ क्षेत्रले अर्थतन्त्रको स्वदेशी भुक्तानीका अतिरिक्त विदेशी भुक्तानीसमेत प्रवर्द्धन गरेको छ । साइबर जोखिमहरूको सामना गर्दै डिजिटल प्रविधिको प्रयोग र विकासद्वारा सर्वसाधारणलाई छिटो र सस्तो भुक्तानी प्रणालीको विकास गरेको छ जसले आर्थिक गतिविधिहरू गर्न प्रोत्साहन गर्दछ । नियामकका रूपमा केन्द्रीय बैंकले आफूले अवलम्बन गर्ने मौद्रिक नीति, वित्तीय नीति, नियमन र निरीक्षणका अतिरिक्त सरकारको आर्थिक सल्लाहकारको भूमिका निर्वाह गर्न अर्थतन्त्रबारे निरन्तर रूपमा गहन अध्ययन गरिरहेको छ । गरीबी निवारणका लागि पछिल्लो समय नियामकले तोकेको क्षेत्रमा अनिवार्य कर्जा प्रवाह गर्नुपर्ने केही नीति यस क्षेत्रले अवलम्बन गरिरहेको छ ।

नेपाली अर्थतन्त्रले धान्न गाह्रो हुने र वित्तीय स्थिरता जोखिममा पर्ने देखिएकोले पछिल्ला वर्षहरूमा वित्तीय क्षेत्रको सुदृढीकरणका लागि मर्जरलाई जोड दिइएको छ । विभिन्न चुनौती हुँदाहुँदै पनि आर्थिक विकासका लागि बैंकिङ क्षेत्रले छरिएर रहेको रकम निक्षेपका रूपमा संकलन र यसको परिचालन, पूँजी निर्माण, मुद्राको निष्कासन र परिचालन, विदेशी मुद्रा विनिमय र यसको व्यवस्थापन, सार्वजनिक ऋणको व्यवस्थापन, निर्देशित कर्जामार्फत गरीबी निवारणका काम नियामकले गर्दै आएको छ । त्यसैगरी वित्तीय साक्षरता र समावेशिता, आयात र निर्यातमा सहजीकरण, उद्योग, कृषि, जलस्रोत, पर्यटन र वाणिज्य क्षेत्रको विकास, प्रत्यक्ष वा अप्रत्यक्ष रोजगारीको अवसर, आर्थिक स्थायित्व कायम र सन्तुलित आर्थिक विकास एवं शोधनान्तर स्थितिमा सन्तुलन, मौद्रिक नीति प्रकाशन र सरकारी कारोबार, सरकारलाई आर्थिक सहयोग, सूचना प्रवाह र सल्लाह प्रदान लगायतको भूमिका निर्वाह गर्दै आएको छ ।

बैंकिङ क्षेत्रमा समस्या

राजनीति, संस्थागत विकास, प्रविधि, लगानीको वातावरण, सुशासनमा सुधार र राजनीतिक स्थिरता नभएसम्म बैंकिङ क्षेत्रले मात्र आर्थिक वृद्धिमा योगदान पुऱ्याउन कठिन हुन्छ । विगत केही समयदेखि फैलाइएको अफवाहको कारण ऋण असुली एवं लगानीमा समस्या आएको छ । यसबाट बैंकिङ क्षेत्र थलिएको अवस्थामा छ ।

बैंक खराब साहू नै हो त ?

सरकारको नेतृत्वदायी भूमिकामा रहेका व्यक्तिबाट संवेदनशील बैंकिङ क्षेत्रलाई नै असर पुग्ने गरी खराब साहूको संज्ञा दिनुले यो क्षेत्र तरंगित बनेको छ । बेलाबखत भावावेशमा आई प्रयोग हुने यस्ता शब्दहरूले अर्थतन्त्रको प्रमुख पहरेदारका रूपमा रहेको यस क्षेत्रमा थप समस्या नआउला भन्न सकिँदैन । बैंकिङ क्षेत्रले पनि उद्योगी, व्यवसायी र ऋणीहरूको स मस्या बुझ्नुपर्छ ।

आपसी समझदारीको विकास गर्नुपर्छ । लगानी भएको कर्जा असुल हुन सकेन भने बैंकिङ क्षेत्रको आम्दानीको मुख्य स्रोतका रूपमा रहेको निक्षेपको साँवा र ब्याज भुक्तानी समस्या हुन सक्छ । यसतर्फ सम्बद्ध सबैले हेक्का राख्नुपर्छ । तसर्थ पनि बैंकिङ क्षेत्रलाई जो जसले खराब साहू भने तापनि यसलाई उचित मान्न सकिँदैन । व्यावसायिक क्षेत्रले पनि ऋण लिँदा आफ्नो तिर्न सक्ने आर्थिक क्षमता र हैसियतलाई ध्यान दिनुपर्छ ।

दोष कसको ?

ऋण लिने बेलामा विभिन्न राजनीतिक शक्तिकेन्द्रमा बढी ऋणका लागि धाउने अनि जब कर्जाको साँवाब्याज भुक्तानी गर्नुपर्ने हुन्छ त्यति बेला पुनः शक्तिकेन्द्र धाएर ब्याज मिनाहाको हतकन्डा अपनाउने कुरालाई स्वीकार्न सकिँदैन । सकेसम्म लिएको कर्जा तिर्न नपरे हुँदो हो भन्ने प्रवृत्तिको पछिल्लो समय थप विकास भएको देखिन्छ । विगतमा ऋण असुल्न आएका कर्मचारीलाई कालो मोसो दल्न ऋणीलाई उचाल्ने, बैंकशाखाहरू तोडफोड गर्ने गतिविधि भएको थियो । सस्तो लोकप्रियताका लागि बोलिने कुनै पनि शब्दले भविष्यमा बैंकिङ क्षेत्रमा मात्र नभै समग्र अर्थतन्त्रमा संकट आउन सक्दछ । कुनै एक ठूलो बैंक डुब्यो भने समग्र अर्थतन्त्रनै धराशयी हुन्छ भन्ने कुरा बेलैमा बुझ्न जरुरी छ । अर्कोतर्फ नियामक निकायका जिम्मेवार व्यक्तिबाट नै बैंकहरूले ऋणीसँग छलफल नै नगरी कालो सूचीमा राख्ने कार्य भएको छ भन्ने भनाइले बैंक विरोधीहरूलाई थप मलजल गरेको देखिन्छ ।

- **करीब ५८ प्रतिशत मानिस वित्तीय रूपमा साक्षर देखिन्छन् ।**
- **वित्तीय विस्तार र कर्जा लगानीले आर्थिक वृद्धिलाई टेवा पुग्छ ।**
- **राजनीति, संस्थागत विकास, लगानीको वातावरण आदिमा सुधार नआई बैंकिङ क्षेत्रले मात्र आर्थिक वृद्धिमा योगदान पुऱ्याउन कठिन हुन्छ ।**
- **आर्थिक वृद्धिदरका लागि अर्थतन्त्रमा लगानी बढ्नुपर्छ ।**
- **सस्तो लोकप्रियताका लागि बोलिने कुनै पनि शब्दले भविष्यमा बैंकिङ क्षेत्रमा मात्र नभई समग्र अर्थतन्त्रमा संकट आउन सक्छ ।**
- **बचत परिचालन र लगानी गर्दै हुने पूँजी निर्माणले बढाउने आर्थिक वृद्धिले बचत तथा लगानीकर्ता दुवैलाई फाइदा पुऱ्याउँछ ।**

ऋण तिर्न नसकेर व्यवसायीहरूले किन आत्मदाह एवं आत्महत्याको निर्णय लिने गर्छन् ? के बैंकहरूले व्यवसायी बचाउन सौहार्दपूर्ण वार्ता नगरेका हुन्, कर्जाको पुनर्तालिकीकरण, ब्याज छूटलगायत अनेक सहुलियत दिँदा पनि अटेर भई कर्जा नतिरेका हुन् वा विगतमा उनीहरूको तिर्न सक्ने क्षमता र आर्थिक हैसियत नै नहेरी बैंकहरूले कर्जा दिएका वा अन्य गलत कार्य गरेका हुन् बुझ्न जरुरी छ । यदि त्यसो हो भने सम्बद्ध निकायले छानबिन गरी किन कानूनी कारबाही गरेन ? बैंकहरू खराब साहू बन्नुमा नियामक वा सम्बद्ध निकाय कति जिम्मेवार छ ? भन्ने आवाज बैंकिङ क्षेत्रलगायत जनसाधारणमा उठ्न थालेको देखिन्छ ।

विगतमा बैंकहरूको ऋण तिर्न पर्दैन भन्ने र अफवाह फैलाउनेलाई हालसम्म कानूनी कारबाही नहुँदा दण्डहीनताको विकास भएको देखिन्छ । विगत कोरोना कालमा सरकारले महामारी रोकथामको बेलामा बन्दाबन्दी लगायो । सोही समयमा अर्थतन्त्र समस्यामा पऱ्यो भनेर नियामककै योजनामा बैंक कर्जाको ब्याजदर १५ प्रतिशतसम्म पुऱ्याइयो जसले व्यवसायीको ढाड सेक्ने काम गऱ्यो भन्नेहरू पनि छन् । तसर्थ ऋणी प्रताडित हुनुमा बैंकिङ क्षेत्रमात्रै जिम्मेवार नभई सरकार र नियामक पनि जवाफदेही हुनुपर्ने देखिन्छ । बैंकिङ क्षेत्र कदापि खराब साहू हुन सक्दैन ।

सहकारीलगायत कतिपय वित्तीय संस्थाबाट ऋण लगानी गर्दा पक्षपातपूर्ण व्यवहार गर्ने, ऋणी र उसले सञ्चालन गरेका परियोजनाको बैंकहरूले राम्रोसँग विश्लेषण नगर्ने, ऋणीलाई अनावश्यक शर्तहरू थोपर्ने, कर्जा लगानी गर्दा नियम कानून र उत्तरदायित्व एवं अधिकारको पालना नगर्ने, गरीबीमा फसेका सर्वसाधरणलाई बैंकिङ पहुँचमा पुग्न कठिनाइ हुने, सर्वसाधारणको निक्षेपको दुरुपयोग गर्नेजस्ता समस्याहरूले गर्दा सार्वजनिक रूपमा यस क्षेत्रको आलोचना भने मनग्य हुने गरेको देखिन्छ ।

वित्तीय संकटको असर यथावत् रहँदा आन्तरिक अर्थतन्त्र चलायमान हुन सकेको छैन । अर्कोतर्फ ब्याजदर सस्तो हुँदा पनि व्यावसायिक क्षेत्रबाट कर्जाको माग बढ्न सकेको छैन । यसले गर्दा आर्थिक गतिविधिमा नकारात्मक असर पर्ने गरेको छ । आर्थिक वृद्धिदर घट्ने र आर्थिक गतिविधिमा सुधार हुन लामो समय लाग्ने देखिन्छ ।

बैंकिङ र अर्थतन्त्र

गरीबी घटाउन, रोजगारी बढाउन, आर्थिक सम्पन्नता प्राप्त गर्न, देशको समग्र आर्थिक विकासका लागि उच्च आर्थिक वृद्धि आजको खाँचो हो । आर्थिक वृद्धिदरका लागि अर्थतन्त्रमा लगानी बढ्नुपर्छ । यसका लागि बैंकिङ क्षेत्रले व्यापार तथा उद्योगधन्दा एवं कृषिक्षेत्रको विकास गरी आर्थिक वृद्धि बढाउन गहन भूमिका खेलेको पाइन्छ । सोह्रौं योजनाको दीर्घकालीन सोच हेर्दा समुन्नत, स्वाधीन र समाजवादउन्मुख अर्थतन्त्रसहितको समान अवसर प्राप्त, स्वस्थ, शिक्षित, मर्यादित र उच्च जीवनस्तर भएका सुखी नागरिक बसोवास गर्ने मुलुक भन्ने रहेको छ ।

उक्त विसं २१०० सम्म पूरा गर्ने लक्ष्यसहितको दीर्घकालीन सोच प्राप्त गर्न बैंकिङ क्षेत्रले गहन भूमिका खेल्नुपर्छ । आर्थिक वृद्धि भएमा मात्र प्रतिव्यक्ति आम्दानी बढ्छ । बचत परिचालन र लगानी गर्दै हुने पूँजी निर्माणले बढाउने आर्थिक वृद्धिले बचत तथा लगानीकर्ता दुवैलाई फाइदा पुऱ्याउँछ । बचतकर्ता ब्याजका रूपमा आम्दानी प्राप्त गर्छ भने लगानीकर्ताले लगानी गरेर वस्तु तथा सेवाको थप उत्पादन गरेर कमाउन सक्छ । यसबाट आर्थिक गतिविधि बढ्न गई राजस्व संकलनमा वृद्धि हुने छ । फलस्वरूप भौतिक पूर्वाधारको निर्माण र शान्ति सुरक्षा कायम गर्न सरकारलाई सहयोग पुग्ने देखिन्छ ।

हालसम्म बैंकिङ क्षेत्रले आफ्ना कार्यहरूलाई विस्तार र विकसित गर्दै नेपाली अर्थतन्त्रलाई आधुनिक बनाउन सहयोग पुऱ्याउँदै आए पनि यो क्षेत्र विस्तार भएँकै समग्र अर्थतन्त्रको विकास र विस्तार हुन सकेको छैन । वास्तविक अर्थतन्त्रको विकास र विस्तार नभएसम्म बैंकिङ क्षेत्र दिगो बन्न सक्दैन । व्यावसायिक एवम् ग्राहकमैत्री बैंकिङ सेवा दिएर आन्तरिक अर्थतन्त्रमा उत्पादन र उत्पादकत्व बढाउन, रोजगारी सृजना गर्न बैंकिङ क्षेत्र लाग्नुपर्ने आवश्यकता रहेको छ ।

अर्थतन्त्रको वर्तमान अवस्था र बदलिँदो परिवेशमा परम्परागत शैलीको बचत परिचालन र कर्जा प्रवाहका साथै भुक्तानी प्रणाली सञ्चालन गर्न मात्र बैंकिङ क्षेत्र सीमित हुनु हुँदैन । अर्थतन्त्रका लाभदायक क्षेत्रको पहिचानसँगै व्यवसाय प्रवर्द्धनमा पनि योगदान गर्ने, बढ्दो जोखिमको कुशलतापूर्वक व्यवस्थापन गर्ने, कार्यकुशलता बढाई निक्षेप र कर्जाको ब्याजदर घटाउँदै जाने र व्यावसायिक एवं ऋणीमैत्री व्यवहारमा सुधार गर्दै रणनीतिले मात्र बेलाबखतमा हुने यस्ता आलोचनालाई साम्य बनाउन सक्छ ।

आर्थिक वृद्धिमा बैंकिङ क्षेत्रको भूमिकालाई दृष्टिगत गर्दै सरकारले समेत करमा सहुलियत दिनुका अतिरिक्त न्यूनतम नाफा कमाउने वातावरण सृजना गरी यस क्षेत्रको स्थिरता कायम गर्नमा कन्जुस्याइँ गर्नु हुँदैन । व्यावसायिक क्षेत्र, निक्षेपकर्ता, ऋणी र लगानीकर्ताले समेत व्यवसायमैत्री बैंकिङ वातावरणको निर्माणमा थप योगदान दिनुपर्छ ।

लेखक बैंक तथा वित्तीय संस्थाका विज्ञ हुन् ।

तपाईं घरमा पैसा राख्नुहुन्छ ?

घरमा अलिकति नगद राख्नु आपत्कालीन अवस्थाका लागि उपयोगी हुन सक्छ तर यसलाई कहाँ राख्ने भन्ने कुरा महत्त्वपूर्ण हुन्छ । केही व्यक्ति घरका अनौठा ठाउँमा नगद राख्ने गर्छन् जसले दीर्घकालीन रूपमा समस्या निम्त्याउन सक्छ ।

वित्तीय व्यवस्थापन एप पियरेको नयाँ सर्वेक्षणअनुसार एक साधारण व्यक्तिले औसतमा ४५४४ डलर बराबरको नगद, सिक्का, बैंक नोट र बहुमूल्य धातुहरू आफ्नो घरमा राख्ने गर्छ । यो सर्वेक्षण जनवरीको अन्त्य र फेब्रुअरीको शुरूमा १,५०० अमेरिकी वयस्कमाझ गरिएको थियो ।

जब ती उत्तरदातालाई सोधियो कि उनीहरूले आफ्नो नगद कहाँ राख्छन्, १० प्रतिशतले सेफमा राख्ने बताए जुन सबैभन्दा लोकप्रिय ठाउँ हो । तर, अन्य व्यक्तिले कम परम्परागत तरीका अपनाउने गरेका छन् ।

६ प्रतिशतले गोप्य भागहरू (जस्तै कि दराजको भित्री भाग जसलाई बाहिरबाट देख्न सकिँदैन) मा नगद लुकाउने गरेका छन् । ६ प्रतिशत व्यक्तिले नगद ओछ्यान, गद्दा वा सिरानीको भित्र राख्ने बताएका छन् । ५ प्रतिशतले नगद फ्रिज वा रेफ्रिजेरेटरमा राख्ने गर्छन् । ४ प्रतिशतले नगद सजावटका सामान, फूलदानी वा अन्य कन्टेनरहरूभित्र लुकाउने गर्छन् । ३ प्रतिशतले नगद फ्लोरबोर्ड वा कार्पेटमुनि राख्ने गरेका छन् ।

घरमा नगद राख्दा आउने जोखिमहरू

वित्तीय अनिश्चितताको समयमा मानिस बढी नगद राख्न चाहन्छन् तर यो असुरक्षित हुन सक्छ । बीमाले दिने सुरक्षा पनि सीमित हुन सक्छ । घरमा धेरै नगद राख्नुको मुख्य समस्या भनेको बीमा सुरक्षा सीमित हुनु हो । घर बीमामा नगद विशेष श्रेणीमा पर्ने भएकाले यसको भुक्तानीका लागि दाबी गर्न कठिन हुन सक्छ ।

ब्यान्करेटका वित्तीय विशेषज्ञ श्यानन मार्टिनका अनुसार धेरैजसो घर बीमा योजनामा नगद, सिक्का र बहुमूल्य धातुहरूका लागि केही सीमित रकममात्रै मात्र कभर गरिन्छ । यदि तपाईंको घरमा लाखौं रुपैयाँ नगद राखिएको छ भने त्यसको सम्पूर्ण मूल्य बीमाले कभर नगर्न सक्छ ।

यदि तपाईं बढी नगद कभर गर्न चाहनुहुन्छ भने बीमा एजेन्टसँग परामर्श लिन सक्नुहुन्छ, तर त्यसको प्रमाण देखाउन आवश्यक पर्छ ।

प्राकृतिक प्रकोप वा चोरीको जोखिम

यदि तपाईंको घरमा आगलागी वा अन्य प्राकृतिक प्रकोप आउँछ भने घरमा लुकाइएको नगद जलेर वा नष्ट भएर हराउन सक्छ ।

यस्तै, चोरीको घटनामा घरमा लुकाइएको नगद फेला परेमा सम्पूर्ण बचत गुम्न सक्छ । बैंकमा राखिएको नगद भने बीमा सुरक्षाले सुरक्षित रहन्छ । घरमा नगद राख्दा ब्याज वा अन्य वित्तीय लाभ गुम्न सक्छ । लगानी वा बचत खाताभन्दा कम फाइदाजनक हुन्छ ।

पियरेको प्रमुख कार्यकारी प्रमुख युवाल शुमिनरका अनुसार नगद बैंक वा लगानी खातामा राखेमा ब्याज दर वा स्टक बजारको प्रतिफलको लाभ उठाउन सकिन्छ ।

नगद कहाँ राख्ने ?

विशेषज्ञहरूले थोरै मात्र नगद घरमा राख्न सुझाव दिन्छन् । पहिलो, उच्च-ब्याजदर दिने बचत खातामा पैसा राख्न सकिन्छ । मासिक खर्च टार्न आवश्यक नगद मात्र ब्याज वा कम ब्याज आउने बचत खातामा राख्नुहोस् ।

दोस्रो, बचतका लागि उच्च ब्याजदर दिने बचत खाता प्रयोग गर्नुहोस् जसले औसत ४-५ प्रतिशत वार्षिक ब्याज दिन सक्छ । यस्तो खाताले साधारण बचत खाताको भन्दा केही धेरै ब्याज दिन्छ ।

तेस्रो लगानी खातामा जम्मा गर्नुहोस् जुन विभिन्न प्रकारको हुन्छ । मध्य र दीर्घकालीन लक्ष्यहरूका लागि नगद लगानी गर्नु राम्रो हुन्छ । बजारको उतारचढाव भए पनि ब्याजदर राम्रो भयो भने दीर्घकालीन रूपमा लगानीले महँगीलाई पराजित गर्छ ।

यदि नगद घरमा राख्ने हो भने त्यसको मूल्य समयसँगै घट्दै जान्छ अर्थात् त्यसको क्रयशक्ति कमजोर हुन्छ । मानौं कुनै वस्तु यो वर्ष १ सय रुपैयाँमा किन्न सक्नुहुन्छ भने त्यही वस्तु किन्न सामान्यतया अर्को वर्ष १०६ जति पर्न सक्छ । मुद्रास्फीतिले गर्दा यस्तो भइरहेको हुन्छ ।

आपत्कालका लागि केही पैसा जोगाएर अलग्ग राख्नुहोस् । केही दिनलाई पुग्ने नगद आपत्कालीन अवस्थाका लागि भनेर राख्नु उपयुक्त हुन्छ । यसलाई पानी र अग्नि प्रतिरोधी सेफमा राख्नु लाभदायक हुन्छ । परिवारका सबै सदस्यलाई नगद कहाँ राखिएको छ भन्ने जानकारी हुनु आवश्यक छ । आपत्कालीन अवस्थामा चीजहरू सजिलोसँग पाउने गरी राख्नुपर्छ । त्यसैले धेरै ठाउँमा नगद नछर्नु नै उत्तम हो ।

घररमा नगद राख्नु सजिलो जस्तो लागे पनि यसमा बीमा सुरक्षाको अभाव, चोरी वा प्राकृतिक प्रकोपको जोखिम र लगानीको अवसर गुम्ने खतरा हुन्छ । त्यसैले विशेषज्ञहरूले अत्यावश्यक नगद मात्र घरमा राख्न सुझाव दिन्छन् । बाँकी रकम उच्च ब्याजदरको बचत खाता वा लगानी खातामा राख्नु उपयुक्त हुन्छ । यदि घरमै नगद राख्नुपर्छ भने सुरक्षित स्थानमा राख्नुपर्छ । यसरी नगदको सही व्यवस्थापन गरेमा जोखिम कम गर्न सकिन्छ र वित्तीय भविष्यलाई सुरक्षित बनाउन सकिन्छ ।

सीएनबीसीको सहयोगमा

आर्थिक अभियान

१० वर्षअघिको आर्थिक अभियानबाट

राजनीतिक सहमतिले हौसियो बजार

आइतवार नेप्से परिसूचक विगत ३९ महीनायताकै उच्च बिन्दुमा पुगेको छ । गत बिहीवार ५ सय ३० दशमलव २० मा बन्द भएको नेप्से आइतवार २५ दशमलव ७३ अङ्क (४ दशमलव ८५ प्रतिशत) बढेर ५ सय ५५ दशमलव ९३ मा पुगेको हो । यसअघि नेप्सेमा नजिकको उच्चतम अङ्क २०६६ मङ्सिर ७ मा (५ सय ६२ दशमलव ११), कायम रहेको थियो । आइतवार व्यापारमा आएका सबै समूहको परिसूचक बढेपछि नेप्सेमा सकारात्मक प्रभाव परेको हो । लामो समयदेखि जारी अस्थिर राजनीतिले समाधानको दिशा समातेको समाचार सार्वजनिक भएपछि बजारमा सकारात्मक प्रभाव परेको विश्लेषकहरूले बताएका छन् ।

वर्ष ८, अंक १५२, सोमवार, ७ फागुन, २०६९

तस्वीर : रासस

संखुवासभाको खाँदबारी नगरपालिका-१ स्थित पसल टोलस्थित पसलमा बेच्न राखेको रुद्राक्ष माला । रुद्राक्ष माला प्रतिगोटा ५० रुपैयाँदेखि २०० रुपैयाँसम्ममा बिक्री हुन्छ ।

भारतीयको रोजाइमा नेपाली सिन्की, हस्तकला र विजयसालका भाँडा

देहरादुन (भारत) । 'आउनुहोस्, भाँडा र जानकारीमध्ये कम्तीमा एउटा लैजानुहोस्,' स्टलमा आउने सबैजसो ग्राहकलाई विजयसालका भाँडा देखाउँदै कञ्चनपुरका गणेशराज बोहोराले भने, 'यी भाँडामा पानी राखेर खाँदा फाइदै फाइदा छन् ।'

भारतको देहरादुनमा शुक्रवार शुरू इन्डो-नेपाल व्यापार मेलामा अकलोकनकर्तालाई बोहोराले विजयसालका भाँडामा पानी राखेर खाँदाका अनेकन फाइदा एक-एक गरी सुनाए । 'रातभर यी भाँडामा पानी राखेर बिहान खाली पेटमा पिउँदा मधुमेह, उच्च रक्तचाप, कोलेस्ट्रोल, शरीरको दुःखाइ निको पार्छ, शरीरको तौल नियन्त्रण गर्न पनि राम्रो हुन्छ,' उनले भने ।

उपभोक्ताले उनका कुरा चाख मानेर सुनिरहेका थिए । 'भाँडा बनाउनेले आयुर्वेदका कुरा गरेको नसुहाउला । म त धेरै जान्दिनँ, यसबारे इन्टरनेटमा सर्च गर्नु त,' उनले थपे । सामान विक्री गर्नुभन्दा बढी यसबारे जानकारी दिनु उचित हो भन्ने उनलाई लाग्छ । सबैले यसको महत्त्व थाहा पाए, यति सामान विक्री हुन समय लाग्दैन भन्ने उनले बुझेका छन् । त्यसैले उनी सबैलाई फोटो खिच्न र युट्युबमा भिडियो हेर्न आग्रह गर्दै थिए । 'आज नकिन्नेले घर गएर युट्युबमा हेरे भने भोलि नै किन्न आउँछन्, त्यसैले सबैलाई यसको फोटो खिच्न भनिरहेको छु,' उनले सुनाए ।

अघिल्ला दुईओटा महोत्सवमा राम्रो व्यापार हुँदा हौसिएका उनले यसपल्ट १०२ ओटा काठका भाँडा ल्याएका रहेछन् । यसपटक उद्घाटन नहुँदै ९ ओटा विक्री भइसकेको उनले जानकारी दिए । 'पहिलो वर्ष १५० र दोस्रो वर्ष २३० ओटा २/३ दिनमै विक्री भइसकेका थिए, यसपालि पनि शुरुआत राम्रो छ,' बोहोराले भने । उनले विजयसाल काठबाट अम्खोरा, गिलास र कप बनाएका छन् । धेरै पैसा खर्च नगर्नेका लागि स-साना आकर्षक टुक्रा पनि बनाएका छन् ।

कञ्चनपुरको भीमदत्त नगरपालिका-१, भाँसी मेरिट महिला मार्केटिङका सञ्चालक बोहोराले २०५७ सालदेखि विजयसालका भाँडा बनाउन शुरू गरेको बताए । 'पहिले त धेरै भाँडा बनाउँथे, अहिले काठ पाइनै छाड्यो, कुनै समय वर्षमा १० हजारसम्म भाँडा बनाएँ । अहिले ३/४ सय पनि पुग्दैन,' उनले भने ।

विजयसाललाई संरक्षित बोटको सूचीमा राखेपछि काठ पाउन गाह्रो भएको उनको भनाइ छ । उनका अनुसार यो काठ कञ्चनपुर, कैलाली र कपिलवस्तुका वनमा बढी पाइन्छ । अहिले कञ्चनपुरका वनमा ढलेपडेका काठ बोलपत्रमार्फत खरीद गर्नुपर्छ, एक क्युफिटको ३ हजार ३०० रुपैयाँ पर्ने तैपनि पाउन गाह्रो हुने उनले बताए ।

काठ पाउन छाडेपछि उनले पछिल्लो समय भीमदत्त, बेदकोट र बेलोरीका ३०० विरुवा वितरण गरेका छन् । आफैले पनि ३ ओटा बोट रोपेको बताए । 'मैले रोपेको २० वर्ष जति भयो, २०/२२ फिट अग्लो भएको छ । यसको काठमात्रै नभएर खोटो र पात पनि औषधिको रूपमा प्रयोग गर्ने चलन छ,' बोहोराले भने ।

महोत्सवमा विजयसालका काठबाट निर्मित भाँडामा जस्तै नेपाली रुद्राक्ष र बोधिचित्तको माला, सल्यानको खुकुरी, पाल्पाली ढाकाका पहिरन, सिन्की, नेपाली पोते, मस्यौराका साथै रुकुम, रोल्पामा उत्पादित भीर मौरीको मह, थांका चित्रकलामा पनि देहरादुनबासीले उत्तिकै चासो दिएका छन् । महोत्सवमा नेपाली हस्तकला धेरैले मन पराएका छन् ।

रूद्राक्ष तथा बोधिचित्तको माला, सल्यानको खुकुरी, पाल्पाली ढाकाका पहिरन, सिन्की, नेपाली पोते, मस्यौराका साथै रूकुम, रोल्पामा उत्पादित भीर मौरीको मह, थांका चित्रकलामा पनि देहरादुनबासीले उत्तिकै चासो दिएका छन् ।

महोत्सवमा भाग लिन चितवन भरतपुरबाट आएकी मान्द्रो नेपालकी सञ्चालक अम्बी धितालले आफूले नेपाली उत्पादनहरु मस्यौरा, तितौरालगायत ल्याएको बताइन् । 'हाम्रो कुल उत्पादनमध्ये ६० प्रतिशत विदेश निर्यात हुन्छ, यो महोत्सवले देहरादुनमा बजार विस्तार गर्न सहयोग पुऱ्याउने अपेक्षा छ,' उनले भनिन् ।

महोत्सवमा काठमाडौं कीर्तिपुरबाट आएकी राजधानी हस्तकलाकी सञ्चालक रजनी चित्रकारले यसअघि तीनपटक महोत्सवमा सहभागी भइसकेको जानकारी दिंदै विगतका महोसत्वमा राम्रो व्यापार भएकाले यसपटक पनि आएको बताइन् । 'सामान यहाँसम्म ल्याउन कञ्चनपुर उद्योग वाणिज्य संघले सहयोग गरेको छ, स्टल निःशुल्क उपलब्ध गराएको छ, महोत्सवले नेपाली हस्तकलाको बजारीकरणमा सहयोग पुगेको छ,' उनले भनिन् ।

कैलाली घोडाघोडी-२ मा अशिषेक मौरीपालन फर्म सञ्चालक उमा खत्रीले महोत्सव नेपाली उत्पादनको प्रचारप्रसारका लागि उपयुक्त थलो भए पनि उत्पादन ल्याउन सहज नभएको बताइन् । 'महोत्सवमा सहभागी हुँदा नेपाली उत्पादनको प्रचारप्रसार तथा नयाँ बजार खोज्नमा सहयोग पुग्छ तर सीमाबाट सामान ओसारपसार भने सहज छैन,' नेपाल मौरीपालन संघका केन्द्रीय उपाध्यक्ष समेत रहेकी खत्रीले भनिन्, 'अहिले पनि सामान ल्याउन सहज भएन, दुवै देशका सरकारले यस विषयमा ध्यान दिन जरुरी छ ।'

काठमाडौं नागार्जुनमा ग्लोबल नेचर एग्रोटेक सञ्चालन गरिरहेकी संगीता गुरुङले रोल्पा र रुकुममा उत्पादित भीर मौरीको मह ल्याएको बताइन् । 'श्रीमान आफै भीर मौरीको मह निकाल्न जानुहुन्छ, भीर मौरीको मह धेरैले रुचाउनुभएको छ । त्यसबाहेक टिमुर र कोदोको पीठोको विक्री पनि राम्रो छ,' उनले भनिन्, 'महोत्सवका कारण नेपाली उत्पादनलाई यहाँसम्म ल्याउन सजिलो भयो ।'

काठमाडौं कोटेश्वरमा कोसेली ढाकाका सञ्चालक करुण राईले भने हातले बुनेका विभिन्न पोशाक ल्याएको बताए । 'यो पोशाक मात्रै होइन, नेपाली पोशाक र नेपाली हस्तकलाको प्रवर्द्धन पनि हो, देहरादुनमा उल्लेख्य संख्यामा नेपाली रहेकाले महोत्सवमा सहभागी भएका हौं,' उनले भने । महोत्सवमा भक्तपुरस्थित कुवेर थांका आर्टस् एन्ड ट्रेडर्सका सञ्चालक लायन तामाङ पनि भेटिए । उनले स्टलमा रुद्राक्ष, बोधिचित्तका मालाका साथै, ५० हजार रुपैयाँसम्म मूल्य पर्ने थांका विक्रीमा राखेका छन् । 'महोत्सव नेपाली चित्रकलालाई अन्तरराष्ट्रिय स्तरमा प्रवर्द्धन गर्ने अवसर पनि हो, चित्रकला धेरैले चाखपूर्वक अवलोकन गरेका छन्,' उनले भने ।

महोत्सवमा अल्लोबाट निर्मित वस्तु, सल्यानी खुकुरी, ढाकाका कपडा, नेपाली पोतेलगायत गहना, नेपालमा उत्पादित जुत्ता तथा विभिन्न हस्तकलाका सामग्री प्रदर्शनीमा राखिएका छन् । महोत्सवमा नेपालका ५० र भारतका १५० ओटा स्टल छन् । *रासस*

नेपालमा प्रत्यक्ष विदेशी लगानी आकर्षित गर्ने विषयमा छलफल

काठमाडौं (अस) । नेपाल-भारत उद्योग वाणिज्य संघ (निकी)को एक प्रतिनिधिमण्डलले राष्ट्रिय स्वतन्त्र पार्टीका कार्यवाहक सभापति तथा सांसद डोलप्रसाद (डीपी) अर्याललाई शुक्रवार पार्टी कार्यालयमा भेटेर छलफल गरेको छ । सो अवसरमा नेपालमा प्रत्यक्ष विदेशी लगानी आकर्षित गर्ने विषयमा छलफल केन्द्रित रहेको संघले जनाएको छ ।

भेटवार्तामा संघका अध्यक्ष सुनील केसी र कार्यसमिति सदस्य उत्तम भ्लोन लामा सहभागी रहेको संघको विज्ञप्तिमा उल्लेख छ । सो अवसरमा अध्यक्ष केसीले संघले नेपाल र भारतबीच सेतुको भूमिका खेलेको बताए । साथै संघले गरेको नेपाल-भारत आर्थिक सहकार्य प्रवर्द्धनका गतिविधिहरू पनि उनले प्रस्तुत गरे । संघको प्राथमिक उद्देश्य नेपालमा लगानीको अभाव पूर्ति गर्न विदेशी लगानी, विशेष गरी भारतीय लगानी आकर्षित गर्ने रहेको बताए । साथै, नेपालमा विदेशी लगानी आकर्षित गर्न तथा लगानीको सुरक्षाका लागि नीतिगत संरचनामा समस्या रहेको उल्लेख गर्दै प्रमुख नीतिगत सुधार आवश्यक रहेकोमा केसीले जोड दिए ।

मुख्यरूपमा बौद्धिक सम्पत्ति अधिकार, केही निश्चित क्षेत्रमा नाफा फिर्ता, दक्षिण एशियाली क्षेत्रमै उच्च रहेको ३९ प्रतिशतसम्मको आयकर तथा व्यवस्थापन शुल्कसम्बन्धी नीतिहरूमा सुधार आवश्यक रहेको केसीले बताए ।

स्वतन्त्र ऊर्जा उत्पादक संघ नेपाल (इप्पान)का उपाध्यक्ष समेत रहेका संघका कार्यसमिति सदस्य भ्लोन लामाले नेपालका ऊर्जा नीतिहरू र ऊर्जा व्यापारका अवरोधमाथि प्रकाश पारेका थिए । उनले निजीक्षेत्रलाई नीतिनिर्माण प्रक्रियामा समावेश गर्नुपर्ने आवश्यकतामा विशेष जोड दिए । यसो गर्दा ऊर्जामा लगानी र व्यापारका लागि अनुकूल वातावरण सृजना गर्न सकिने उनको भनाइ छ ।

कार्यवाहक सभापति अर्यालले नेपालमा मानव स्रोत, अवसर र विकासका लागि पर्याप्त सम्भावना रहेको बताए । उनले सुशासन र भ्रष्टाचारमुक्त व्यवस्था अनिवार्य रहेकोमा जोड दिंदै लगानीमैत्री वातावरण निर्माणका लागि सुधार आवश्यक रहेको बताए ।

निजीक्षेत्रको नीतिनिर्माण प्रक्रियामा संलग्नता आवश्यक रहेकोमा सहमति जनाउँदै उनले निजीक्षेत्रको सुरक्षा र कानूनी संरक्षणका लागि उचित नीति निर्माणमा आफ्नो पार्टी प्रतिबद्ध रहेको बताए ।

चितवनमा उत्पादित गाजर र चुकन्दर जर्मनी निर्यात

चितवन । यहाँ उत्पादित गाजर र चुकन्दर विदेश निर्यात गर्न थालिएको छ । जिल्ला प्रांगारिक संघमा आबद्ध १५ जना किसानद्वारा उत्पादित गाजर र चुकन्दर यही चैत ४ गतेदेखि विदेश निर्यात गर्न थालिएको हो ।

भरतपुर महानगरपालिका-१५, श्रीपुरमा उत्पादन भएको गाजर र चुकन्दर जर्मनी निर्यात गर्न थालिएको संघका अध्यक्ष चन्द्रप्रसाद अधिकारीले जानकारी दिए । उनले भने, 'अहिलेसम्म ८४ टन चुकन्दार विदेश निर्यातका लागि पठाइसकेका छौं । अझै ४२ टन बाँकी छ ।' संघमा आबद्ध किसानले १४ बिघा क्षेत्रफलमा लगाएको चुकन्दर र गाजर विदेश निर्यात शुरू गरिएको उनले बताए ।

तीन वर्षदेखि यहाँ उत्पादित प्रांगारिक गाजर र चुकन्दर विदेश निर्यात भइरहेको अधिकारीको भनाइ छ । उनले भने, 'शुरूका वर्ष मेरो उत्पादन मात्रै पठाएको थिएँ । अहिले साथीहरूको उत्पादन पनि विदेश निर्यात हुन थालेको छ ।'

शुरुआतमा चुकन्दर पठाएपछि गाजर पठाउने तयारी गरिएको अध्यक्ष अधिकारीले जानकारी दिए । गाजर १५० टन विदेश निर्यात गरिनेछ । उनका अनुसार द अर्गानिक भ्याली नामक संस्थाले यहाँको उत्पादनलाई विदेश पठाउँदै आएको छ । जर्मनीबाट आएका वैज्ञानिकले जमिन प्रमाणीकरण गरेपछि यहाँको उत्पादन निर्यात हुन थालेको हो ।

यहाँको २० बिघा क्षेत्रफलले प्रांगारिक क्षेत्रको मान्यता पाएको छ । जर्मनी जाने गाजर प्रतिकिलो २० र चुकन्दर ५० रुपैयाँमा पठाउने गरिएको संघका सदस्य छविलाल न्यौपानेले जानकारी दिए । संघमा आबद्ध १५ जना किसानद्वारा उत्पादित गाजर र चुकन्दर जर्मनी निर्यात शुरू भएको र कृषिजन्य उत्पादन निर्यातले कृषकमा उत्साह थपेको उनले बताए ।

उनी भन्छन्, 'अर्गानिक खेती हुने क्षेत्रमा गाजर र चुकन्दरबाहेक गहुँ, मुसुरो, जौ घाँस, आलु र विभिन्न तरकारीका लगाइँदै आइएको छ ।' यहाँ उत्पादित कृषिउपज विदेशसँगै स्वदेशका चितवन, पोखरा, काठमाडौंलगायत जिल्लामा बिक्री हुँदै आएको न्यौपानेले बताए । *रासस*

प्रत्येक पालिकामा आपत्कालीन गोदामघर व्यवस्थापन गरिने

काठमाडौं । गृह मन्त्रालयले विपद् प्रतिकार्यका लागि आवश्यक सामग्रीसहित मुलुकभरका स्थानीय तहमा आपत्कालीन गोदामको व्यवस्थापन गर्न पहल गरेको छ ।

गृहमन्त्री रमेश लेखकको अध्यक्षतामा शुक्रवार गृह मन्त्रालयमा बसेको विषयगत समितिको बैठकले विपद् जोखिम न्यूनीकरण कार्यलाई प्रभावकारी बनाउन जोखिमको नक्सांकन, सुरक्षित बासस्थान निर्माण, पूर्वतयारी, प्रतिकार्य, पुनर्लाभ, पुनःस्थापनाको कार्य राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, प्रदेश विपद् व्यवस्थापन समिति, जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय विपद् व्यवस्थापन समितिहरूले समन्वायत्मक रूपमा गर्ने निर्णयसमेत भएको छ ।

यसैगरी बैठकमा नगर प्रहरीको क्षमता विकासमा मागअनुसार नेपाल प्रहरीले सहयोग गर्ने निर्णय भएको देखिएका सुरक्षा चुनौतीहरूको विश्लेषण तथा समीक्षा गरिएको छ,' प्रवक्ता तिवारीले भने, 'बैठकमा भएका निर्णय र प्राप्त सुझावसहितको प्रतिवेदन राष्ट्रिय समन्वय परिषद्मा पठाइनेछ ।'

पछिल्ला दिनमा देखिएका संविधान तथा व्यवस्थाविरोधी गतिविधिलाई निस्तेज गर्दै विद्यमान सुरक्षा चुनौतीहरूको सूक्ष्म निगरानी तथा नियन्त्रण गरी आमनागरिकमा सुरक्षाको प्रत्याभूति दिलाउन गृह मन्त्रालय र प्रदेश सरकारका सम्बन्धित मन्त्रालयबीचको सहकार्यलाई प्रभावकारी बनाउनेसमेत निर्णय भएको मन्त्रालयले जनाएको छ ।

बैठकमा गृहमन्त्री लेखकले प्रादेशिक आपत्कालीन गोदामहरू प्रदेश सरकारलाई हस्तान्तरण थालिएको जानकारी दिए । 'कर्णाली र सुदूरपश्चिममा प्रदेश सरकारलाई गोदामघर हस्तान्तरण गरिसकेका छौं । अरु प्रदेशमा पनि हस्तान्तरण गर्ने र पालिकास्तरसम्म गोदाम सञ्चालनमा ल्याउने गरी प्रदेश र स्थानीय सरकारको सहयोग आवश्यक छ,' उनले भने । बैठकमा गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्र पाण्डे, सुदूरपश्चिम प्रदेशका आन्तरिक मामिला तथा कानूनमन्त्री हिरा सार्की, बागमती प्रदेशका आन्तरिक मामिला तथा कानूनमन्त्री सुरजचन्द्र लामिछाने, नेपाल नगरपालिका महासंघका अध्यक्ष भीमप्रसाद ढुंगाना, गाउँपालिका राष्ट्रिय महासंघका अध्यक्ष लक्ष्मी पाण्डे, गृहसचिव गोकर्णमणि दुवाडी, नेपाल प्रहरी प्रमुख दीपक थापा, सशस्त्र प्रहरी प्रमुख राजु अर्याल र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख डा. दिनेश भट्टलगायतले धारणा राखेका थिए । *रासस*

प्रहरी समायोजन कार्यलाई निष्कर्षमा पुऱ्याउन आवश्यक कानून परिमार्जन तथा व्यवस्थापकीय तयारी कार्यलाई गृह मन्त्रालयले प्रदेश सरकारसँग समन्वय गरी अगाडि बढाउने निर्णय भएको गृह मन्त्रालयले जनाएको छ

गृह मन्त्रालयका प्रवक्ता/सहसचिव रामचन्द्र तिवारीले जानकारी दिए ।

यस्तै, पछिल्लो समय बढ्दै गएको लागूऔषध दुर्व्यसन, आत्महत्या, सडक दुर्घटना, साइबर अपराधलगायत सुरक्षा चुनौती न्यूनीकरण गर्दै नागरिकको जिउधन र सम्पत्तिको सुरक्षा गर्न नीति कार्यक्रम तथा पूर्वाधार निर्माणमा सहकार्यलाई थप सुदृढ बनाइने निर्णय भएको छ । प्रहरी समायोजन कार्यलाई निष्कर्षमा पुऱ्याउन आवश्यक कानून परिमार्जन तथा व्यवस्थापकीय तयारी कार्यलाई गृह मन्त्रालयले प्रदेश सरकारसँग समन्वय गरी अगाडि बढाउने निर्णय भएको गृह मन्त्रालयले जनाएको छ । 'देशको समग्र शान्ति सुरक्षाको अवस्था र प्रादेशिक रूपमा

भीरकोटमा दुई सडक कालोपत्र

वालिङ (स्याङ्जा) । स्याङ्जाको भीरकोट नगरपालिकामा चालू आर्थिक वर्षमा दुई सडक कालोपत्र गरिएका छन् । भीरकोट-६ को सुन्दरबजार-मोहनडाँडा-ठूलीभञ्ज्याङदेखि पर्वतको हातेमालो चोक जाने सडक कालोपत्र गरिएको छ । सुन्दरबजारदेखि-स्वरेक मैदान सडकको सडक कालोपत्र गर्ने काम सकिँदै छ ।

सुन्दरबजारदेखि पर्वतको हातेमालोचोक जोड्ने सडक कालोपत्रको काम भइरहेको भीरकोट नगरपालिकाका इन्जिनियर सरोज पराजुलीले बताए । आगामी असार २० गतेसम्म सडक कालोपत्र सक्ने गरी काम भइरहेको उनको भनाइ छ । सडक कालोपत्रसँगै पक्की नाली र पर्खाल निर्माण गर्ने काम भइरहेको छ ।

त्यस्तै सुन्दरबजारदेखि स्वरेक मैदान जोड्ने सडक स्तरोन्नति गरिएको छ । २०८१ पुस २६ गते सम्झौता भई निर्माण शुरू भएको उक्त सडक आगामी जेठ मसान्तसम्ममा सक्नुपर्ने भए पनि तोकिएको समयअगावै सम्पन्न भएको योजना शाखा प्रमुख यामप्रसाद रेग्मीले बताए । उक्त सडकमा पर्खाल बनाउने, जाली हाल्ने र पक्की नाली निर्माण गरिएको छ ।

नगरपालिकाले नगरका गौरवका सडकलाई प्राथमिकताका आधारमा निर्माण गर्दै आएको नगर प्रमुख गोविन्दकुमार कर्माचार्यले बताए । सुन्दरबजारदेखि पर्वतको हातेमालो चोक जोड्ने सडक ५० प्रतिशत संघीय समपूरक अनुदान र ५० प्रतिशत नगरपालिकाको लागत सहभागितामा सञ्चालन भएको उनले बताए । त्यस्तै सुन्दरबजारदेखि स्वरेक मैदान जोड्ने सडक गण्डकी प्रदेश सरकारको समपूरक अनुदान ६० प्रतिशत र नगरपालिकाको ४० प्रतिशत लागत साझेदारीमा निर्माण सम्पन्न भइसकेको छ । *रासस*

बाँकी पृष्ठ १ बाट ...

धितोपत्र बोर्डद्वारा ...

नियामक निकायले आम लगानीकर्ताको लगानी सुरक्षित हुने गरी निर्णय लिनुपर्ने जिम्मेवारीलाई ध्यानमा राखी बोर्डले यतिबेला काम गरिरहेको उनले बताए । आईपीओ अनुमतिका लागि आवेदन दिने कम्पनीमा जलविद्युत्तर्फका सबैभन्दा बढी छन् । बोर्डका नियमन विभागका एक उच्च अधिकारीले धेरैजसो जलविद्युत् कम्पनीले अघिल्लो आवको वास्तविक वित्तीय विवरण पेश गर्न ढिलाइ गरिरहेको जानकारी दिए । पहिले पेश भएको वित्तीय विवरण पुरानो भइसकेकाले पछिल्लो आवको वित्तीय विवरण बुझाउन भनिएका हो ।

कतिपय कम्पनीको आवेदन दिँदाको समयमा भन्दा पछिल्लो समय नेटवर्थ घट्न गएकाले पनि लामो समय पाइपलाइनमा रहनुपर्ने अवस्था आउने सम्भावना रहेको ती अधिकारीले बताए ।

धितोपत्र बजारमा प्रवेश गर्ने कम्पनीलाई भोलिका दिनमा लगानीकर्तालाई राम्रो प्रतिफल दिन सक्ने क्षमता लिएर मात्र आवेदनका लागि आउन ती अधिकारीले सुझाव दिए । अहिले बोर्डले सार्वजनिक निष्कासन स्वीकृति प्रक्रियालाई चुस्त दुरुस्त बनाउन धितोपत्र दर्ता तथा निष्कासन नियमावलीसँगै बुक बिल्डिङ निर्देशिका परिमार्जन गर्ने तयारी गरेको छ । बोर्डले धितोपत्र दर्ता तथा निष्कासन नियमावली, २०७३ र बुक बिल्डिङ निर्देशिका, २०७७ का केही व्यवस्था परिमार्जन गत पुसमै पाँच सदस्यीय अध्ययन समिति गठन गरेर काम गरिरहेको छ । यो काम भइरहेको अवस्थामा बोर्डले पछिल्लो समय प्रिमियम मूल्य र बुक विल्डिङ विधिबाट आईपीओ निष्कासनका लागि स्वीकृति दिएको छैन । पछिल्लो समय बुक विल्डिङ विधिबाट आईपीओ स्वीकृति पाएको रिलायन्स स्पिनिङ मिल्सको आईपीओ विवादित बनेसँगै बोर्डले बुक विल्डिङ विधिलाई समेत परिमार्जन गरेर लैजाने तयारी गरेको हो ।

आईपीओ स्वीकृति प्रक्रियामा ढिलाइ भइरहँदा जलविद्युत् क्षेत्रका कम्पनीहरू आत्तिन थालेका छन् । आईपीओ अनुमतिका लागि निवेदन दिएका अधिकांश जलविद्युत् कम्पनीको प्रतिशेयर नेटवर्थ न्यून रहेको बोर्डका अधिकारीले बताएका छन् ।

सार्वजनिक लेखा समितिको निर्देशनपछि आईपीओ स्वीकृतिमा ढिलाइ भइरहेको गुनासो गर्दै स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान) ले आईपीओ सम्बन्धमा गरिएको निर्णयमा पुनर्विचार गरी कानूनी व्यवस्थाका आधारमा निष्कासन प्रक्रिया अघि बढाउन गत फागुन ९ गते सार्वजनिक लेखा समितिलाई पत्राचार गरेको थियो । इप्पानले दबाबस्वरूप लेखा समितिलाई पत्रचार गरे पनि बोर्डमा लेखा समितिबाट पछिल्लो समय कुनै निर्देशन प्राप्त नभएको बोर्डले जानकारी दिएको छ ।

किन भारतमै ...

राष्ट्र बैंकले शुक्रवार सार्वजनिक गरेको अध्ययन प्रतिवेदनअनुसार नेपालको सबै खाले चिया निर्यातको अवस्था हेर्दा सन् २०२२ मा भारतमा ९५ दशमलव २ प्रतिशत निर्यात भएको छ भने अमेरिकामा शून्य दशमलव ४ प्रतिशत मात्रै निर्यात गर्न सकेको छ । जबकि अमेरिका पाकिस्तानपछि दोस्रो धेरै चिया आयात गर्ने देश हो । अध्ययन प्रतिवेदनअनुसार पाकिस्तानले सन् २०२३ मा ५९ करोड २२ लाख अमेरिकी डलर बराबर र अमेरिकाले ५१ करोड ९८ लाख अमेरिकी डलर बराबरको चिया आयात गरेको थियो । दुबई (संयुक्त अरब इमिरेट्स), रूस, बेलायत, इजिप्ट, जर्मनी, इराक, हङकङ, मोरोक्को आदि देशहरू विश्वमा धेरै चिया आयात गर्नेअन्तर्गत पर्छन् । सोही वर्ष नेपालको कुल चिया निर्यातको २ दशमलव १ प्रतिशत अंश रूसले ओगटेको छ भने शून्य दशमलव ४ प्रतिशत निर्यातको अंश जर्मनीले ओगटेको देखिएको छ ।

राष्ट्रिय चिया तथा कफी विकास बोर्डका प्रवक्ता डा. दीपक खनालका अनुसार तेस्रो मुलुकमा चिया निर्यात गर्दा ती मुलुकले स्वास्थ्य परीक्षण रिपोर्ट खोज्छन् । त्यसका लागि नेपालले अझै पर्याप्त मात्रामा काम गर्न सकेको छैन ।

नेपाली चिया बजारमा भारतको एकाधिकार तोड्न नेपालले चिनियाँ बजारमा निर्यात गर्न खोजे पनि सफल हुन नसकेको उनले बताए ।

अहिले चीन सरकारको जनरल एडमिनिस्ट्रेशन अफ चाइना कस्टम (जीएसीसी) ले आयात गर्नुपर्ने वस्तुको सूचीमा नेपाली चिया पनि राखेको छ । तर, आयात गर्न आयातकर्ताले चीन सरकारसँग अनुमतिपत्र लिनुपर्ने हुन्छ । उक्त अनुमतिपत्र प्राप्त गर्न निकै झन्झटिलो भएका कारण समस्या छ । यसका लागि कूटनीतिक पहल हुनुपर्ने खनालको भनाइ छ । नेपाली चिया भारतका स्थानीय बजारमा विक्री हुने र सोही चियालाई भारतीय व्यापारीले आफ्नै ब्रान्डका रूपमा तेस्रो मुलुकमा निर्यात गर्ने गरेकाले यसले नेपाली चिया बजारलाई नराम्रो असर गरिरहेको सरोकारवाला बताउँछन् ।

चिया व्यवसायी दाहालका अनुसार तेस्रो मुलुकमा नेपाली चियाले आफ्नो बजार पर्याप्त मात्रामा विस्तार गर्न नसक्दा चिया उत्पादक किसान र व्यवसायीले उचित मूल्य पाउन सकेका छैनन् । भारतीय बजारमा भन्दा नेपाली चियाको मूल्य रूस, नेदरल्यान्ड्स, जर्मनी, अमेरिका लगायत देशमा धेरै भएको राष्ट्र बैंकको अध्ययनले पनि देखाएको छ । 'नेपाली चिया भारत निर्यात हुँदा नेपाली व्यवसायीले भुक्तानी छिटो पाउँछन् । यस्तो अवस्थामा सामान्यतया १५ दिनभित्र किसानले भुक्तानी पाउँछन् । तर, अन्य देशमा बेच्दा भुक्तानी पाउन लामो समय पर्खिनुपर्ने हुन्छ,' दाहालले भने । 'मुख्य कुरा त नेपाली चिया तेस्रो मुलुकमा निर्यातका लागि सरकारले नै नीतिगत प्रयास गरेको छैन ।'

आगामी साधारणसभा

क्र.सं.	कम्पनीको नाम	आर्थिक वर्ष	स्थान	मिति	समय	प्रस्तावित लाभांश (%)		अन्य प्रस्ताव	बुक क्लोज
						बोनस	नगद		
१	नेष्डो समृद्ध लघुवित्त वित्तीय संस्था लिमिटेड	२०८०/८१	रोयल कुश्मा रिसोर्ट, कुश्मा, पर्वत	चैत १०	११:३०	१४.२५	०.७५	वार्षिक प्रतिवेदन पारित गर्ने	फागुन २८
२	मानुषी लघुवित्त वित्तीय संस्था लिमिटेड	२०८०/८१	होटल भ्यू भक्तपुर, जगाती, भक्तपुर	चैत १०	१०:३०			वार्षिक प्रतिवेदन पारित गर्ने	फागुन २५
३	युनाइटेड इदी मर्दी एण्ड आर.बि. हाइड्रोपावर लिमिटेड	२०८०/८१	आभ्या क्लब, घारीपाटन, पोखरा	चैत ११	११:००	४	०.२११	शतप्रतिशत हकप्रद शेयर जारी गर्ने, सञ्चालकको निर्वाचन, वार्षिक प्रतिवेदन पारित गर्ने	फागुन २३
४	गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स लिमिटेड	२०८०/८१	होटेल एयरपोर्ट, मोरङ, विराटनगर	चैत ११	११:००			सञ्चालकको निर्वाचन/नियुक्ति, वार्षिक प्रतिवेदन पारित गर्ने	फागुन २६
५	एक्सेल डेभलपमेन्ट बैंक लिमिटेड	२०८०/८१	सिद्धार्थ होटल, बिर्तामोड, झापा	चैत ११	११:००			सञ्चालकको नियुक्ति, वार्षिक प्रतिवेदन पारित गर्ने	फागुन २९
६	राधी विद्युत् कम्पनी लिमिटेड	विशेष	हिमशिखर पार्टी भेन्यू, चापागाउँ, ललितपुर	चैत ११	८:००			सञ्चालकको नियुक्ति	फागुन २५
७	साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड	२०८०/८१	त्रिभुवन आर्मी अफिसर्स क्लब, भद्रकाली, काठमाडौं	चैत १५	११:००		१०	वार्षिक प्रतिवेदन पारित गर्ने	चैत १ - चैत १५
८	सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड	२०८०/८१	आम्रपाली ब्याङ्क्वेट, नक्साल, काठमाडौं	चैत १५	११:००	२६.९८४१२६९८	१.४२०२२	वार्षिक प्रतिवेदन पारित गर्ने	फागुन २८
९	नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेड	२०८०/८१	नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादी, काठमाडौं	चैत १९	११:००	१५	०.७९	वार्षिक प्रतिवेदन पारित गर्ने	चैत ७
१०	चिरख्वा हाइड्रोपावर लिमिटेड	२०८०/८१	कुण्डलिनी रोयल्स, जोरपाटी, काठमाडौं	चैत २०	९:००			सञ्चालकको निर्वाचन, वार्षिक प्रतिवेदन पारित गर्ने	चैत १२
११	सानिमा जिआईसी इन्स्योरेन्स लिमिटेड	२०८०/८१	अमृतभोग, कालिकास्थान, काठमाडौं	चैत २१	११:००	७.५	०.३९४७	१७ प्रतिशत हकप्रद शेयर जारी गर्ने, वार्षिक प्रतिवेदनहरू पारित गर्ने	चैत ८
१२	अपर हेवाखोला हाइड्रोपावर कम्पनी लिमिटेड	विशेष	युनियन हाउस, अनामनगर, काठमाडौं	चैत २२	११:००			शतप्रतिशत हकप्रद शेयर जारी गर्ने	चैत १४
१३	युनाइटेड मोदी हाइड्रोपावर लिमिटेड	२०८०/८१	कालिमाटी ब्याङ्क्वेट हल, कालिमाटी, काठमाडौं	चैत २७	११:००			६५ प्रतिशत हकप्रद शेयर जारी गर्ने, वार्षिक प्रतिवेदनहरू पारित गर्ने	चैत ८
१४	ग्रीन डेभलपमेन्ट बैंक लिमिटेड	२०८०/८१	होटल पिस प्यालेस, बागलुङ	चैत २७	११:००	५.७५	०.३०२७	११०.७१ प्रतिशत हकप्रद शेयर जारी गर्ने, सञ्चालकको निर्वाचन, वार्षिक प्रतिवेदन पारित गर्ने	चैत १५

नेपाल धितोपत्र बोर्डमा पाइपलाईनमा रहेका ऋणपत्र

क्र.सं.	ऋणपत्रको नाम	ब्याज (प्रतिशत)	अवधि (वर्ष)	निष्कासन हुने कित्ता	सर्वसाधारणमा निष्कासन (कित्ता)	प्राइभेट प्लेसमेन्ट (कित्ता)	विक्री प्रबन्धक	निवेदन मिति
१	८% प्राइम डिबेन्चर २०९१	८.००	१०	३,०००,०००	१,२००,०००	१,८००,०००	सानिमा क्यापिटल लिमिटेड	२०८१ साउन २
२	६% निफ्रा उर्जा डिबेन्चर २०८८/८९	६.००	७	५,०००,०००	२,०००,०००	३,०००,०००	एनआइएमबि एस क्यापिटल लिमिटेड	२०८१ कात्तिक १४
३	७.२५% एसबिएल डिबेन्चर २०९१	७.२५	१०	२,५००,०००	१,०००,०००	१,५००,०००	एनएमबि क्यापिटल लिमिटेड	२०८१ फागुन ११
४	८% शाइन रेसुङ्गा डिबेन्चर	८.००	१०	१,०००,०००	४००,०००	६००,०००	एनआइएमबि एस क्यापिटल लिमिटेड	२०८१ असोज १४
५	८.५% सिटिजन्स बैंक डिबेन्चर २०९०	८.५०	१०	३,०००,०००	१,२००,०००	१,८००,०००	हिमालयन क्यापिटल लिमिटेड	२०८० माघ १२
६	७% नेपाल एसबिआई बैंक डिबेन्चर २०९०	७.००	१०	३,०००,०००	१,२००,०००	१,८००,०००	नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड	२०८१ जेठ ०२
७	८% आरबिबिएल डिबेन्चर २०८७	८.००	७	२,५००,०००	१,०००,०००	१,५००,०००	सानिमा क्यापिटल लिमिटेड	२०७९ भदौ १४
८	७% नबिल डिबेन्चर २०८९	७.००	८	३,०००,०००	१,२००,०००	१,८००,०००	नेपाल एसबिआई मर्चेन्ट बैंकिङ्ग लि.	२०८१ असार १४
९	७% एनआईसी एशिया डिबेन्चर २०९१	७.००	१०	५,०००,०००	२,०००,०००	३,०००,०००	प्रभु क्यापिटल लिमिटेड	२०८१ असोज ७

जीवन बीमा कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८१ चैत ०७)

क्र.सं.	कम्पनीको नाम	बजार मूल्य	५२ हप्ताको उच्च विन्दु	५२ हप्ताको न्यून विन्दु
१	गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स लि.	२०३५.५२	२०८०	३०१
२	लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लि.	१०१२.२६	२४७५	९७८.१
३	नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लि.	७६९.६	१०६०	५६६
४	एशियन लाइफ इन्स्योरेन्स कम्पनी लि.	७३७.४१	८३१	५२३
५	सन नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड	६६७.७४	७४४.५	४४७.२
६	नेशनल लाइफ इन्स्योरेन्स कम्पनी लि.	६३९.१९	७७६.१	५२१.३
७	प्रभु महालक्ष्मी लाइफ इन्स्योरेन्स लि.	५७०.६५	७३२.२	४७३
८	रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लि.	५४७.३४	६००.१	४१२
९	सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी लि.	५०९.५३	७७४.९	४३०
१०	आईएमई लाइफ इन्स्योरेन्स कम्पनी लि.	४७०.४१	६०६	४१२.५
११	सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनी लि.	४४६.५	६४४	३९५.१
१२	हिमालयन लाइफ इन्स्योरेन्स लिमिटेड	४२५.५१	६०७	३६४.१
१३	सानिमा रिलायन्स लाइफ इन्स्योरेन्स लि.	४१८.८८	६५४	४१५

निर्जीवन बीमा कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८१ चैत ०७)

क्र.सं.	कम्पनीको नाम	बजार मूल्य	५२ हप्ताको उच्च विन्दु	५२ हप्ताको न्यून विन्दु
१	राष्ट्रिय बीमा कम्पनी लिमिटेड	१४५६६.५	२२४९३.९	१२८००
२	प्रभु इन्स्योरेन्स लिमिटेड	९५७.६२	१११३	७४०
३	एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेड	८६३.१८	१३८२	७३२
४	नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेड	८५०.०८	११६२	८००
५	सिद्धार्थ प्रिमियर इन्स्योरेन्स लिमिटेड	८४८.७२	१०७६	७११.५
६	शिखर इन्स्योरेन्स कम्पनी लिमिटेड	७८०.१७	११२०	६६९.४
७	नेको इन्सुरेन्स लिमिटेड	७७१.५१	१०५०	७५०
८	सगरमाथा लुम्बिनी इन्स्योरेन्स क. लि.	७१९.८१	९२६	६०२
९	सानिमा जिआईसी इन्स्योरेन्स लिमिटेड	६६४.३१	८१७.१	५०८.१
१०	यूनाइटेड अजोड इन्स्योरेन्स लिमिटेड	६५८.०९	८३७.३	५१५.५
११	हिमालयन एभरेष्ट इन्स्योरेन्स लिमिटेड	६१३.८२	८१०	५५३.३
१२	आइजीआई प्रुडेन्सियल इन्स्योरेन्स लि.	५९०.७३	७६०	५०८

विकास बैंकहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८१ चैत ०७)

क्र.सं.	कम्पनीको नाम	बजार मूल्य	५२ हप्ताको उच्च विन्दु	५२ हप्ताको न्यून विन्दु
१	नारायणी डेभलपमेन्ट बैंक लिमिटेड	१९६६.४९	२०६०	४००
२	कर्पोरेट डेभलपमेन्ट बैंक लिमिटेड	१८८८.३५	२८४२.३	४०५
३	ग्रीन डेभलपमेन्ट बैंक लिमिटेड	१४६७.८७	२००१.४	३५८
४	सप्तकोशी डेभलपमेन्ट बैंक लिमिटेड	११९५.५८	१६२२.७	२८५
५	सिन्धु विकास बैंक लिमिटेड	११४३.९१	१४८२	३३६
६	एक्सेल डेभलपमेन्ट बैंक लिमिटेड	६५९.६६	८३८.२	३४३.५
७	मितेरी डेभलपमेन्ट बैंक लिमिटेड	६४१.८९	८४३.५	४०२.७
८	कामना सेवा विकास बैंक लिमिटेड	४४०.७३	५६४.८	३४१
९	लुम्बिनी विकास बैंक लिमिटेड	४३६.४१	५६०	३६१
१०	शाइन रेसुङ्गा डेभलपमेन्ट बैंक लिमिटेड	४१७.५३	६२५	३५४
११	महालक्ष्मी विकास बैंक लिमिटेड	४१०.३९	४९८	३११.७
१२	सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेड	४०८.७८	४९७	२८७.३
१३	गरिमा विकास बैंक लिमिटेड	३९९.४२	५३१.४	३५०.१
१४	मुक्तिनाथ विकास बैंक लिमिटेड	३६८.१९	४८२	३३२.४
१५	ज्योति विकास बैंक लिमिटेड	३४७.५९	४४५	२७५

फाइनान्स कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८१ चैत ०७)

क्र.सं.	कम्पनीको नाम	बजार मूल्य	५२ हप्ताको उच्च विन्दु	५२ हप्ताको न्यून विन्दु
१	नेपाल फाइनान्स लिमिटेड	७०३.२६	२६१४.९	३६६.४
२	गुडविल फाइनान्स लिमिटेड	६८०.४१	१३५३	४३८
३	मल्टीपर्पस फाइनान्स लिमिटेड	६३४.८५	९३६.९	३५६.१
४	आइसिएफसि फाइनान्स लिमिटेड	६१९.७७	९१०	४८८
५	मञ्जुश्री फाइनान्स लिमिटेड	६१७.३९	९१७	४८०.२
६	गोर्खाज फाइनान्स लिमिटेड	५९६.५६	१०४१	५४८
७	बेष्ट फाइनान्स कम्पनी लिमिटेड	५६९.१७	९५१.६	३३०
८	सेन्ट्रल फाइनान्स लिमिटेड	५५२.८८	८२०	३३८
९	प्रोग्रेशिभ फाइनान्स लिमिटेड	५३०.२७	८६५	३०९
१०	श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स क. लि.	५२६.३४	७९५	३५२.८
११	समृद्धि फाइनान्स कम्पनी लिमिटेड	५२५.४३	१११७.९	३०५.१
१२	रिलायन्स फाइनान्स लिमिटेड	५२२.६१	८३८	३४९.४
१३	जानकी फाइनान्स कम्पनी लिमिटेड	५१२.०८	१०८३.३	३७८.१
१४	गुहेश्वरी मर्चेण्ट बैंकिङ्ग एण्ड फाइनान्स लिमिटेड	५००.२६	७५९	३४८
१५	पोखरा फाइनान्स लिमिटेड	४२३.३५	७९५	३३९.९

'अन्य' कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८१ चैत ०७)

क्र.सं.	कम्पनीको नाम	बजार मूल्य	५२ हप्ताको उच्च विन्दु	५२ हप्ताको न्यून विन्दु
१	मुक्तिनाथ कृषि कम्पनी लिमिटेड	१६०१.६५	१९२६	७८५
२	नेपाल पुनर्बीमा कम्पनी लिमिटेड	१२७७.८६	१३८९.९	६३०.१
३	नेपाल वेयरहाउजिङ्ग कम्पनी लिमिटेड	९६८.०३	१२६४	६७८
४	हिमालयन रिइन्स्योरेन्स लिमिटेड	९६४.०६	११५६	५१२
५	नेपाल दूरसञ्चार कम्पनी लिमिटेड	९०१.३७	१२१४	८००
६	नेपाल रिपब्लिक मिडिया लिमिटेड	४८२.४९	६४५	३३८.१

होटल तथा पर्यटन कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८१ चैत ०७)

क्र.सं.	कम्पनीको नाम	बजार मूल्य	५२ हप्ताको उच्च विन्दु	५२ हप्ताको न्यून विन्दु
१	कालिञ्चोक दर्शन लिमिटेड	११२४.८	१३८१	७५२.१
२	तारागाउँ रिजेन्सी होटल्स लिमिटेड	१०८९.१५	१५३८	६९५.१
३	ओरियण्टल होटल्स लिमिटेड	८९१.७५	१२०५	७०४
४	चन्द्रागिरि हिल्स लिमिटेड	८८६.७१	१३६०	७६०
५	सिटि होटल लिमिटेड	८७३.३२	११६८.५	५६२
६	सोल्टी होटल लिमिटेड	४८८.९९	६३६.५	४१६.५

जलविद्युत् कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८१ चैत ०७)

क्र.सं.	कम्पनीको नाम	बजार मूल्य	५२ हप्ताको उच्च विन्दु	५२ हप्ताको न्यून विन्दु
१	कुथेली बुखरी स्मल हाइड्रोपावर लिमिटेड	२४०५.२५	३३००	९९०
२	सिक्लेस हाइड्रोपावर लिमिटेड	११४८.८४	१४७५	४५५
३	भगवति हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड	१०४७.९७	१३६१.७	५७९.१
४	बाराही हाइड्रोपावर पब्लिक लिमिटेड	१०३२.४	१२७५	४४९
५	सुपरमाई हाइड्रोपावर लिमिटेड	१०००.४	१२८३	६४०
६	सुपर मादी हाइड्रोपावर लिमिटेड	९५२.७४	१६५७	४२१.५
७	मिड सोलु हाइड्रोपावर लिमिटेड	९३७.७४	११८०	५९२
८	माण्डु हाइड्रोपावर लिमिटेड	९०३.३२	१४९३.१	६६६.१
९	शुभम पावर लिमिटेड	८९३.७२	११०९.६	६२३.५
१०	अपर हेवाखोला हाइड्रोपावर कम्पनी लिमिटेड	८८८.५५	९९३.४	३३८.४
११	रावा इनर्जि डेभलपमेन्ट लिमिटेड	८८३.८३	९९०	४५२.२
१२	भृगोल इनर्जी डेभलपमेन्ट कम्पनी लिमिटेड	८५३.२	१०८०	३३७.२
१३	थ्रीस्टार हाइड्रोपावर लिमिटेड	८३९.२२	१२३१	४७५.४
१४	नेपाल हाइड्रो डेभलोपर लिमिटेड	८३१.५६	१००२.६	४०८
१५	सयपत्री हाइड्रोपावर लिमिटेड	७७६.५८	९२२	४४३
१६	इष्टर्न हाइड्रोपावर लिमिटेड	७७५.७८	९९७	४२३.९
१७	चिरख्वा हाइड्रोपावर लिमिटेड	७६१.४८	९१०	४८०.५
१८	एशियन हाइड्रोपावर लिमिटेड	७५०.८३	९०४	४२०
१९	अप्पर स्याङ्गे हाइड्रोपावर लिमिटेड	७४८.९४	९६१	४५०
२०	रू रू जलविद्युत् परियोजना लिमिटेड	७४५.९६	९२६.८	४८४.९
२१	मन्दाकिनी हाइड्रोपावर लिमिटेड	७४३.८२	११०१	३८१.१
२२	रिभर फल्स पावर लिमिटेड	७३३.८७	१४८४	३२२.९
२३	मकर जितुमाया सुरी हाइड्रोपावर लिमिटेड	७२८.३८	८६०	३४२
२४	दोल्ती पावर कम्पनी लिमिटेड	७२३.७२	१०१७	३६६
२५	माथिल्लो मैलुङ खोला जलविद्युत् लिमिटेड	७१७.६२	८९०.४	३९५
२६	माईखोला हाइड्रोपावर लिमिटेड	७१३.४६	७६५	३५६.४
२७	भिजन लुम्बिनी उर्जा कम्पनी लिमिटेड	६८९.८१	८१६	४४५.१
२८	ईडवा हाइड्रोपावर लिमिटेड	६७४.३९	८३८	३४५
२९	युनाइटेड इदी मर्दी एण्ड आर.बि. हाइड्रोपावर लिमिटेड	६३८.७७	७९०	३२५
३०	अप्पर सोलु हाइड्रो इलेक्ट्रिक कम्पनी लिमिटेड	६२१.४४	७५२	३४४
३१	बिन्ध्यबासिनी हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड	६१३.०५	८२९.७	४४३
३२	हिमालयन पावर पार्टनर लिमिटेड	६०८.६१	६६५	२४४
३३	सगरमाथा जलविद्युत् कम्पनी लिमिटेड	६०७.५७	८००	३४३.६
३४	पिपुल्स हाइड्रोपावर कम्पनी लिमिटेड	५९९.७१	७४५.६	२७५.१
३५	माउन्टेन इनर्जी नेपाल लिमिटेड	५९०.०३	८०९.५	४९८.१
३६	मेन्छियाम हाइड्रोपावर लिमिटेड	५७७.३३	७१४	३१९
३७	न्यादी हाइड्रोपावर लिमिटेड	५७१.७	८८०	२७६
३८	मनकामना इन्जिनियरिङ्ग हाइड्रोपावर लिमिटेड	५६६.३५	६९६	२८३.५
३९	राप्ती हाइड्रो एण्ड जनरल कन्स्ट्रक्सन लिमिटेड	५५८.२५	७०८	२८६
४०	मैलुङ खोला जलविद्युत् कम्पनी लिमिटेड	५४७.४९	७३५	४०२
४१	कालिका पावर कम्पनी लिमिटेड	५४५.२४	६५२.४	३८०.२
४२	सामलिङ्ग पावर कम्पनी लिमिटेड	५४३.२४	७२२	४६४
४३	मोलुङ्ग हाइड्रोपावर कम्पनी लिमिटेड	५४२.३२	६५५	३५५
४४	तेह्रथुम पावर कम्पनी लिमिटेड	५३३.४९	६७१.६	४१०
४५	त्रिशुली जलविद्युत् कम्पनी लिमिटेड	५२९.५६	६९७	४३१
४६	माया खोला हाइड्रोपावर कम्पनी लिमिटेड	५२६.९५	६२७	२८०
४७	पिपुल्स पावर लिमिटेड	५२५.५८	६८३.४	३९७.३
४८	छ्याङ्दी हाइड्रोपावर लिमिटेड	५२३.१२	५९९.७	२८३.२
४९	सानिमा मिडिल तमोर हाइड्रोपावर लिमिटेड	५२३.०१	६३७	३४८
५०	अप्पर लोहोरे खोला हाइड्रोपावर कम्पनी लिमिटेड	५१७.७८	६९३	३०६.१
५१	बुद्धभुमी नेपाल हाइड्रोपावर कम्पनी लिमिटेड	५१४.९५	७४२	४२२
५२	साहस उर्जा लिमिटेड	५०५.१६	७२५	४०९.५
५३	श्वेत-गंगा हाइड्रोपावर एण्ड कन्स्ट्रक्सन लिमिटेड	५०४.११	६४९.५	३००.५
५४	बरुण हाइड्रोपावर कम्पनी लिमिटेड	५००.५६	५५०	२११
५५	हिमालयन हाइड्रोपावर लिमिटेड	४९७.३३	६३५	३३०
५६	चिलिमे जलविद्युत् कम्पनी लिमिटेड	४९१.२३	६९७	४२६.३
५७	ग्रीन भेन्चर्स लिमिटेड	४९०.९१	६९९.९	४०२.४
५८	सानिमा माई हाइड्रोपावर लिमिटेड	४६५.३	६८०	३१६
५९	युनाइटेड मोदी हाइड्रोपावर लिमिटेड	४४७.५२	४५०	२२३.१
६०	दिव्यश्वरी हाइड्रोपावर लिमिटेड	४१७.३७	४२७.२	१८५.३
६१	राधी विद्युत् कम्पनी लिमिटेड	३९८.४८	४७७	२२३.२
६२	रसुवागढी हाइड्रोपावर कम्पनी लिमिटेड	३९७.७२	५२७	२६०.३
६३	बुटवल पावर कम्पनी लिमिटेड	३९०.९	५३६.५	२८४.४
६४	दोर्दी खोला जलविद्युत् कम्पनी लिमिटेड	३८१.९१	६९६	३५६.४
६५	जोशी हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड	३७२.५२	५२१.६	२६५
६६	खानीखोला हाइड्रोपावर कम्पनी लिमिटेड	३४७.६	४७५	२०९
६७	वलेफी हाइड्रोपावर लिमिटेड	३३५.११	५२०	३१२.७
६८	सिनर्जी पावर डेभलपमेन्ट लिमिटेड	३३३.८२	३८९	२२०.२
६९	सान्जेन जलविद्युत् कम्पनी लिमिटेड	३३०.९३	४४२	२५६
७०	मध्य भोटेकोशी जलविद्युत् कम्पनी लिमिटेड	३३०.२८	४३३	२७९.३
७१	पाँचथर पावर कम्पनी लिमिटेड	३२३.५२	३६७.२	२२०
७२	मोदी ईनर्जी लिमिटेड	३२१.८६	३९३	२११.३
७३	युनियन हाइड्रोपावर लिमिटेड	३१८.३६	३७१	२१२.६
७४	यूनिभर्सल पावर कम्पनी लिमिटेड	२९८.११	३४५	१८३
७५	घलेम्दी हाइड्रो लिमिटेड	२९४.२	३१८	१४१
७६	पञ्चकन्या माई हाइड्रोपावर लिमिटेड	२९२.८२	३४८.८	२१४.२
७७	ड्रादी ग्रुप पावर लिमिटेड	२७४.९	५७१	२५०
७८	अपि पावर कम्पनी लिमिटेड	२७४.२१	३९०	१६२
७९	माउन्टेन हाइड्रो नेपाल लिमिटेड	२६६.१४	३७९	२१५.७
८०	अरुण भ्याली हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड	२५४.७८	३४९	१४९
८१	सिंगटी हाइड्रो इनर्जी लिमिटेड	२५२.८१	३३४.४	१४३.१
८२	ग्रीनलाईफ हाइड्रोपावर लिमिटेड	२४७.४७	३३६	१९६
८३	हिमालय उर्जा विकास कम्पनी लिमिटेड	२३८.४३	३३३.९	१८३.६
८४	शिव श्री हाइड्रोपावर लिमिटेड	२३१.४२	२८१.१	१५४
८५	अरुण काबेली पावर लिमिटेड	२२९.५९	३२६	१५७.२
८६	रिडी पावर कम्पनी लिमिटेड	२२३.६४	३११	१५४.५
८७	लिवर्टी इनर्जी कम्पनी लिमिटेड	२१३.३८	३४४	१७५.१
८८	नेशनल हाइड्रोपावर कम्पनी लिमिटेड	२११.६	२९०	१३६
८९	आँखुखोला जलविद्युत् कम्पनी लिमिटेड	२०४.३३	२७४.९	१५०.९
९०	अपर तामाकोशी हाइड्रोपावर लिमिटेड	२०१.४६	२९५	१५२.१
९१	हिमाल दोलखा हाइड्रोपावर कम्पनी लिमिटेड	१९९.४३	२७३	१२३.३

फागुनमा विकास बैंकहरूको शेयर कारोबार करीब ५६८ प्रतिशत बढ्यो

काठमाडौं (अस) । फागुनमा विकास बैंकहरूको शेयर कारोबार करीब ५६८ प्रतिशत वृद्धि भएको छ ।

नेपाल स्टक एक्सचेन्ज (नेप्से)ले सार्वजनिक गरेको फागुन महीनाको मासिक तथ्यांकअनुसार गत वर्षको फागुनको तुलनामा यो वर्षको फागुनमा विकास बैंकहरूको शेयर कारोबार ५६७ दशमलव ९६ प्रतिशत वृद्धि भएको हो । गत वर्षको फागुनमा विकास बैंकहरूको रू. २ अर्ब ३० करोड बराबरको शेयर कारोबार भएकोमा यस वर्षको फागुनमा रू. १५ अर्ब ३९ करोड बराबरको कारोबार भएको छ । तथ्यांकअनुसार गत वर्षको फागुनमा विकास बैंकहरूको ६६ लाख १ हजार कित्ता कारोबार भएकोमा यस वर्षको फागुनमा २ करोड २ लाख कित्ता शेयर कारोबार भएको हो ।

समूह	२०८१ फागुन		२०८० फागुन		कारोबार रकमकोघटबढ प्रतिशत
	कारोबार कित्ता हजारमा	कारोबार रकम रू दशलाख	कारोबार कित्ता हजारमा	कारोबार रकम रू दशलाख	
विकास बैंक	२०,२४१.१७	१५,३९२.८१	६,६०१.०७	२,३०४.४६	५६७.९६
अन्य	२६,०६१.०१	२७,९२१.८२	७,५०४.५४	४,७९३.६१	४८२.४८
लगानी	२२,८८०.४३	१७,१२९.२८	६,२९८.४४	३,१६२.५६	४४१.६३
लघुवित्त	१०,८१२.१९	१३,४७०.६९	३,८१०.९९	३,०६८.२८	३३९.०३
म्युचुअल फण्ड	३८,५१३.३०	३६७.७२	११,७२९.७३	९७.७५	२७६.१८
जीवन बीमा	२०,४४६.५०	१४,६१३.२०	८,०६७.९५	४,१७१.३१	२५०.३३
संस्थापक शेयर	२२,००६.१५	३,५२८.४९	५,९५४.३६	१,२५७.७०	१८०.५५
जलविद्युत्	१४५,४२६.५२	५९,६९६.९८	७४,४३४.०५	२३,३९४.४४	१५५.१८
बैंकिङ्ग	३८,७३३.७१	१०,५९८.३३	१६,९३५.७३	४,१७०.११	१५४.१५
निर्जीवन बीमा	७,६०४.६०	६,२५४.०२	३,८२१.८३	२,५४६.५६	१४५.५९
वित्त	१५,२९१.६९	९,६१२.१४	९,४७५.८२	४,०३०.४८	१३८.४९
होटल तथा पर्यटन	२,५९३.५५	२,०६७.२६	१,८१७.१३	१,०८४.८२	९०.५६
ऋणपत्र	१००.१०	१०९.०९	५९.३१	५७.५३	८९.६२
व्यापार	७२.३८	३९६.६२	६३.५१	३०५.५१	२९.८२
उत्पादन तथा प्रशोधन	९,९११.६५	६,९३७.१६	१२,२५९.७४	७,२३७.०१	(४.१४)

स्रोत : नेप्से

फागुनमा शेयर कारोबार सर्वाधिक वृद्धि हुने समूहगत सूचकको सूचीको दोस्रोमा 'अन्य' समूह छ । समीक्षा अवधिमा यो समूहको शेयर कारोबार रकम ४८२ प्रतिशत वृद्धि भएको छ ।

संस्थापक शेयर र ऋणपत्र गरेर १५ समूहमध्ये एक समूहको मात्रै शेयर कारोबार घटेको छ भने बाँकी सबैको बढेको छ । यीमध्ये उत्पादन तथा प्रशोधन समूहको शेयर कारोबार गत वर्षको फागुनको तुलनामा यस वर्षको फागुनमा ४ दशमलव १४ प्रतिशत घटेको छ । गत वर्षको फागुनमा यस समूहको रू. ७ अर्ब २३ करोड बराबरको शेयर कारोबार भएकोमा यस वर्षको फागुनमा रू. ६ अर्ब ९३ करोडमा झरेको हो ।

त्यस्तै, पछिल्लो समय संस्थापक शेयर कारोबार पनि बढेको देखिन्छ । गत फागुनमा संस्थापक शेयरको रू. १ अर्ब २५ करोड बराबरको कारोबार भएकोमा यस वर्ष फागुनमा रू. ३ अर्ब ५२ करोड बराबरको कारोबार भएको छ ।

गत साता २ दशमलव ४५ प्रतिशत घट्यो नेप्से

अभियान संवाददाता

काठमाडौं

धितोपत्र दोस्रो बजारमा पछिल्लो समय छोटो समयमै नाफा बुक गर्ने प्रवृत्ति बढेको छ । यही प्रवृत्तिका कारण गत साता पनि धितोपत्र दोस्रो बजार घटेको छ ।

अघिल्लो साताको तुलनामा गत साता नेप्से परिसूचक २ दशमलव ४५ प्रतिशत अर्थात् ६७ दशमलव १७ अंक तल झरेको हो । अघिल्लो साताको अन्तिम कारोबार दिन २ हजार ७३६ दशमलव ४८ विन्दुमा रहेको नेप्से परिसूचक गत साताको अन्तिम कारोबार दिन २ हजार ६६९ दशमलव ३१ विन्दुमा झरेको हो ।

गत साता पाँच कारोबार दिन नै बजार घटेको छ । पहिलो कारोबार दिन २१ दशमलव ६३ अंक, दोस्रो दिन १० दशमलव १४ अंक, तेस्रो कारोबार दिन ७ दशमलव ६६ अंक, चौथो दिन १४ दशमलव ८८ अंक र पाँचौं दिन १२ दशमलव ८४ अंक बजार घटेको हो ।

बजारप्रति लगानीकर्ताको उत्साह लामो समय टिक्न नसक्दा नेप्से माथि जान नसकेको ब्रोकरहरू बताउँछन् । अल्पकालीन लगानीकर्ताले छोटो समयमै कमाउन सक्ने देखेपछि पछिल्लो समय दीर्घकालीन लगानीकर्ताको संख्या निकै कम रहेको अनुमान ब्रोकरहरूको छ ।

घटेको बजारमा गत साता कारोबार रकम २५ प्रतिशत र कारोबार कित्ता करीब ३३ प्रतिशत घटेको छ । अघिल्लो साताको चार कारोबार दिनमा ३५ अर्ब ९ करोड रुपैयाँभन्दा बढीको ७ करोड ६३ लाखभन्दा बढी कित्ता धितोपत्र कारोबार भएकोमा गत साताको पाँच कारोबार दिनमा २६ अर्ब २९ करोड रुपैयाँभन्दा बढीको ५ करोड १३ लाखभन्दा बढी कित्ता धितोपत्र कारोबार भएको हो ।

अघिल्लो साताको तुलनामा गत साता कारोबार रकम ८ अर्ब ८० करोड रुपैयाँभन्दा बढीले र कारोबार कित्ता २ करोड ४९ लाखभन्दा बढीले घटेको हो ।

औसतमा गत साता कारोबार रकम ४० प्रतिशतभन्दा बढीले र कारोबार कित्ता ४६ दशमलव २० प्रतिशतभन्दा बढीले घटेको छ । अघिल्लो साता औसतमा ८ अर्ब ७७ करोड रुपैयाँभन्दा बढीको १ करोड ९० लाखभन्दा बढी कित्ता धितोपत्र कारोबार भएकोमा गत साता ५ अर्ब २५ करोड रुपैयाँभन्दा बढीको १ करोड २ लाखभन्दा बढी कित्ता धितोपत्र कारोबार भएको हो ।

अघिल्लो साताको तुलनामा गत साता कुल बजार पूँजीकरण १ खर्ब ११ अर्ब ५३ करोड रुपैयाँले घटेको हो । अघिल्लो साताको अन्तिम कारोबार दिन ४५ खर्ब ४३ अर्ब ८१ करोड १८ लाख रुपैयाँ रहेको कुल बजार पूँजीकरण गत साताको अन्तिम कारोबार दिन ४४ खर्ब ३२ अर्ब २७ करोड २६ लाख रुपैयाँ कायम भएको हो ।

सातागत परिसूचकको तुलना

विवरण	गत साता	अघिल्लो साता	फरक	फरक प्रतिशत
नेप्से परिसूचक (अंक)	२,६६९.३१	२,७३६.४८	-६७.१७	-२.४५
सेन्सेटिभ इन्डेक्स (अंक)	४४७.७०	४५९.०३	-११.३३	-२.४७
कारोबार रकम (रू. हजारमा)	२६,२९६,८८६.६७	३५,०९८,१२६.९९	-८,८०१,२४०.३२	-२५.०८
कारोबार कित्ता	५१,३३१,३९३.००	७६,३२२,२४६.००	-२४,९९०,८५३.००	-३२.७४
औसत कारोबार रकम (रू. हजारमा)	५,२५९,३७७.३३	८,७७४,५३१.७५	-३,५१५,१५४.४१	-४०.०६
औसत कारोबार कित्ता	१०,२६६,२७८.६०	१९,०८०,५६१.५०	-८,८१४,२८२.९०	-४६.२०
कुल बजार पूँजीकरण (रू. दश लाखमा)	४,४३२,२७२.६२	४,५४३,८११.८८	-१११,५३९.२६	-२.४५

व्यापार समूहको परिसूचक बढ्दा बाकी सबै समूहको घट्यो

गत साताको कारोबारमा व्यापार समूहको परिसूचक मात्र बढेको छ । नेप्सेका अनुसार व्यापार समूहको परिसूचक अघिल्लो साताको अन्तिम कारोबार दिनको तुलनामा १ दशमलव ५७ प्रतिशत बढेको हो ।

साताव्यापी समूहगत परिसूचकमा आएको परिवर्तन

विवरण	गत साता	अघिल्लो साता	फरक प्रतिशत
व्यापार	४,१६७.८४	४,१०३.४०	१.५७
म्युचुअल फण्ड	१९.०५	१९.२०	-०.७८
उत्पादन तथा प्रशोधन	७,२२५.६१	७,२८६.६३	-०.८४
होटल तथा पर्यटन	६,५३९.६३	६,६११.५८	-१.०९
बैंकिङ्ग	१,३५९.५३	१,३८९.९७	-२.१९
लघुवित्त	४,९११.२०	५,०२८.९१	-२.३४
लगानी	१०६.४९	१०९.४०	-२.६६
निर्जीवन बीमा	१२,४३०.७०	१२,७७१.६९	-२.६७
जलविद्युत्	३,५४६.६१	३,६५७.५८	-३.०३
अन्य	२,३७१.५४	२,४४६.१५	-३.०५
जीवन बीमा	१३,३१८.४५	१३,८३८.२७	-३.७६
विकास बैंक	५,६३२.८२	५,८५९.८२	-३.८७
वित्त	२,५५७.२२	२,६६९.००	-४.१९

स्रोत : नेपाल स्टक एक्सचेन्ज (नेप्से)

परिसूचक बढेको आधारमा व्यापार समूहबाहेक बाँकी सबै समूहका लगानीकर्ताले गत साता गुमाएको देखिन्छ । गत साता सर्वाधिक गुमाउनेमा वित्त समूहका लगानीकर्ता छन् । वित्त समूहको परिसूचक सर्वाधिक ४ दशमलव १९ प्रतिशत घटेको छ ।

स्वाभिमान लघुवित्तको लाभांश प्रस्ताव

काठमाडौं (अस) । स्वाभिमान लघुवित्त वित्तीय संस्था लिमिटेडले गत आर्थिक वर्ष २०८०/८१ को मुनाफाबाट कुल ५ दशमलव २६ प्रतिशत लाभांश वितरण गर्ने प्रस्ताव गरेको छ ।

कम्पनीले हाल कायम चुक्तापूँजी १४ करोड ६१ लाख ३८ हजार रुपैयाँको आधारमा ५ प्रतिशत बोनस शेयर र शून्य दशमलव २६ प्रतिशत नगद लाभांश (कर प्रयोजनार्थ) वितरण गर्ने प्रस्ताव गरेको हो ।

चैत ७ गते बसेको कम्पनीको सञ्चालक समितिको बैठकले नेपाल राष्ट्र बैंकको स्वीकृतिपछि कम्पनीको आगामी वार्षिक साधारणसभाले पारित गरेपश्चात् लाभांश वितरण गर्ने निर्णय गरेको हो ।

नेरूडे मिर्मिरे लघुवित्तले लाभांश वितरण नगर्ने

काठमाडौं (अस) । नेरूडे मिर्मिरे लघुवित्त वित्तीय संस्था लिमिटेडले यस वर्ष लाभांश वितरण नगर्ने भएको छ ।

चैत ७ गते बसेको सञ्चालक समितिको बैठकले गत आर्थिक वर्ष २०८०/८१ को मुनाफाबाट कुनै पनि लाभांश वितरण नगर्ने निर्णय गरेको हो । सोही बैठकले गत वर्षको वार्षिक प्रतिवेदन सहितका वित्तीय विवरणहरू आगामी साधारणसभामा पेश गर्न नेपाल राष्ट्र बैंकसमक्ष स्वीकृतिका लागि पेश गर्ने निर्णय समेत गरेको छ ।

Tender Notice for Office Premise on Lease

National Insurance Company Limited invite applications from willing landlords for a suitable premise for official use.
Location : Near Tripureshwor Area
Carpet Area : Minimum 800 sq.ft
For format of tender application, guidelines, terms & condition and other details please visit our website **www.nicnepal.com.np**
Last date of submit the sealed bid is 28.03.2025

नेशनल इन्श्योरेन्स National Insurance Trusted Since 1906
National Insurance Company Limited
KKM Building, 2nd Floor, Tripureshwor, Kathmandu, P.O.Box 376,
Tel No. 5360366 ,5350710, 5366681,5354045,
Email: info@nicnepal.com.np, Website: www.nicnepal.com.np

कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०८१ साल चैत महिना १० गते आइतबार)

यस विकास बैंकको शाखा कार्यालय धादिङबेसीबाट तपशिलमा उल्लेखित ऋणीहरुले साधारण कर्जा शीर्षक अर्न्तगत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस संस्थामा सम्पर्क राखी संस्थाबाट लिएको कर्जाको सम्पूर्ण सावां, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान गर्नु होला । उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा तपाई तथा तपाईको एकाघरसंगोलका अंशियार सदस्यहरुको नाममा रहेको चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएका अधिकार प्रयोग गरी लिलाम बिक्री गरी संस्थाले आफ्नो सम्पूर्ण लेना रकम असुल उपर गरी लिने व्यहोरा अवगत गराउंदछौं । सो मार्फत पनि संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंक तथा वित्तीय संस्था ऋण असूली ऐन २०५८ र सोको नियमावली तथा प्रचलित कानून अनुसार ऋणी तथा व्यक्तिगत धनजमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट बांकी साँवा, ब्याज हर्जाना तथा अन्य दै दस्तुर असूल उपरका लागि अन्य कानूनी प्रकृया अगाडी बढाईने व्यहोरा ऋणी तथा धनजमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई यो सूचना मार्फत सूचित गरिन्छ । साथै उक्त अवधि भित्र कर्जा चुक्ता नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा ११ अनुसार ऋणी र व्यक्तिगत धनजमानीकर्ताको तीन पुस्ते विवरण कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा नाम समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपशिल

१) ऋणीको विवरण

चेतनाथ सापकोटाको छोरी गमराज सिलवालको बुहारी बालकृष्ण सिलवालको पत्नी धादिङ्ग जिल्ला नलाङ वडा नं. ९ हाल, निलकण्ठ न.पा. वडा नं. ३ बस्ने **सिता सिलवाल** (ना.प्र.नं. : २६१/५४०८८ जारी मिति र जिल्ला : २०६८/१२/२१, धादिङ्ग)

व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण

१) गुन्ज बहादुर खत्रीको छोरी जित बहादुर सिंखडाको बुहारी धन बहादुर सिंखडाको पत्नी धादिङ्ग जिल्ला आगिञ्चोक वडा नं. ७ हाल, निलकण्ठ न.पा. वडा नं. ३ बस्ने **लक्ष्मी सिंखडा** (ना.प्र.नं. : २६३०१३/३७६ जारी मिति र जिल्ला : २०६३/१०/१४, धादिङ्ग)

२) चेतनाथ सापकोटाको छोरी टिकादत्त लम्सालको बुहारी रामकृष्ण लम्सालको पत्नी बारा जिल्ला निजगढ वडा नं. १ बस्ने **शुशिला लम्साल** (ना.प्र.नं. : ३५१/०३५१ जारी मिति र जिल्ला : २०५५/१०/२१, बारा)

२) ऋणीको विवरण

तोप बहादुर मगरको छोरी कृष्ण बहादुर खानको बुहारी राजेन्द्र खानको पत्नी धादिङ्ग जिल्ला निलकण्ठ वडा नं. १ हाल, निलकण्ठ न.पा. वडा नं. ४ बस्ने **चित्र कुमारी खान** (ना.प्र.नं. : २/७८२८ जारी मिति र जिल्ला : २०६१/०१/२०, धादिङ)

व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण

१) दिप बहादुर खानको नाति कृष्ण बहादुर खानको छोरा धादिङ्ग जिल्ला निलकण्ठ वडा नं. १ हाल, निलकण्ठ न.पा. वडा नं. ४ बस्ने **राजेन्द्र खान** (ना.प्र.नं. : २४९५२ जारी मिति र जिल्ला : २०५५/०१/२७, धादिङ्ग)

२) कृष्ण बहादुर खानको नातिनी राजेन्द्र खानको छोरी धादिङ्ग जिल्ला निलकण्ठ न.पा. वडा नं. ४ हाल, बस्ने **सरला खाँण** (ना.प्र.नं. :२६-०१-७९-०१३४२ जारी मिति र जिल्ला : २०७९/०२/३१, धादिङ्ग)

३) ऋणीको विवरण

टेक बहादुर मिश्रको नाति गोविन्द मिश्रको छोरा चितवन जिल्ला पिठुवा वडा नं. २ हाल, रत्ननगर न.पा. वडा नं. १६ बस्ने **गुण राज मिश्र** (ना.प्र.नं. : ७६३९/०५३ जारी मिति र जिल्ला : २०५३/०२/१७, चितवन)

व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण

१) लेक बहादुर घिमिरेको छोरी गोविन्द मिश्रको बुहारी गुणराज मिश्रको पत्नी चितवन जिल्ला पिठुवा वडा नं. २ हाल, रत्ननगर न.पा. वडा नं. १६ बस्ने **सुनिता मिश्र** (ना.प्र.नं. : ४८४२० जारी मिति र जिल्ला : २०६६/०६/१९, चितवन)

२) लाल बहादुर अर्यालको नातिनी ध्रुव बहादुर अर्यालको छोरी धादिङ्ग जिल्ला ज्वालामुखी गा.पा. वडा नं. ६ बस्ने **कविता अर्याल** (ना.प्र.नं. :२६-०१-७२-००८३९ जारी मिति र जिल्ला : २०७२/०२/२७, धादिङ्ग)

४) ऋणीको विवरण

राम बहादुर गुरुङको छोरी सुर्यमान तामाङको बुहारी सन्त बहादुर तामाङको पत्नी धादिङ्ग जिल्ला नेत्रावती डबजोङ वडा नं. १ बस्ने **विनु तामाङ** (ना.प्र.नं. : २६-०१-७५-०१०००० जारी मिति र जिल्ला : २०७५/०२/०३, धादिङ्ग)

व्यक्तिगत धनजमानीकर्ताको विवरण

शेर बहादुर तामाङको नाति सुर्यमान तामाङको छोरा धादिङ्ग जिल्ला मार्पाक गा.वि.स. वडा नं. ४ हाल, नेत्रावती डबजोङ गा.पा. वडा नं. ६ बस्ने **सन्तबहादुर तामाङ** (ना.प्र.नं. : ५७९६ जारी मिति र जिल्ला : २०६२/१०/२५, धादिङ्ग)

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"
मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No.: 16600149999
E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np
जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

नेपाल धितोपत्र बोर्डमा आईपीओ निष्कासन गर्नका लागि पाइपलाईनमा रहेका उत्पादन तथा प्रशोधन समूहका कम्पनीहरू

क्र.सं.	कम्पनीको नाम	निष्कासन हुने कित्ता	निष्कासन मूल्य (रू)	बिक्री प्रबन्धक	निवेदन मिति
१	एक्कर्ड फर्मास्यूटिकल्स लिमिटेड	७०६,९०९	१००	ग्लोबल आइएमई क्यापिटल लिमिटेड	२०७९ पुस ४
२	जगदम्बा स्टिल्स लिमिटेड	२०,०७०,०००	३००	सिद्धार्थ क्यापिटल लिमिटेड	२०८० असोज १७
३	एसवाई प्यानल नेपाल लिमिटेड	५,२३२,५४८	१००	प्रभु क्यापिटल लिमिटेड	२०८० असोज १९
४	शौर्य सिमेन्ट इण्डष्ट्रिज लिमिटेड	१५,९८१,५००	२६४.५१	नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड	२०८० पुस १२
५	मारूती सिमेन्ट्स लिमिटेड	११,६००,०००	३७७	नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड	२०८० पुस २६
६	स्मार्ट डोर्स लिमिटेड	३०६,०००	१००	मुक्तिनाथ क्यापिटल लिमिटेड	२०८१ वैशाख ३
७	पाल्पा सिमेन्ट इण्डष्ट्रिज लिमिटेड	७,५००,०००	१००	नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड	२०८१ वैशाख २३
८	लक्ष्मी टेक्नो प्लाष्ट लिमिटेड	१,०००,०००	१००	नेपाल एसबिआई मर्चेन्ट बैंकिङ्ग लिमिटेड	२०८१ जेठ २१
९	श्री डिष्टिलरी लिमिटेड	९६०,०००	१००	प्रभु क्यापिटल लिमिटेड	२०८१ असार १
१०	सोपन फर्मास्यूटिकल्स लिमिटेड	१,१००,०००	१००	एनएमबि क्यापिटल लिमिटेड	२०८१ असार ३०
११	भुगर्भ सिमेन्ट लिमिटेड	१,२६२,५००	१००	नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड	२०८१ भदौ १३
१२	रिद्धिसिद्धि सिमेन्ट लिमिटेड	१२,१७१,५००	२१४.१०	एनआइएमबि एस क्यापिटल लिमिटेड	२०८१ असोज १८
१३	सागर डिष्टिलरी लिमिटेड	७९२,०००	१००	मुक्तिनाथ क्यापिटल लिमिटेड	२०८१ असोज २१
१४	अम्बे स्टिल्स लिमिटेड	११,१९२,७२७	३०३	नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड	२०८१ कात्तिक ७
१५	एभरेष्ट कलर लिमिटेड	७८०,०००	५०	मुक्तिनाथ क्यापिटल लिमिटेड	२०८१ मङ्सिर २८

नेपाल धितोपत्र बोर्डमा आईपीओ निष्कासन गर्नका लागि पाइपलाईनमा रहेका लघुवित्त समूहका कम्पनीहरू

क्र.सं.	कम्पनीको नाम	निष्कासन हुने कित्ता	निष्कासन मूल्य (रू)	बिक्री प्रबन्धक	निवेदन मिति
१	स्वस्तिक लघुवित्त वित्तीय संस्था लि.	८०,०००	१००	नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लि.	२०८० माघ २४

दक्षिणकाली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
फर्पिङ, काठमाडौं, बागमती प्रदेश, नेपाल

विद्युतीय बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति: २०८१/१२/१०

यस दक्षिणकाली नगरपालिका, नगर कार्यपालिकाको कार्यालय फर्पिङबाट मिति २०८१/१०/१५ गतेको राष्ट्रिय दैनिक तथा सार्वजनिक खरिद अनुगमन कार्यालयको ई-बिडिङ पोर्टल [www.bolpatra.gov.np] मा प्रकाशित विद्युतीय बोलपत्रको ३० दिने सूचना बमोजिम रीतपूर्वक दर्ता हुन आएका विद्युतीय बोलपत्रदाताहरुको मूल्याङ्कन समितिको प्रतिवेदन तथा सिफारिस अनुसार न्यूनतम मुल्याङ्कित र सारभूत रुपमा प्रभावग्राही तपसिल बमोजिमको बोलपत्र स्वीकृत गर्नको लागि मिति २०८१/१२/०५ गतेको निर्णयानुसार छनौट गरिएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको व्यहोरा जानकारी गरिन्छ ।

क्र.सं.	ठेक्का नं.	विवरण	सारभूत प्रभावग्राही फर्मको नाम	कबोल अंक (मू.अ.कर, PS & Contingencies बाहेक रू.)	कैफियत
1	DM/NCB/WORKS/ 2081-082/07	Basbari Park Nirman Dakshinkali-04	Chanki Khola Nirman Sewa	72,40,605.50	

- दक्षिणकाली नगरपालिका

PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

केन्द्रीय कार्यालय: कमलपोखरी, काठमाण्डौ
फोन नं.: ०१-४५२३४३२/३४/३६
को
शाखा कार्यालय : सुन्धारा, काठमाण्डौं
फोन: ०१-५३६८०५६

शाखा कार्यालय, सुन्धारा काठमाण्डौंको तपसिलमा उल्लेखित ऋणीहरुको धितोमा रहेको संस्थापक शेयर लिलाम विक्रि हुने सम्बन्धि ७ (सात) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८१/१२/१० गते)

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकको शाखा कार्यालय सुन्धारा, काठमाण्डौंबाट लिनु भएको शेयर कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएको, बैंकले तपसिलका ऋणी र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित सूचनाहरु पठाई तरताकेता गर्दा समेत कर्जाको साँवा तथा सोमा लाग्ने ब्याज, किस्ता र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको र यस अधि सम्पूर्ण कर्जा चुक्ता गर्न यस बैंकबाट ३५ (पैंतीस) दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्तिको लिलाम बिक्री हुने सम्बन्धी १५ (पन्ध्र) दिने अन्यन्त जरुरी सूचना विभिन्न मितिमा राष्ट्रिय दैनिक पत्रिकाहरुमा प्रकाशित गरि तरताकेता गर्दा समेत कर्जा नतिरी नबुझाई बेवास्ता गरी बसेको हुनाले कर्जा असुलीका लागि तपसिलमा उल्लेखित धितो जहाँ जे, जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरि लिने भएकाले धितोमा रहेको सम्पत्तिको लिलाम बिक्री हुने सम्बन्धी यो ७ (सात) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । साथै, धितो सुरक्षणमा रहेको सम्पत्तिहरुको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाईने तथा सम्बन्धित सबैलाई कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा नाम समावेश गर्न पठाइने व्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

क्र.सं.	शेयर धनीको नाम	शेयर धितोमा रहेको कम्पनीको नाम	शेयरको किसिम	शेयर कित्ता
१.	प्रकाश मान श्रेष्ठ	महुली लघुवित्त वित्तीय संस्था लिमिटेड	संस्थापक समुह	४८१४
२.	मृत्युन्जय कुमार महासेठ	महुली लघुवित्त वित्तीय संस्था लिमिटेड	संस्थापक समुह	११७२९
३.	नगेन्द्र प्रसाद ढकाल	महुली लघुवित्त वित्तीय संस्था लिमिटेड	संस्थापक समुह	७२७५

नोट : शेयरको न्यूनतम अंकित मूल्य रु. १००/-(एक सय मात्र) रहेको ।

धितो लिलामी विक्रीका शर्तहरु:

१. बोलपत्र आवेदन फारम मिति २०८१/१२/१० गते आइतबारदेखि यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालय सुन्धारा, काठमाण्डौबाट प्राप्त गर्न सकिनेछ ।
२. एकै व्यक्ति, फर्म, कम्पनी वा संस्थाले छुट्टाछुट्टै आवेदन भरि फरक फरक मुल्यमा आवेदन दिन पनि सकिनेछ । बोलपत्र पेश गर्दा शिलवन्दी खाम बाहिर धितोमा रहेको शेयर खरिद गर्ने शिलबन्दी बोलपत्र उल्लेख भएको हुनुपर्नेछ ।
३. शेयर खरीदको लागि आवेदन गर्दा न्यूनतम ५०० (पाँच सय) कित्ताको लागि आवेदन दिनु पर्नेछ भने अधिकतम सम्पूर्ण शेयरको लागि आवेदन दिन सकिनेछ । तर, शेयर खरिद गर्न आवेदन गरेको कुल शेयर कित्ता जोड्दा नेपाल राष्ट्र बैंकले एउटा व्यक्ति, एकाघर परिवारका सदस्य वा संस्थाले खरीद गर्न वा राख्न पाउने भनी तोकेको अधिकतम संख्या सीमा भन्दा बढी नहुने गरी आवेदन पेश गर्नु पर्नेछ । दशमलवमा (खण्डित रुपमा) आउने गरि शेयर आवेदन गर्न पाइने छैन ।
४. बोलपत्र आवेदन फारममा आफुले लिन चाहेको आंशिक वा पूरा शेयर संख्या तथा प्रति कित्ता दर अंक र अक्षरमा स्पष्ट लेख्नुपर्नेछ । अंक र अक्षरमा लेखेकोमा फरक परेमा अक्षरमा लेखेकोलाई मान्यता दिइनेछ । केरमेट भई कबोल गरेको शेयर संख्या, प्रति कित्ता शेयर मूल्य वा जम्मा रकम नबुझिने भएमा त्यस्तो बोलपत्रलाई मान्यता दिईने छैन ।
५. संस्थापक समूहको शेयरमा बोलपत्र दिई लगानी गर्न चाहने लगानीकर्ताको हकमा बैंकको विद्यमान संस्थापकहरुले पूरा शेयर खरिदको लागि आवेदन नगरेमा मात्र नयाँ लगानीतर्ताहरुलाई दिईनेछ । संस्थापक समूहको शेयरमा लगानी गर्ने नयाँ लगानीकर्ताले बोलकबोल निवेदनसाथ नेपाल राष्ट्र बैंकले तोकेको अनुसूची ३ को विवरण, लगानी गर्ने रकमको श्रोत खुल्ने कागजात, पछिल्लो आ.व. को कर चुक्ता प्रमाणपत्र र/वा कर दाखिला निस्सा लगायत कालोसूचीमा नरहेको स्वघोषणा प्रमाण समेत संलग्न गर्नुपर्नेछ । लगानीकर्ता नेपाल राष्ट्र बैंकले तोकेको योग्यता परीक्षणमा (Fit & Proper Test) मा सफल हुनुपर्नेछ ।
६. बोलपत्रदाताले बोलपत्र आवेदनपत्रसाथ धरौटी स्वरुप आफूले खरिद गर्न चाहेको सम्पूर्ण रकमको कम्तीमा १० (दश) प्रतिशतले हुने रकम यस बैंकको Inter Department A/C LRD (००१-९९३१०२००००) खातामा नगद दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक तथा वित्तीय संस्थाको Good For Payment Cheque वा Managers's Cheque संलग्न गर्नुपर्नेछ ।
७. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म कम्पनी हुनुपर्नेछ । साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा पासपोर्ट साईजको फोटो, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अख्तियारनामा, सञ्चालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर (PAN) प्रमाणपत्रको प्रतिलिपि आवेदनसाथ पेश गर्नु पर्नेछ । बोलपत्रदाता महुली लघुवित्त वितिय संस्था लिमिटेडको शेयरधनी भएमा DEMAT नम्बर, आफूसँग भएको उक्त शेयरको संख्या र शेयर प्रतिशत लगायत फारममा उल्लेखित सम्पूर्ण विवरण स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ ।
८. शिलबन्दी बोलपत्र मिति २०८१/१२/१६ गते शनिबार सार्वजनिक बिदा परेकोले मिति २०८१/१२/१७ गते आइतबार कार्यालय समयभित्र यस बैंकको केन्द्रिय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभागमा दर्ता भईसक्नु पर्नेछ । म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त राखि आएका आवेदनहरु उपर कारबाही गरिने छैन ।
९. शिलबन्दी बोलपत्र मिति २०८१/१२/१८ गते सोमबार दिउँसो ४:०० बजे यस बैंकको केन्द्रिय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभागमा बोलपत्रदाता वा निजले लिखितरुपमा नियुक्त गरेको प्रतिनिधिहरु तथा अन्य पदाधिकारीहरुको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पर्ने छैन । साथै बोलपत्र खोलिने दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदापछि लगतै कार्यालय खुलेको दिनमा बोलपत्र खोलिनेछ ।
१०. बोलपत्र प्रस्ताव स्वीकृत भएमा बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिएको मितिले ७ (सात) दिन भित्र यस बैंकमा नगद दाखिला गरी धितोमा रहेको शेयर आफ्नो नाममा नामसारी दाखिल खारेज गराई लिनु पर्नेछ । शेयर नामसारी दाखिल खारेज गर्न लाग्ने सम्पूर्ण शुल्क एवं नामसारी दाखिल खारेज गर्न लाग्ने राजश्व, लाभकर, तथा अन्य सम्पूर्ण खर्च समेत सकार गरिलिने स्वयंले व्यहोर्नु पर्नेछ ।
११. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा १० प्रतिशत धरौटी रकम स्वतः जफत हुनेछ । बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरुलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र यस बैंकको सम्बन्धित शाखा वा केन्द्रिय कार्यालयबाट भुक्तानी गरिनेछ । साथै सो रकममा कुनै व्याज प्रदान गरिने छैन ।
१२. धितोमा रहेको शेयर विक्री गर्ने वा नगर्ने वा बोलपत्रको अंकमा शेयर बिक्री गर्ने वा नगर्ने वा छुट्टाछुट्टै बिक्री गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।
१३. यस सम्बन्धमा अन्य केही कुरा बुझ्नु पर्ने भएमा यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालय सुन्धारा, काठमाण्डौमा सम्पर्क राखी बुझ्न सकिनेछ ।

जि.प्र.का.काठ.द.नं. ७/०६२/६३, म.श्रे.हु.द.नं. २६/०६९/७०
आइतवार, १० चैत २०८१ | Sunday, 23 March 2025
आर्थिक अभियान

तस्वीर : रासस

नारायणी नदीमा डुंगा शयर गर्दै आन्तरिक पर्यटक । नवलपरासी (बर्दघाट सुस्तापूर्व)को मध्यवर्ती क्षेत्रमा खुलेका होटलहरूमा आउने पर्यटक डुंगा शयर र जंगल सफारीमा आकर्षित हुने गरेका छन् ।

बागमती प्रदेशको बजेट खर्च २५.६२ प्रतिशत मात्र

हेटौंडा । बागमती प्रदेशको बजेट खर्च निराशाजनक देखिएको छ । प्रदेश सरकारले चालू आर्थिक वर्ष (आव) २०८१/८२ को साउनदेखि फागुन महीनासम्ममा कुल बजेटको २५ दशमलव ६२ प्रतिशत मात्र खर्च गर्न सकेको छ । प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयका सूचना अधिकारी इन्दराज सन्यालका अनुसार चालू आवका लागि प्रदेश सरकारले ६४ अर्ब ५४ करोड चार लाख ३१ हजारको बजेट ल्याएकोमा आठ महीना सकिँदा १० अर्ब ५० करोड २९ लाख ९ हजार खर्च भएको छ । बजेटमध्ये चालूको तुलनामा पूँजीगततर्फको बजेट कम खर्च भएको उनको भनाइ छ । सो अवधिमा चालूतर्फ ३५ दशमलव २२ प्रतिशत र पूँजीगततर्फ १९ दशमलव ९४ प्रतिशत बजेट खर्च भएको छ । प्रदेशको कुल बजेटमा चालूतर्फ २६ अर्ब १० करोड १६ लाख ८२ हजार, पूँजीगततर्फ ३६ अर्ब ९३ करोड ८७ लाख ४९ हजार र वित्तीय व्यवस्थापनतर्फ एक अर्ब ५० करोड विनियोजन गरिएको छ । विनियोजित बजेटमध्ये सबैभन्दा बढी प्रदेश मुख्य न्यायाधिवक्ताको कार्यालयले ४७ दशमलव ६९ प्रतिशत, प्रदेशसभा सचिवालयले ३८ दशमलव २२ प्रतिशत बजेट खर्च गरेको छ भने सबैभन्दा कम पर्यटन, उद्योग तथा सहकारी मन्त्रालयले ९ दशमलव ७९ प्रतिशत बजेट खर्च गरेको सूचना अधिकारी सन्यालले बताए । चालू आवको दोस्रो चौमासिक अवधिसम्म चालू खर्च बढी हुने र पूँजीगत खर्च कम हुने गरेको छ । योजनाहरू कार्यान्वयनमा जान नसकेकाले खर्च कम देखिएको छ ।

बागमती प्रदेशको राजस्व संकलन बर्सेनि घट्दै गएको छ । चालू आवको आठ महीना अवधिमा प्रदेश सरकारले लक्ष्यको ३८ दशमलव १३ प्रतिशत मात्र राजस्व संकलन गर्न सकेको छ । सूचना अधिकारी सन्यालका अनुसार प्रदेश सरकारले राजस्व बाँडफाँडबाट २९ अर्ब ५५ करोड ८९ लाख राजस्व संकलनको लक्ष्य राखेकोमा सो अवधिमा लक्ष्यको ४७ दशमलव शून्य ३ प्रतिशत अर्थात् १३ अर्ब ९० करोड २७ लाख ६८ हजार मात्र राजस्व संकलन गरेको छ ।

यस्तै संघीय सरकारबाट १५ अर्ब ५७ करोड ५६ लाख अनुदान प्राप्त हुने अनुमान गरिएकोमा चालू आवको आठ महीनामा लक्ष्यको ५२ दशमलव ५८ प्रतिशत अर्थात् आठ अर्ब १८ करोड ९९ लाख ६४ हजार अनुदान प्राप्त भएको छ । प्रदेश सरकारको आन्तरिक स्रोतबाट चार अर्ब ५३ करोड ८४ लाख ७९ हजार राजस्व संकलनको लक्ष्य रहेकोमा सो अवधिमा लक्ष्यको ५२ दशमलव ४१ प्रतिशत अर्थात् दुई अर्ब ३७ करोड ८५ लाख ८८ हजार राजस्व मात्र संकलन भएको सूचना अधिकारी सन्यालले बताए । यसअघि अघिल्लो आवमा बागमती प्रदेशको राजस्व ९ अर्ब तीन करोड ३१ लाख २७ कम संकलन भएको थियो । प्रदेश सरकारले आव २०८०/८१ मा राजस्व बाँडफाँट शीर्षकबाट प्राप्त राजस्व, प्रदेश सरकारको आन्तरिक स्रोतबाट संकलित राजस्व र संघीय सरकारबाट प्राप्त अनुदान समेतबाट ४८ अर्ब २५ करोड ४३ लाख ७५ हजार राजस्व संकलन हुने अनुमान गरिएकोमा ती सबै शीर्षकबाट ३९ अर्ब २२ करोड १२ लाख ४७ हजार मात्र राजस्व संकलन गर्न सकेको थियो । आव २०७९/८० मा पनि बागमती प्रदेश सरकारले अनुमान गरेको भन्दा १७ प्रतिशत कम राजस्व संकलन गरेको थियो । प्रदेश सरकारले आव २०७९/८० मा ५५ अर्ब ३१ करोड राजस्व संकलनको अनुमान गरेकोमा ४५ अर्ब ८ करोड राजस्व संकलन गरेको थियो ।

संघीय र स्थानीय तहबाट बाँडफाँट हुने मूल्य अभिवृद्धि कर, आय कर, प्राकृतिक स्रोत उत्खनन दस्तुर, मालपोतलगायतका राजस्व संकलनमा आएको कमी र आर्थिक मन्दीका कारण सङ्घीय सरकारले केही कार्यक्रम कटौती गर्नुजस्ता कारणले राजस्वमा कमी आएको बागमती प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालय, हेटौंडाका प्रमुख हरिप्रसाद उपाध्यायले बताए । *रासस*

चालू आवको ८ महीनामा प्रदेशको बजेट खर्च

शीर्षक	विनियोजन (रू.)	प्रगति (प्रतिशत)
कुल बजेट	६४ अर्ब ५४ करोड चार लाख ३१ हजार	२५.६२
चालू	२६ अर्ब १० करोड १६ लाख ८२ हजार	३५.२२
पूँजीगत	३६ अर्ब ९३ करोड ८७ लाख ४९ हजार	१९.९४

स्रोत : आर्थिक मामिला तथा योजना मन्त्रालय, बागमती प्रदेश

भारतबाट सबै व्यवसायीले कोटाको गहुँ ल्याउनेमा आशंका

गहुँ आउनुअघि नै पूरा भुक्तानी गर्नुपर्ने प्रावधान संशोधनको माग

वेदराज पौडेल
विराटनगर

वाणिज्य तथा उपभोक्ता संरक्षण विभागले भारतले दिने दुई लाख टन गहुँको कोटा उद्योगी व्यवसायीलाई वितरण गरे पनि सबैले कोटा अनुसार गहुँ ल्याउनेमा आंशका उत्पन्न भएको छ । विभागले ४१ व्यावसायिक प्रतिष्ठानलाई ९० हजार टन, ३६ उद्योगलाई एक लाख टन र साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेडलाई १० हजार टन गहुँ आयातको अनुमति दिएको छ । तर व्यावसायिक प्रतिष्ठानतर्फ ४१ मध्ये ३० ओटाले मात्र गहुँ आयातको इच्छा देखाउँदै विभागमा सम्झौता प्रक्रिया अघि बढाएका छन् । गहुँ तीन महीनाभित्र ल्याइसक्नुपर्ने, गहुँ ल्याउनुअघि सम्पूर्ण रकम बुझाउनुपर्ने प्रावधानमा व्यावसायिक प्रतिष्ठानल संशोधनको माग राखेका छन् ।

विभागले ४१ व्यावसायिक प्रतिष्ठानलाई ९० हजार टन, ३६ उद्योगलाई एक लाख टन र साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेडलाई १० हजार टन गहुँ आयातको अनुमति दिएको छ । ३० व्यावसायिक प्रतिष्ठानले मात्र गहुँ आयातको इच्छा देखाउँदै विभागमा सम्झौता प्रक्रिया अघि बढाएका छन् ।

विराटनगरका व्यवसायी दिनेश राठीले आफूले गहुँको कोटा पाए पनि यसपटक धेरै नियम पालना गर्नुपर्ने झन्झटिलो प्रक्रिया भएकाले नल्याउने भन्दै विभागमा निवेदन दिएको बताए । गहुँको गुणस्तर हुने टुंगो नभएको, तीन महीनाभित्र ल्याइसक्नुपर्ने समय सीमा, सम्झौता गर्दा १० प्रतिशत रकम जम्मा गर्नुपर्ने र त्यसपछि ९० प्रतिशत रकम जम्मा गरेपछि मात्र गहुँ पठाइदिने जस्ता शर्तहरू रहेकाले आफूले गहुँ ल्याउने प्रक्रियाबाट हात झिकेको उनको भनाइ छ ।

उनले भने, 'हामी व्यापारीले दुई रुपैयाँ कमाउन व्यवसाय गर्ने हो, अब स्थानीय गहुँ यही बजारमा आउने बेलामा आफ्नो हात तल पर्नेगरी भारतबाट गहुँ मगाउने प्रक्रियामै गइएन, फेरि सबै पैसा पठाइदिँदा पनि गहुँ समयमा आएन के गर्ने ?'

भारतबाट कोटामा व्यापारी र व्यवसायीका लागि कोटा निर्धारण गरिएको गहुँ जेठभित्र ल्याइसक्नुपर्ने प्रावधान विभागले राखेको छ । तर उद्योगहरूको हकमा भने यो सीमा लागू गरिएको छैन । व्यापारीहरूले कोटाको गहुँको सीमा मङ्सिरसम्म ल्याइसक्नुपर्ने गरी समय दिनुपर्ने माग गरेका छन् ।

वैशाख र जेठभित्र नेपाली किसानको गहुँ बजारमा आउछ । त्यही बेला उद्योगी र व्यवसायीका लागि भारतले कोटा प्रणालीबाट नेपालका उद्योगी र व्यवसायीलाई दिने दुई लाख टन गहुँ समेत भित्रँदा यहाँका किसानले पाउँदै आएको मूल्यभन्दा सस्तोमा विक्री गर्नुपर्ने अवस्था आउने नेपाल फ्लोर मिल एशोसिएसनका केन्द्रीय उपाध्यक्ष विकास बेगवानीको आकलन छ । अर्कोतर्फ, नेपाली गहुँभन्दा महँगोमा भारतीय कोटाको गहुँ खरीद गरेर एउटै समयमा ल्याउनुपर्ने हुँदा आफूहरू मारमा पर्ने भन्दै उद्योगी व्यवसायीले कोटाको गहुँ जेठभित्र नभई मङ्सिरभित्र ल्याउनेगरी सम्झौता हुनुपर्ने बताएका छन् ।

भारतीय कम्पनी नेशनल कोअपरेटिभ एक्सपोर्ट लिमिटेडले गहुँ दिने कुरा अन्योलपूर्ण रहेको नेपाल फ्लोर मिल एशोसिएसनका अध्यक्ष कुमुद दुगडले बताए । यसअघि पनि चामलको ९५ हजार मेट्रिक टन कोटा पाएको उक्त कम्पनीबाट एक दाना पनि चामल नेपाल आयात नभएको उनले उल्लेख गरे ।

गहुँ निर्यातकर्ताबाट कमिसन लिएर मात्र नेपालका उद्योगी र व्यवसायीलाई उसले गहुँ आपूर्ति गरिदिने भएकाले मूल्यमै फरक पर्ने र गुणस्तर नहेरी अग्रिम भुक्तानी गर्नुपर्ने प्रावधान व्यावहारिक नभएको दुगडको भनाइ छ ।

वाणिज्य तथा आपूर्ति विभागले राखेका शर्तहरूभित्र रहेर माल मगाउँदा राम्रो र असल गुणस्तरको नै आउँछ भन्ने ग्यारेण्टी नरहेको र कमसल गहुँ आयात भएमा त्यसको जिम्मेवारी कसले लिने भन्ने पनि अन्योल रहेको उनले बताए । भारत सरकारको गैरनाफामूलक कम्पनीसँग सीधै सम्झौता गरी माल आएपछि मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था गरिनुपर्नेमा उनले जोड दिए ।

नेपालका उद्योगी व्यवसायीले १० प्रतिशत अग्रिम रकम भारतीय कम्पनी नेशनल कोअपरेटिभ एक्सपोर्ट लिमिटेडलाई बुझाएपछि उक्त कम्पनीले नेपालसम्म गहुँ निर्यात गर्ने टेण्डर आह्वान गर्ने र त्यसपछि ९० प्रतिशत भुक्तानी गरेपछि मात्र गहुँ आउने शर्त विभागले राखेको छ । आयात हुँदा चलेको मूल्यमा नेपाली उद्योगी व्यवसायीले भारतीय गहुँ पाउनेछन् । टेण्डरमा नेपालसम्मको ढुवानी लागत पनि जोडिएको हुन्छ । नेपालमा भन्सारको खर्च यहाँका उद्योगी व्यवसायीले बेहोर्नुपर्ने एशोसिएसनका उपाध्यक्ष तथा विशाल मैदा मिलका सञ्चालक रहेका बेगवानीले बताए ।

नेपाल फ्लोर मिल एशोसिएसनमा आबद्ध ४६ ओटा मैदा मिलमध्ये ३६ ओटाले गहुँ आयातको प्रक्रिया थालेका छन् । गतवर्षको उत्पादन क्षमताका आधारमा विभागले ती उद्योगलाई गहुँको परिमाण छुट्ट्याएर कोटा वितरण गरेको हो । वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभागका निर्देशक तथा सूचना अधिकारी डिकबहादुर कार्कीले भारतले दिएको कोटा किन खेर फाल्ने भनेर ९० मेट्रिक टन गहुँ आयातका लागि ४१ व्यापारिक फर्म छनोट प्रक्रिया थालिएको बताए । यस्तै औद्योगिक प्रयोजनका लागि ल्याउने एक लाख टन गहुँको समेत आयात गर्न उद्योग छनोट गरिएको जानकारी उनले दिए ।

दुई उद्योगले तिरे डेडिकेटेड र ट्रंकलाइन महशुलको किस्ता

काठमाडौं (अस) । नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)को सुनवलमा सञ्चालनमा रहेको लक्ष्मी स्टीलले डेडिकेटेड तथा ट्रंक लाइनबाट विद्युत् खपत गरेबापतको बक्यौता महसुल तिर्न शुरू गरेको छ । २३ करोड ७९ लाख रुपैयाँ बक्यौतामध्ये उद्योगले शुक्रवार पहिलो किस्ताबापत ८४ लाख ९८ हजार रुपैयाँ बुझाएको नेपाल विद्युत् प्राधिकरण, परासी वितरण केन्द्रका प्रमुख सुरज रेग्मीले जानकारी दिए । उद्योगले २८ किस्तामा बक्यौता तिर्नेछ । यसैगरी, सुनवलमै सञ्चालित अर्को उद्योग सर्वोत्तम सिमेन्टले बक्यौताबापतको दोस्रो किस्ता बुझाएको छ । २८ किस्तामा बक्यौता तिर्ने प्रतिबद्धता जनाएको उद्योगले शुक्रवार दोस्रो किस्ताबापत ३७ लाख ६३ हजार रुपैयाँ बुझाएको हो । उद्योगको बक्यौता ११ करोड ९६ लाख रुपैयाँ रहेको छ । यसअघि ऊर्जा मन्त्रालयले २ मङ्सिरमा उद्योगीको बक्यौता घटाउने उद्देश्यसहित जाँचबुझ समिति बनाएको थियो । यही विषयलाई आधार बनाई सर्वोत्तम सिमेन्टले दास्रो किस्ता तिर्न आनाकानी गरिरहेको थियो ।

सोही समितिलाई देखाएर विद्युत् नियमन आयोगले ११ मङ्सिरमा बक्यौता असुलीको कारबाही यथास्थितिमा राख्न निर्देशन दिएको थियो । यसैबीच, चैत ३ गते सर्वोच्च अदालतले उक्त समिति गठनमा कानूनी आधार नभएको भन्दै समितिमार्फत कुनै पनि काम कारबाही नगराउन अन्तरिम आदेश दिएसँगै प्राधिकरणलाई बक्यौता उठाउन बाटो खुला भएको छ ।

अमेरिकाद्वारा चार देशका पाँच लाख आप्रवासीको कानूनी मान्यता खारेज

वासिङ्टन (संयुक्त राज्य अमेरिका) । संयुक्त राज्य अमेरिकाले शुक्रवार लाखौं आप्रवासीको कानूनी हैसियत समाप्त गर्ने घोषणा गरेको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले अमेरिकी इतिहासकै सबैभन्दा ठूलो निर्वासन अभियान सञ्चालन गर्ने र मुख्यतः ल्याटिन अमेरिकी मुलुकबाट आउने आप्रवासीलाई नियन्त्रण गर्ने प्रतिबद्धता गरेका छन् ।

आगामी वर्षको जनवरीसम्म लागू हुने यो आदेशले ट्रम्पका पूर्ववर्ती जो बाइडेनले अक्टोबर २०२२ मा शुरू गरेको 'सीएचएनभी' योजना अन्तर्गत संयुक्त राज्य अमेरिका आएका क्युबा, हाइटी, निकारागुआ र भेनेजुएलाका लगभग पाँच लाख ३२ हजार नागरिकलाई प्रभावित गर्नेछ । अमेरिकी गृह मन्त्रालयको आदेश संघीय रजिस्टरमा प्रकाशित भएको ३० दिनपछि उनीहरूले आफ्नो कानूनी सुरक्षा गुमाउनेछन् । यसको अर्थ यो कार्यक्रमद्वारा प्रायोजित आप्रवासीले अप्रिल २४ सम्ममा 'संयुक्त राज्य अमेरिका छोड्नुपर्छ' ।

संयुक्त राज्य अमेरिकामा शरण लिन चाहनेहरूलाई समर्थन गर्ने गैरनाफामूलक संस्था वेलकम डट युएसले उक्त कदमबाट प्रभावित भएकाहरूलाई 'तुरुन्तै' अध्यागमन वकिलको सल्लाह लिन आग्रह गरेको छ । *रासस/एएफपी*

तथ्यांकोवाच

बदाम (मुमफली)को विश्व आयात बजार ४ अर्ब ७० करोड अमेरिकी डलर चीन सबैभन्दा ठूलो बजार

वर्तमान युगको अत्यावश्यक खाद्यवस्तुका रूपमा परिचित बदाम (मुमफली)को विश्व आयात ४ अर्ब ७० करोड अमेरिकी डलर बराबर रहेको छ । विश्व बजारमा अत्यधिक माग रहेको बदाम उत्पादन क्षेत्रमा नेपालले पनि आफ्नो क्षमताले भ्याउने क्षेत्रमा उपस्थिति जनाउन सक्ने रणनीति तर्जुमा हुन आवश्यक छ । विशेषगरी चीन लक्षित बजारलाई दृष्टिगत गरी बदामको उत्पादन वृद्धि गर्न चिनियाँ लगानीमा यसको बृहत्तर खेती गर्न आवश्यक छ । मुलुकमा ठूलो आकारको भूमि बाँझो रहेको सन्दर्भमा यस भूमिलाई उपयोग गर्दै पहिलो चरणमा कम्तीमा चीनको मात्र बजारको माग पूरा गर्ने गरी नेपालमा बदामको व्यावसायिक खेती हुन आवश्यक छ । चीनले वार्षिक ६ लाख ६० हजार ८४२ टन बदाम आयात गर्दछ । यस आयातलाई पूर्ति गर्न संयुक्त राज्य अमेरिकाले हासिल गरेको उत्पादकत्व कायम गर्नेगरी नेपालले करीब २ लाख ३६ बिगाहा क्षेत्रफलमा यसको खेती गर्नुपर्ने देखिन्छ । यसका लागि चीन सरकार र त्यहाँका निजी लगानीकर्तासँग व्यावसायिक सम्झौताको खाँचो छ । चीनको बजार प्राप्त गरिसकेपछि अन्य मुलुकका बजार पनि क्रमशः प्राप्त गर्नेगरी रणनीति तर्जुमा गरी अघि बढ्नुपर्छ ।

आयातकर्ता मुलुकहरू	हजार अमेरिकी डलर	सन्तुलन	विश्व आयातमा हिस्सा (प्रतिशत)	औसत भन्सार दर (प्रतिशत)
विश्व	४,७०३,५४२		१००	
चीन	७५८,४६३	-५७३,०३८	१६.१	७.८
नेदरल्याण्ड्स	५७१,२२४	-३३५,८१५	१२.१	०
इन्डोनेसिया	३७४,१६६	-३६९,८९८	८	४.६
मेक्सिको	२४२,६३१	-२४१,७१५	५.२	०
जर्मनी	२३३,३७७	-२०३,६६२	५	०
भियतनाम	२२४,१२५	-१०३,८१८	४.८	५.३
संयुक्त अधिराज्य	१८६,७९९	-१८२,७४१	४	०
रूसी संघ	१७५,१६८	-१७४,१८६	३.७	०
क्यानडा	१५६,५८३	-१५६,५५५	३.३	०.७
अल्जेरिया	१३२,८७२	-१३२,८५७	२.८	२७.८
पोल्याण्ड	१२७,२१०	-१२५,०८०	२.७	०
स्पेन	९९,७३७	-९५,९१०	२.१	०
मलेसिया	८९,१३६	-७८,०८०	१.९	४.५
इटाली	८७,७४०	-८५,४८०	१.९	०
फ्रान्स	७८,१८५	-७५,८३३	१.७	०
थाइल्याण्ड	६०,२७४	-५९,३१७	१.३	११.१
जापान	५५,९०९	-५५,९०९	१.२	६२.७
टर्की	५३,४६२	-४४,४७३	१.१	११.४

आयातकर्ता मुलुकहरू	हजार अमेरिकी डलर	सन्तुलन	विश्व आयातमा हिस्सा (प्रतिशत)	औसत भन्सार दर (प्रतिशत)
फिलिपिन्स	५२,८५९	-५२,८२९	१.१	१४.१
इरान, इस्लामिक गणतन्त्र	४४,३०७	-४२,७०१	०.९	१८.५
बेल्जियम	४१,६५३	-२४,६९६	०.९	०
युक्रेन	३८,४४१	-३८,३३९	०.८	२
संयुक्त अरब इमिरेट्स	३४,५३२	-९,६०६	०.७	४.५
ग्रीस	३३,९२९	-३१,७२२	०.७	०
दक्षिण अफ्रिका	३३,३४५	-१७,३८३	०.७	८.५
कोलम्बिया	३१,१८८	-३१,१८१	०.७	९
अष्ट्रेलिया	२६,२९०	-२३,६६७	०.६	२.८
युगान्डा	२५,६१३	-२०,८५९	०.५	९.३
लेबनान	२१,२५०	-२१,१७६	०.५	०
पाकिस्तान	२०,००२	-१९,९६८	०.४	१०.८
इराक	१९,०३४	-१९,०३४	०.४	...
रुवान्डा	१८,९८३	-१८,९७९	०.४	९.३
सर्बिया	१७,८४८	-१७,६६८	०.४	४.२
जोर्डन	१७,५४४	-१६,८६३	०.४	०
मोरक्को	१७,०२६	-१७,०१७	०.४	२१
पेरु	१६,९९४	-१४,२३८	०.४	०
पोर्चुगल	१६,९६८	-१६,६१०	०.४	०
चिली	१६,६६१	-१६,५२२	०.४	३.३
रोमानिया	१५,१९६	-१५,११३	०.३	०
इक्वेडर	१४,७९०	-१४,५००	०.३	६.९
बंगलादेश	१४,७७२	-१४,७७२	०.३	९.८
बुल्गेरिया	१४,६९८	-११,९८५	०.३	०
साउदी अरेबिया	१४,४२०	-१४,३२६	०.३	४.५
लक्जमबर्ग	१४,१३७	-१२,६४१	०.३	०
नर्वे	१३,१९९	-१३,०१५	०.३	३.२
काजाकिस्तान	१२,८५०	-१२,७८६	०.३	०
नेपाल	११,८०२	-११,८०२	०.३	१२

स्रोत : आइटिसी ट्रेडम्याप

न्यू विजनेश एज लि.द्वारा प्रकाशित | प्रधान सम्पादक : मदन लम्साल | सम्पादकीय निर्देशक : केशव गौतम | कार्यकारी सम्पादक : पृथ्वीमान श्रेष्ठ | पाञ्चायनमार्ग, थापाथली, काठमाडौं | पो.ब.नं. १४१९७, फोन-०१-५३६७७१७ | इमेल : editorial@abhiyan.com.np | मुद्रक : समा पेपर्स एण्ड पब्लिकेसन लि., भैंसेपाटी, ललितपुर